
जेठ - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क ४ | २०८० जेठ १६-३२ | पूर्णाङ्क ७४२



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| इजलास नं. १ | १५ | इजलास नं. ६ | ८ |
| इजलास नं. २ | ७ | इजलास नं. ७ | १३ |
| इजलास नं. ३ | ७ | इजलास नं. ८ | ३ |
| इजलास नं. ४ | ७ | इजलास नं. १० | ५ |
| इजलास नं. ५ | ९ | इजलास नं. ११ | १ |
| **जम्मा** | **४५** | **जम्मा** | **३०** |

**कूल जम्मा ४५ + ३० = ७५**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, जेठ – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| इजलास नं.१ | | | १ - १४ |
| १. | उत्प्रेषणयुक्त परमादेश | बिनिता पाण्डे वि. सम्माननीय कुलपति, पूर्वाञ्चल विश्वविद्यालयसमेत | १ |
| २. | बन्दी प्रत्यक्षीकरण | विजयराज तुलाधर वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत | २ |
| ३. | लेनदेन | तुल्सी थापा वि. देवेन्द्रमान प्रधान | ३ |
| ४. | लेनदेन | मानबहादुर वली वि. गुरूप्रसाद घर्ती | ४ |
| ५. | बन्दी प्रत्यक्षीकरण | प्रेमा कुमारी गिरी वि. बारा जिल्ला अदालतसमेत | ५ |
| ६. | बन्दी प्रत्यक्षीकरण | रिखीराम भन्ने ऋषिराम कुमाल (परिवर्तित नाम सनम) को हकमा अजय शंकर झा "रूपेस" वि. गुल्मी जिल्ला अदालत | ६ |
| ७. | बन्दी प्रत्यक्षीकरण | अमित मेहताको तर्फबाट प्रेमा कुमारी गिरी वि. बारा जिल्ला अदालतसमेत | ८ |
| ८. | कर्तव्य ज्यान | फुलगेन मण्डल धानुक वि. नेपाल सरकार, नेपाल सरकार वि. जुगेश्वर मण्डल धानुकसमेत | ९ |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गमबहादुर थापा | १० |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. निमबहादुर रेश्मी मगर | १० |
| ११. | जबरजस्ती करणी | नेपाल सरकार वि. नरेन भन्ने रावण दास | ११ |
| १२. | आगो लगाई कर्तव्य ज्यान | मनोज बस्नेत वि. नेपाल सरकार, नेपाल सरकार वि. मनोज बस्नेत | ११ |
| १३. | बन्दी प्रत्यक्षीकरण | अशित सैबुको हकमा प्रतिक्षा सुवेदी वि. काठमाडौं जिल्ला अदालतसमेत | १२ |
| १४. | बन्दी प्रत्यक्षीकरण | दिलिप कुमार चौधरी वि. काठमाडौं जिल्ला अदालत, तहसिल शाखासमेत | १३ |
| १५. | बन्दी प्रत्यक्षीकरण | शम्शेर भन्ने सूर्य विश्वकर्मा वि. झापा जिल्ला अदालत तहसिल शाखासमेत | १४ |
| इजलास नं. २ | | | १४ – १८ |
| १६. | उत्प्रेषणसमेत | राजेन्द्र सुनार वि. प्रहरी प्रधान कार्यालयसमेत | १४ |
| १७. | हर्जाना, क्षतिपूर्ति दिलाइपाऊँ | शम्भुप्रसाद नेपाल वि. सुनसरी, मोरङ सिंचाइ योजनासमेत | १५ |
| १८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विष्णुबहादुर राउत | १६ |

| | | | |
|---|---|---|---|
| १९. | बन्दी प्रत्यक्षीकरण | हिरो भन्ने जयराम चौधरी वि. कैलाली जिल्ला अदालत | १७ |
| २०. | निषेधाज्ञा | नाजो खातुन वि. वेचु मन्सुरीसमेत | २० |
| २१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. सबिन तिमल्सिना | १७ |
| २२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भरत थापा वि. नेपाल सरकार | १८ |
| **इजलास नं. ३** | | | **१८ – २३** |
| २३. | लागु औषध (ब्राउनसुगर) | नेपाल सरकार वि. बिक्की भन्ने प्रदिप कुर्मीसमेत | १८ |
| २४. | कर्तव्य ज्यान | विजय सहनी वि. नेपाल सरकार, नेपाल सरकार वि. श्रीलाल सहनी मलाह | १९ |
| २५. | बन्दी प्रत्यक्षीकरण | भुवन सेनसमेत वि. जिल्ला प्रहरी कार्यालय, बागलुङसमेत | २० |
| २६. | उत्प्रेषणयुक्त परमादेश | हायात रिजेन्सी होटलसमेत वि. श्रम अदालतसमेत | २१ |
| २७. | उत्प्रेषणयुक्त परमादेश | हायात रिजेन्सी होटलसमेत वि. श्रम अदालतसमेत | २१ |
| २८. | जबरजस्ती करणी | गोविन्द क्षेत्री भन्ने हुमबहादुर क्षेत्री वि. नेपाल सरकार | २२ |
| २९. | बन्दी प्रत्यक्षीकरण | दिलिपकुमार साहको हकमा लक्ष्मीकुमारी साह वि. सिराहा जिल्ला अदालत | २३ |
| **इजलास नं. ४** | | | **२३ – २९** |
| ३०. | बन्दी प्रत्यक्षीकरण | साईमन जोशीको हकमा सनिस जोशी वि. भक्तपुर जिल्ला अदालतसमेत | २६ |
| ३१. | शेषपछिको बकसपत्र | लक्ष्मीदेवी महर्जनसमेत वि. सुरेश श्रेष्ठसमेत | २४ |
| ३२. | परमादेश | सुजित आलेमगर वि. अपराध अनुसन्धान महाशाखा, टेकुसमेत | २५ |
| ३३. | अपहरण तथा शरीर बन्धक | लक्ष्मण ठाकुर वि. नेपाल सरकार, विकास राई वि. नेपाल सरकार | २५ |
| ३४. | लागु औषध | नेपाल सरकार वि. राजु मनसुली | २७ |
| ३५. | बन्दी प्रत्यक्षीकरण | होमबहादुर गुरूङ वि. राजस्व न्यायाधिकरण पुल्चोकसमेत | २७ |
| ३६. | अंश दिलाई सम्बन्ध विच्छेद | यमराज तामाङसमेत वि. सानु तामाङ (गुरूङ) | २८ |
| **इजलास नं.५** | | | **२९ – ३५** |
| ३७. | अवैध रूपमा रेड पाण्डाको छाला ओसारपसार तथा बिक्री वितरण | नेपाल सरकार वि. गणेश गुरूङसमेत | २९ |

| | | | |
|---|---|---|---|
| ३८. | उत्प्रेषण, परमादेश | प्रधान डायग्नोष्टिक सेन्टर प्रा.लि. बिर्तामोडसमेत वि. माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीसमेत | २९ |
| ३९. | लिखत दर्ता बदर | मिना पाण्डे वि. रवी खड्गीसमेत | ३० |
| ४०. | उत्प्रेषण | रामशरण श्रेष्ठसमेत वि. मालपोत कार्यालय डिल्लीबजारसमेत | ३१ |
| ४१. | परमादेश | विनाराम खड्का वि. नेपालगन्ज नगर विकास समितिको कार्यालयसमेत | ३१ |
| ४२. | परमादेश | नेशन राई वि. नेपाल मेडिकल काउन्सिल बाँसबारीसमेत | ३२ |
| ४३. | परमादेश | ध्रुव डंगोल वि. गृह मन्त्रालय सिंहदरबारसमेत | ३३ |
| ४४. | परमादेश | रूपक पहरीसमेत वि. गृह मन्त्रालयसमेत | ३३ |
| ४५. | अंश नामसारी | रामकृपाल पासी वि. रामरेखा पासीसमेत वि. रामरेखा पासी वि. रामकृपाल पासी | ३४ |
| **इजलास नं.६** | | | ३५ – ४३ |
| ४६. | उत्प्रेषण मिश्रित परमादेश | दिपकबहादुर पाण्डे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ३५ |
| ४७. | लागु औषध (गाँजा) | नेपाल सरकार वि. रामहरि भन्ने लोकनाथ घिमिरे | ३६ |
| ४८. | जबरजस्ती करणी | माधव भट्टराई वि. नेपाल सरकार | ३७ |
| ४९. | निषेधाज्ञा | प्रेमबहादुर शाही वि. मिश्री शाही | ३८ |
| ५०. | कर्तव्य ज्यान | प्रेम प्रजा वि. नेपाल सकार | ३९ |
| ५१. | बन्दी प्रत्यक्षीकरण | चन्द्रबहादुर तामाङ वि. धादिङ जिल्ला अदालत, धादिङबेशीसमेत | ३९ |
| ५२. | बन्दी प्रत्यक्षीकरण | राज सापकोटा (सुनार) को हकमा पुरूषोत्तम अर्याल वि. महान्यायाधिवक्ताको कार्यालयसमेत | ४० |
| ५३. | कर्तव्य ज्यान | शिवहरि घिमिरे वि. नेपाल सरकार | ४२ |
| **इजलास नं.७** | | | ४३ – ५८ |
| ५४. | जबरजस्ती करणी | नेपाल सरकार वि. परिवर्तित नाम ४६ वीरेन्द्रनगर D | ४३ |
| ५५. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. अशोक थापा | ४५ |
| ५६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पदम निरौलासमेत | ४६ |
| ५७. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. सुष्मा चौधरी भन्ने सुर्जीकुमारी माझी थारूसमेत | ४६ |

| | | | |
|---|---|---|---|
| ५८. | जबरजस्ती करणी | नेपाल सरकार वि. शिउबहादुर भन्ने शिउ बाहार लोध | ४७ |
| ५९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. अनिल बुढाथोकी भन्ने गमबहादुर बुढाथोकीसमेत | ४८ |
| ६०. | बन्दी प्रत्यक्षीकरण | राजु पौडेल भन्ने महेन्द्र भण्डारी वि. उच्च अदालत विराटनगर, इलाम इजलाससमेत | ४९ |
| ६१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रविचन्द्र भन्ने रविन हायू | ५० |
| ६२. | बन्दी प्रत्यक्षीकरण | DOUGLAS AMOBI OKOROIGWE वि. अध्यागमन विभाग कालिकास्थान, काठमाडौंसमेत | ५२ |
| ६३. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम फुलमाया वि. सिराहा जिल्ला अदालत | ५३ |
| ६४. | अदालतको अवहेलनामा कारबाही गरी फैसला कार्यान्वयन गरिपाउँ | रामचन्द्र शाहसमेत वि. नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाडौंसमेत | ५३ |
| ६५. | कर्तव्य ज्यान | मीरा के.सी. वि. नेपाल सरकार, नेपाल सरकार वि. ज्ञानबहादुर राईसमेत | ५४ |
| ६६. | बन्दी प्रत्यक्षीकरण | मधुराम प्रधानाङ्ग वि. जिल्ला प्रहरी कार्यालय, भक्तपुरसमेत | ५७ |

| **इजलास नं.८** | | | **५८ – ६१** |
|---|---|---|---|
| ६७. | लिखत बदर दर्ता | रमा त्रिपाठी चिमौरियासमेत वि. लक्ष्मीप्रसाद पाध्या चिमौरियासमेत | ५८ |
| ६८. | लागु औषध (खैरो हेरोइन) | सुरेश कार्की वि. नेपाल सरकार | ५९ |
| ६९. | उत्प्रेषणयुक्त परमादेशसमेत | नवराज दाहालसमेत वि. नेपाल आयल निगम लिमिटेडको कार्यालय बबरमहलसमेत | ६० |
| **इजलास नं.१०** | | | **६१ – ६७** |
| ७०. | ठगी | रामबहादुर कार्की वि. नेपाल सरकार, नेपाल सरकार वि. सरस्वती गौतम | ६१ |
| ७१. | मोटरसाइकल चोरी | नेपाल सरकार वि. नकस पुन | ६१ |
| ७२. | रहजनी चोरी | सिकिन्दर यादव वि. नेपाल सरकार, सुदिलाल यादव वि. नेपाल सरकार | ६२ |
| ७३. | अपहरण तथा शरीर बन्धक, डाँका | राजु थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. राजु थापा | ६३ |
| ७४. | बन्दी प्रत्यक्षीकरण | गोपालप्रसाद ढुंगेल वि. उच्च अदालत पाटनसमेत | ६६ |
| **इजलास नं.११** | | | **६७ – ६८** |
| ७५. | मानव बेचबिखन ओसारपसार | दुर्गाबहादुर वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. दुर्गाबहादुर वि.क. | ६७ |

## इजलास नं. १

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७६-WO-०५१०, उत्प्रेषणयुक्त परमादेश, बिनिता पाण्डे वि. सम्माननीय कुलपति, पूर्वाञ्चल विश्वविद्यालयसमेत*

Viva-Voce Exam दिने कार्य Thesis बुझाएपछि मात्र हुने हुन्छ । यी दुवै फरक कार्य हुन् । Thesis बुझाएपछि सोही दिन Viva-Voce Exam हुँदैन । यसका लागि विश्वविद्यालयले आवश्यक व्यवस्थापन मिलाउन लाग्ने समयसमेतलाई मध्येनजर गरी केही समयपछि Viva-Voce Exam हुनेगरी विश्वविद्यालयले मिति निर्धारण गरी सम्बन्धित विद्यार्थीले जानकारी पाउन सक्ने गरी सूचना प्रवाह गर्नुपर्ने हुन्छ । निर्धारित मितिमा Thesis बुझाउने र Viva-Voce Exam को लागि निर्धारित मितिमा सो Exam दिन उपस्थित हुने जिम्मेवारी विद्यार्थीको हो भने सो कार्यहरूका लागि समय निर्धारण गरी सम्बन्धितलाई सूचित गराउने जिम्मेवारी विश्वविद्यालयको हो । Thesis बुझाएपछि मेरो Viva-Voce Exam लिइदिनुपर्‍यो भनी विद्यार्थीले आफूलाई पायक परेको समयमा गई अनुरोध गर्नुपर्ने भन्ने हुँदैन । निवेदकले परीक्षाफल प्रकासित भएको मिति २०७४/१२/७ बाट तीन महिनाको समयावधिभित्र Thesis नबुझाएको भनी विपक्षी विश्वविद्यालयले भन्न सकेको देखिँदैन । त्यस्तै Thesis बुझाएपछि परीक्षाफल प्रकासित भएको तीन महिनाभित्रको समय सीमाभित्र पर्ने गरी Viva-Voce Exam को मिति निर्धारण गरी सूचना प्रवाह गरिएकोमा यी निवेदक उक्त मितिमा सो Exam दिन उपस्थित नभएको भनेर पनि विपक्षीले भन्न सकेको देखिँदैन । विपक्षी विश्वविद्यालयले निजको Viva-Voce Exam परीक्षाफल प्रकासित भएको मितिले तीन महिनाभित्र सम्पन्न नभएकोले स्वर्ण पदकको लागि छनौट नगरिएको भनेर मात्र जिकिर लिएको पाइएको छ । यसबाट निवेदकले तीन महिनाभित्रको समय सिमाभित्र नै Thesis बुझाएको तर विश्वविद्यालयले उक्त तीन महिनाको समयावधिभित्र Viva-Voce Exam को लागि मिति निर्धारण नगरिदिएको कारणबाट सो Exam ढिला सम्पन्न हुन गएको मान्नुपर्ने हुन्छ । Viva-Voce Exam सम्पन्न नभएको भन्नेबाहेक निवेदकले स्वर्ण पदक प्राप्त नगर्ने भन्ने कुनै आधार कारण विपक्षीले देखाउन सकेको पाइँदैन । यसरी केवल Viva लिएको मितिलाई आधार मानेर नियमित विद्यार्थी नमानी पदक प्रदान गर्नबाट निवेदकलाई बञ्चित गरिएको कार्यलाई न्यायोचित मान्न मिल्दैन । विपक्षीहरूको यस्तो कार्यबाट सर्वोत्तम अङ्क ल्याएकोमा नियमानुसार आफूले पाउनुपर्ने पदकबाट विद्यार्थी बञ्चित हुनु परी निजको वैध अपेक्षामा अनुचित असर परेको र निजको हक अधिकारमा समेत प्रतिकूल असर पर्न आएको देखिन आयो । त्यसैले यी निवेदक बिनिता पाण्डेले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त काठमाडौं स्कूल अफ ल, भक्तपुरबाट शैक्षिक वर्ष (सन् २०१५-२०१७) को कानूनको स्नातकोत्तर तह (LL.M.) मा नियमित रूपमा परीक्षा दिई ८१.८८ प्रतिशत अङ्क प्राप्त गरी सर्वोत्कृष्ट स्थान हासिल गरेको देखिएकोले सर्वोत्कृष्ट अङ्क ल्याएको विद्यार्थीलाई विश्वविद्यालयबाट प्रदान गरिने स्वर्ण पदक निजलाई नै प्रदान गर्नुपर्ने देखियो । स्वर्ण पदक निजलाई प्रदान नगरी निजभन्दा कम अङ्क ल्याएको विद्यार्थी विपक्षी सोफिया अधिकारीलाई प्रदान गर्ने गरी भएको निर्णय तथा सोसम्बन्धी काम कारबाही मिलेको देखिन आएन । पदक विपक्षी सोफिया अधिकारीलाई प्रदान गरिसकेको भनी विपक्षी विश्वविद्यालयले लिखित जवाफमा उल्लेख गरेको भए पनि यी निवेदकले पाउनुपर्ने उक्त स्वर्ण पदक निज सोफिया अधिकारीलाई प्रदान गरिएकोले मान्यता नपाउने हुँदा यसबाट यी निवेदलाई पदक प्रदान गर्न

कुनै बाधा पर्ने नदेखिने।

निवेदक बिनिता पाण्डेले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त काठमाडौं स्कूल अफ ल, भक्तपुरबाट शैक्षिक वर्ष (सन् २०१५-२०१७) को कानूनको स्नातकोत्तर तह (LL.M.) मा नियमित रूपमा परीक्षा दिई ८१.८८ प्रतिशत अङ्क प्राप्त गरी सर्वोत्कृष्ट स्थान हासिल गरेको देखिएको अवस्थामा निजले विश्वविद्यालयमा बुझाउनुपर्ने शोधपत्र (Thesis/ Dissertation) को Viva-Voce Exam ढिला गरी सम्पन्न भएको भन्ने आधारमा निजलाई स्वर्ण पदक प्रदान नगरी निजभन्दा कम अङ्क प्राप्त गर्ने विपक्षी सोफिया अधिकारीलाई स्वर्ण पदक प्राप्त गर्ने गरी भएको निर्णय, सूचना, तथा सोसम्बन्धी अन्य काम कारबाहीहरू युक्तिसङ्गत नभई सोबाट यी निवेदकको हकाधिकार र वैध अपेक्षामा प्रतिकूल असर पर्न गएको देखिएकोले उक्त निर्णय, सूचना, तथा सोसम्बन्धी अन्य काम कारबाहीहरूसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। यी निवेदक बिनिता पाण्डेलाई नियमित विद्यार्थी मानी विश्वविद्यालयको नियमबमोजिम प्रदान गरिने स्वर्ण पदक प्राप्त गर्नबाट बञ्चित नगरी निजलाई नियमानुसार स्वर्ण पदक प्रदान गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत(उपसचिव): यदुराज शर्मा

कम्प्युटर: कृष्णमाया खतिवडा(सुस्मिता)

इति संवत् २०७८ साल असोज १८ गते रोज २ शुभम्।

## २

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०३५०, बन्दीप्रत्यक्षीकरण, विजयराज तुलाधर वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत*

काठमाडौं जिल्ला अदालतले निवेदकलाई मिसिल प्रमाणको रोहमा सम्बन्धित कानूनी व्यवस्था अनुसार थुनामा राख्ने गरी आदेश भएको तथ्यमा विवाद भएन । तथापि सो आदेश बदरका लागि निवेदकले उच्च अदालतमा निवेदन दिएको र उच्च अदालतले समेत जिल्ला अदालतबाट भएको आदेश सदर भएबाट सुरू काठमाडौं जिल्ला अदालतले यी निवेदकलाई थुनामा राख्ने गरी गरेको आदेश पुनरावेदन तहमा परीक्षणसमेत भएको देखिन्छ।यसको नियमित प्रक्रिया मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम पुनरावेदन सुन्ने अदालतमा दिइने निवेदन भएकाले यी रिट निवेदकले उच्च अदालत पाटनमा समेत निवेदन दिई जिल्ला अदालतबाट भएको आदेशसमेत कानूनसम्मत भई सदर भएको देखिएको।

रिट निवेदक प्रतिवादी भएको ठगी कसुरको आरोपमा काठमाडौं जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेको देखिएको र कानूनबमोजिम थुनामा राखेको अवस्था देखिन आयो । निवेदकले एउटै विषयमा बन्दीप्रत्यक्षीकरणको आदेश माग गरी दोस्रो पटक यस अदालतमा रिट निवेदन दायर गरेको देखिन्छ । एकपटक उल्लिखित रिट निवेदनमा यी निवेदक प्रतिवादी थुनामा रहेको विषयमा एकपटक यस अदालतबाट परीक्षण भई कानूनबमोजिम थुनामा रहेको भनी बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज भएको र सोही विषय उल्लेख गरी प्रस्तुत रिट निवेदन दायर भएको देखिएको।

मुद्दाको कारबाहीको सिलसिलामा अदालतको आदेशबमोजिम न्यायिक थुना (Judicial custody) मा रहेको थुनालाई गैरकानूनी भन्न नमिल्ने भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने भनी न्यायिक सिद्धान्तहरूसमेत प्रतिपादित भएका छन् । यसरी भएको उक्त आदेशमा कानूनको उचित प्रयोगमा गम्भीर र प्रत्यक्ष त्रूटि देखिन आएन। यसबाट कानूनबमोजिम सक्षम अदालतको आदेशबमोजिम भएको थुनालाई गैरकानूनी थुना भनी मान्न नमिल्ने भएकोले निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत रिट निवेदन

खारेज हुने।
इजलास अधिकृत: प्रकाश सुवेदी
कम्प्युटर : कृष्णमाया खतिवडा
इति संवत् २०७८ साल जेष्ठ १९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७४-CI-०३७४, लेनदेन, तुल्सी थापा वि. देवेन्द्रमान प्रधान*

पुनरावेदक / प्रतिवादीले प्रत्यर्थी / वादीबाट मिति २०६७।८।१० मा रू. १७,००,०००/- तथा मिति २०६७ साल मंसिर महिनासम्म उल्लेख गरी गते उल्लेख नगरी रू. ३,००,०००/- ऋण लिएको मिसिल सामेल रहेको लिखतको प्रतिलिपिबाट देखिएको छ । पहिलो लिखत अनुसारको रू.१७,००,०००/- आफूले लिएको भनी पुनरावेदक/प्रतिवादीले स्वीकार नै गरेको अवस्था छ भने दोस्रो लिखत अनुसारको रू. ३,००,०००/- आफूले नलिएको भनी पुनरावेदकले जिकिर लिएपनि सोमा भएको सहीछापलाई प्रतिवादीले आफ्नो नभएको भनी इन्कार गर्न सकेको पाइँदैन । अन्यथा प्रमाणित नभएसम्म सामान्यतः सहीछाप गरी तमसुक गरिदिने व्यक्तिले तमसुक अनुसारको रकम लिए बुझेको नै हुन्छ र सो अनुसारको साँवा ब्याज बुझाउने दायित्व पनि सोही तमसुक गरिदिने व्यक्तिउपर नै रहन जाने हुन्छ । रू. ३,००,०००/ को भनिएको पछिल्लो तमसुकको मितिमा गते उल्लेख नभएको भनी प्रतिवादीले जिकिर लिए पनि गते मात्र उल्लेख नभएको आधारमा सो तमसुक झुट्टा हो भनी भन्न सकिदैन । सो तमसुक आफूले नगरिदिएको, आफूलाई झुक्यानमा पारी तयार गरेको वा तमसुक अनुसारको रकम आफूले नबुझेको अर्थात् उक्त तमसुकलाई अन्यथा मान्नुपर्ने कुनै जिकिर पुनरावेदकले लिन नसकेको र उक्त तमसुकलाई अन्यथा मान्नुपर्ने कुनै कारण रहेभएकोसमेत कहिँकतैबाट नदेखिएको अवस्थामा सो तमसुक अनुसारको रकम पुनरावेदकले नलिएको र निजले तिर्न बुझाउन नपर्ने भनी भन्न मिलेन । त्यसैले पुनरावेदक/प्रतिवादीले प्रत्यर्थी/वादीबाट विभिन्न मितिमा गरी रू. २०,००,०००/- ऋण लिएको र सो ऋणको साँवा र कानून अनुसारको ब्याज वादीलाई तिर्न बुझाउनुपर्ने दायित्व प्रतिवादीको रहेको प्रस्ट हुन जाने।

पुनरावेदक/प्रतिवादीले आफूले ऋण लिएको सम्पूर्ण रकम वादीलाई तिरी बुझाइसकेको भनी जिकिर लिएको पाइन्छ। यस सम्बन्धमा हेर्दा, यी पुनरावेदकले प्रत्यर्थीलाई रकम बुझाई नियमित रूपमा हिसाब राखी रकम बुझिलिएको वादीको हस्ताक्षरसमेत भएको टिपोटलाई हेर्दा सो टिपोटमा बिभिन्न मितिमा रकम बुझाएको र अन्त्यमा हालसम्मको बाँकी सम्पूर्ण हिसाब भनी रू. १३,१५,०००/- उल्लेख भएको पाइन्छ । सोमा यी प्रत्यर्थी/वादीको पनि सहीछाप रहेको देखिएको छ। तत्पश्चात् पुनरावेदकले रू. ५,००,०००/- प्रत्यर्थी/वादीको Global IME बैंकमा रहेको खातामा जम्मा गरिदिएको देखियो । वादी पक्षलाई सो टिपोट र बैंक भौचरका सम्बन्धमा मुलुकी ऐन, अ.बं. ७८ नं. बमोजिम बयान गराउँदा टिपोटमा भएको सही र बैंक भौचरलाई स्वीकार नै गरेको देखिएको र वादी प्रतिवादीका बिचमा अन्य कारोबारसमेत रहेको नदेखिएको अवस्थामा सो टिपोटमा बाँकी भनी उल्लेख गरेको रू. १३,१५,०००/- बाँकी ऋण रहेको र सोमध्य पनि रू. ५,००,०००/- सोही ऋण बापत नै वादीको बैंक खातामा जम्मा गरिदिएको स्पष्ट हुन आयो। यसरी रू. १३,१५,०००/- बाँकी रकममा रू. ५,००,०००/ बैंक दाखिला गरेपश्चात् अब यी पुनरावेदकले प्रत्यर्थीलाई साँवा रू. ८,१५,०००/- तिर्न बुझाउन बाँकी रहेको देखिन आउँछ । यस्तो अवस्थामा प्रत्यर्थी/वादीले पुनरावेदक/प्रतिवादीबाट साँवा रू.८,१५,०००/- र सोको भरिभराउ हुँदासम्मको कानूनबमोजिमको ब्याज भराइपाउने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको

पैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

पुनरावेदकले दुईवटा तमसुकको विषयलाई लिएर एउटै फिराद दिन नमिल्ने भनी जिकिर लिए पनि अ.बं ७२ नं. मा ... एउटै फिरादपत्रमा एउटै मानिसले एउटै मानिसउपर जतिसुकै झगडाका विषयको कुरा लेखी ल्याएको र जतिसुकै मानिसले जतिसुकै मानिसउपर एउटै झगडाको विषयको कुरा लेखी ल्याएको भएपनि लिई सोबमोजिम सबै कुराको सोही फिरादपत्रबाट इन्साफ गर्नुपर्छ ... भन्ने कानूनी व्यवस्था रहेको छ । यसबाट एउटा व्यक्तिले एक व्यक्तिउपर निजले गरिदिएको दुई वटा तमसुकका सम्बन्धमा एउटा फिराद दिन नमिल्ने हुँदैन । त्यसैले एउटै फिरादबाट दुई तमसुकको विषयमा फैसला गरेकोलाई अन्यथा भन्न सकिने अवस्था नदेखिने।

प्रत्यर्थी/वादी देवेन्द्रमान प्रधानले पुनरावेदक/प्रतिवादी तुल्सी थापाबाट साँवा रू. ८,१५,०००/ र सोको भरिभराउ हुँदासम्मको कानूनबमोजिमको ब्याज भराइपाउने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट मिति २०७०/९/२२ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२/१२/४ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने।

इजलास अधिकृत (उपसचिव): यदुराज शर्मा
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७८ साल साउन १९ गते रोज ३ शुभम्।

## ४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७३-CI-०१३६, लेनदेन, मानबहादुर वली वि. गुरूप्रसाद घर्ती*

पुनरावेदक/प्रतिवादी मानबहादुर वलीले ०६१ चैत्र मसान्तभित्र साँवा ब्याज बुझाउने गरी प्रत्यर्थी/वादी गुरूप्रसाद घर्तीबाट मिति २०६१/१/४ गतेका दिन रू.१,५०,०००/- (एक लाख पचास हजार) कर्जा लिई तमसुक गरिदिएको देखिन्छ । यस तथ्यलाई यी पुनरावेदकले आफ्नो प्रतिउत्तरमा र अ.बं.७८ नं. बमोजिम बयान गर्दासमेत स्वीकार गरेको नै पाइन्छ । निजले अदालतसमक्ष तमसुक सद्दे भएको र सो तमसुकको रकम आफूले लिएको भनी स्वीकार गरे पनि वादी दाबीको रकम वादीको छोरा सुन्दर घर्तीलाई बुझाएकोले तिर्नु नपर्ने हो भन्ने जिकिर लिएको पाइन्छ । निज सुन्दर घर्तीले तमसुक फेला नपरेकोले तमसुकमा उल्लेख भएको रकम मानबहादुर वलीबाट बुझिलिएँ भनी मिति ०६६/८/७ गतेमा भरपाईसमेत गरिदिएको देखिन्छ । सो भरपाईमा भएको दस्तखत पनि निज सुन्दर घर्तीको नै रहे भएको भन्ने रेखा तथा लेखा जाँचबाट देखिन आएको छ । यसरी वादीको छोरा सुन्दर घर्तीले तमसुकबमोजिमको साँवा ब्याजको रकम यी पुनरावेदकबाट बुझिलिएको पुष्टि भएको भए तापनि निज सुन्दर घर्तीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि हेर्दा निजको जन्म मिति २०५१/६/१० गते भएको देखिन आउँछ । यसबाट निजले रकम बुझी भरपाई गरिदिँदाको अवस्थामा निज १६ वर्ष उमेर पूरा नभएको पाइन्छ । मुलुकी ऐन, लेनदेन व्यवहारको १८ नं.मा सोह्र वर्ष नपुगेका नाबालकले गरेको लेनदेन व्यवहार सदर ठहर्दैन । त्यसको धनको हिफाजत गर्ने मानिससमेतको सहीछाप गराएको रहेछ भने मात्र सदर ठहर्छ भन्ने कानूनी व्यवस्था रहेको छ । यस कानूनी व्यवस्था अनुसार सोह्र वर्ष उमेर नपुगेको नाबालकले निजको धनको हिफाजत गर्ने व्यक्तिको रोहबरमा निजकोसमेत सहीछाप गराई लेनदेनको रकम बुझिलिएको अवस्थामा मात्र त्यसले कानूनी मान्यता पाउने देखिन आउँछ। अन्यथा रकम लिए दिएको रहेछ भनी कानूनी रूपमा भन्न मिल्ने नदेखिने।

मुलुकी ऐन, लेनदेन व्यवहारको ५ नं. मा असामीले साहुलाई तमसुक अनुसारको साँवा ब्याज बुझाउँदा सोसम्बन्धी असामीले गरिदिएको लिखत फट्टा गराई वा सोही लिखतमा असुली जनाउन लगाई बुझाउनुपर्छ । कुनै कारणले सो लिखत फेला

नपरेमा सोही बेहोरा जनाई साहुबाट भरपाई गराई लिनुपर्छ भन्ने उल्लेख भएबाट ऋण लिएको साँवा र सोको ब्याज साहुलाई नै बुझाउनु पर्ने र साहुबाट नै भरपाई गराउनुपर्ने भन्ने देखिन्छ । यस व्यवस्थाबाट कानूनमा अन्यथा उल्लेख भएको अवस्था बाहेकको सामान्य अवस्थामा साहुबाहेक अरूलाई साँवा ब्याज बुझाएको अर्थात् सो बुझाएको भरपाई अन्य व्यक्तिबाट गराएकोले मान्यता पाउने देखिँदैन । प्रस्तुत मुद्दामा पुनरावेदकले साँवा ब्याजको रकम स्वयं साहुलाई बुझाई साहुको भरपाई गरी राखेको अवस्था नभई साहुको सोह्र वर्ष उमेर नपुगेको छोरालाई बुझाई भरपाई गरी लिएको देखिन्छ । सो रकम बुझाई भरपाई गराउँदा निज नाबालकको धनको हिफाजत गर्ने व्यक्ति अर्थात् संरक्षकलाई रोहबरमा राखेको पनि देखिन आउँदैन । यसरी रकम बुझाई भरपाई गराएको लाई कानूनले मान्यता दिएको नदेखिएकोले पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न सकिने देखिन नआउने ।

पुनरावेदक/प्रतिवादी मानबहादुर वलीबाट प्रत्यर्थी/वादी गुरूप्रसाद घर्तीले लिखतबमोजिमको साँवा ब्याज भरिपाउने ठहऱ्याई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७२/२/२७ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७२/१०/११ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने ।

इजलास अधिकृत (उपसचिव): यदुराज शर्मा

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७८ साल साउन १९ गते रोज ३ शुभम् ।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७८-WH-००१६, बन्दीप्रत्यक्षीकरण, प्रेमा कुमारी गिरी वि. बारा जिल्ला अदालतसमेत*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ बमोजिम सुविधा प्रदान गरी मुद्दाको कारबाही र किनारा गरिपाउँ भन्ने निवेदन माग सम्बन्धमा विचार गर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ मा खास अवधिभित्र मुद्दा फैसला नभएमा थुनाबाट छोड्न सकिने भनी सोको उपदफा (१) मा "यस परिच्छेदबमोजिम पुर्पक्षको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तारेख तोकिएको मितिले एक वर्षभित्र मुद्दाको किनारा हुन नसकेमा त्यस्तो अभियुक्तलाई थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कारबाही र किनारा गर्न सकिने छ" भन्ने उल्लेख गरेको देखिन्छ । यस व्यवस्थाअनुसार थुनामा राखिएको व्यक्तिको हकमा प्रमाण बुझ्न पहिलो पटक तारेख तोकिएको मितिले एक वर्षभित्र मुद्दा फैसला नभए धरौटी वा जमानत लिई मुद्दाको कारबाही किनारा गर्न सक्ने गरी अदालतलाई स्वविवेकाधिकारको प्रयोग गर्न सक्ने गरी अधिकार दिएको पाइन्छ । स्वविवेकाधिकारको प्रयोग गर्दा उचित र वस्तुगत हुनुपर्दछ । उक्त कानूनी व्यवस्थाबमोजिम थुनाबाट छोडी धरौटी वा जमानतमा राख्न थुनामा राख्ने अदालतले फैसला गर्न अनुचित रूपमा विलम्ब गरेको देखिनुपर्छ । अर्थात् गर्नुपर्ने काम यथासमयमा नगरी मुद्दा एक वर्षभित्र फैसला हुन नसकेको देखिनुपर्ने हुन्छ । यसरी विवेचित कानूनी व्यवस्थामा धरौटी वा जमानत लिई मुद्दाको कारबाही र किनारा गर्न 'सकिने छ' भन्ने उल्लेख गरेकोबाट उक्त प्रावधान बाध्यकारी नभएको देखिन्छ । हाल विश्वव्यापी रूपमा व्याप्त रहेको नोबेल कोरोना भाइरसका कारणबाट नेपालसमेत अछुतो रहन नसकेको अवस्थामा नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीबाट समेत समयमा न्याय निरूपण हुन नसकेको अवस्था जगजाहेर नै देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७८ मा थुनामा राख्न सकिने अधिकतम अवधिअन्तर्गत "यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको

भए तापनि अभियुक्तलाई निजउपर लगाइएको अभियोग प्रमाणित भएमा हुनसक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखिने छैन" भन्नेसमेत कानूनी व्यवस्था उल्लेख गरेको देखिन्छ । प्रतिवादी रघुना प्रसाद साह कानुलाई सरकारी कागजात किर्ते तथा सङ्गठित ठगीको कसुरअन्तर्गत मुद्दा दायर भएको देखिन्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ मा ठगी गर्न नहुने भनी सोही दफाको उपदफा (३) मा ठगीको कसुर गर्नेलाई सजायको व्यवस्था गरेको देखिन्छ । सोही (३) (ग) मा "खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेकका अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना" हुने भनी र किर्तेतर्फ दफा २७६ मा किर्ते गर्न नहुने भनी सोही दफाको उपदफा (३) (ग) मा "सरकारी वा सार्वजनिक लिखत किर्ते गर्नेलाई सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना" हुन सक्ने भनी सजाय तोकेको देखिन्छ । उक्त कानूनी व्यवस्थाबमोजिम अभियुक्तलाई निजउपर लगाइएको अभियोग प्रमाणित भएमा हुनसक्ने अधिकतम कैद सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखेकोसमेत देखिन आएन । मुलुकी फौजदारी कार्यविधि सहिंता, २०७४ को दफा ६७ को (१) (ख) मा तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने कसुरमा अदालतले पुर्पक्षका लागि थुनामा राख्ने छ भनी व्यवस्था गरेको देखिन्छ । निज रघुनाथ प्रसाद साह कानुले सरकारी कागजात किर्ते गरी सोही किर्ते कागजलाई सद्दे हो भनी विभिन्न व्यक्तिहरूलाई झुक्यानमा पारी ठगीसमेत गरेकोले निजको विरूद्धमा मुद्दा दायर भएको र निजउपर लगाइएको अभियोग प्रमाणित भएमा निजलाई सात वर्षसम्म कैद हुने देखिएकोले निजलाई उपर्युक्त कानूनी व्यवस्था बमोजिमसमेत मुद्दा पुर्पक्षको लागि थुनामा रहेकोले निजको थुनालाई गैरकानूनी भन्न मिल्ने देखिन आएन । यसरी अदालतले अनुचित विलम्ब गरेको नभई आफ्नो कार्य गर्दा गर्दैको अवस्थामा ढिला हुन गएकोले निवेदनमा जिकिर लिएजस्तो मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ को कानूनी व्यवस्था लागु हुन सक्ने देखिँदैन । बाध्यकारी नभएको कानूनी प्रावधानलाई लिएर सङ्गठित अपराध अन्तर्गतको कसुरमा सक्षम अदालतबाट मुद्दाको रोहमा कारबाही भइरहेको अवस्थामा थुनामा राखेको देखिएकोले निज रघुनाथ प्रसाद साह कानुलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेश र सोबमोजिम भए गरेका कामकारबाही कानूनबमोजिम नै भएको देखिन आउने ।

रघुनाथ प्रसाद साह कानुलाई मुद्दा पुर्पक्षको लागि थुनामा पठाएको कार्य कानूनसम्मत नै देखिएको र निवेदन मागबमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ बमोजिमको सुविधा दिने भन्ने कुरा बाध्यात्मक व्यवस्था नभएको, अदालतको स्वविवेकीय अधिकार भएकाले स्वविवेकीय अधिकारको प्रयोग गर्दा वस्तुगत र उचित देखिनुपर्ने साथै निज रघुनाथप्रसाद साह कानुउपरको कसुरको गाम्भीर्यसमेतलाई हेर्दा उक्त दफा आकर्षित हुन नसक्ने देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अपरिहार्यता देखिन आएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७८ साल भाद्र २२ गते रोज ३ शुभम् ।

## ६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७८-WH-००३६, बन्दीप्रत्यक्षीकरण, रिखीराम भन्ने ऋषिराम कुमाल (परिवर्तित नाम सनम) को हकमा अजय शंकर झा "रूपेस" वि. गुल्मी जिल्ला अदालत*

रिखीराम भन्ने ऋषिराम कुमाल (परिवर्तित नाम सनम) लाई विभिन्न पाँच थान नकबजनी चोरी मुद्दामा जरिवाना रू.१,००,०००।- हुने ठहराएको देखिन्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ मा जरिवानाबापत कैद गर्न सकिने भन्ने व्यवस्था रहेकोले सो कानूनी व्यवस्थाबमोजिम निजलाई बाल सुधार गृहमा राखेको देखिन्छ । तर जरिवाना नतिरेमा सोबापत नाबालिकलाई जरिवानाबापत कैद गर्नुपर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ को उपदफा (३) मा उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि अठार वर्ष उमेर नपुगेको बालबालिकाको हकमा जरिवानाबापत कैद गर्दा देहायबमोजिम गर्नुपर्ने छः- भन्ने उल्लेख गरी सोही खण्ड (ग) मा "चौध वर्ष उमेर पुगेको तर अठार वर्षभन्दा कम उमेर भएको व्यक्तिलाई उपदफा (२) बमोजिम कैद निर्धारण गर्दा अठार वर्ष उमेर पुगेको व्यक्तिलाई गर्नुपर्ने कैद सजायको आधाभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । त्यस्तै बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (३) मा "चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्था अनुसार निज रिखीराम भन्ने ऋषिराम कुमाल (परिवर्तित नाम सनम) लाई जरिवानाबापत कैद गर्दा ५ महिना १७ दिन कैद गर्नुपर्ने हुन्छ । कैद र जरिवानाबापत निजलाई २ वर्ष ५ महिना १७ दिन कैद हुने हुँदा निज मिति २०७५।७।४ देखि आजका मितिसम्म २/१०/१८ (दुई वर्ष दश महिना अठार दिन) बाल सुधार गृहमा बसेको देखिन्छ । यसरी निज रिखीराम भन्ने ऋषिराम कुमाल (परिवर्तित नाम सनम) लाई विवेचित कानूनी व्यवस्थाभन्दा बढी समय बाल सुधार गृहमा राखेको देखिँदा प्रस्तुत मुद्दामा थुनामा रहेका निज रिखीराम भन्ने ऋषिराम कुमाल (परिवर्तित नाम सनम) को हकमा थुनामा राख्ने कार्य कानूनबमोजिम भएको मान्न नमिल्ने ।

बालबालिकाको हकमा निजहरूको सर्वोत्तम हितका दृष्टिले आर्थिक दण्ड नगर्नु भनी बालबालिकाको हकमा आर्थिक दण्ड गर्नेसम्बन्धी कानूनहरूलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने माग छ । सो सम्बन्धमा यसै अदालतबाट ०७३-WH-००९५ को बन्दीप्रत्यक्षीकरणको मुद्दामा मिति २०७४।४।२५ मा बालबालिकाको सर्वोत्तम हित र कल्याणका लागि निजहरूले जरिवानाबापत थुना वा कैदमा बस्न नपर्ने गरी उपयुक्त वैकल्पिक व्यवस्था मिलाउन वाञ्छनीय देखिएकाले तदनुसार आवश्यक कानून निर्माण प्रक्रिया तत्काल अगाडि बढाउन नेपाल सरकारका नाउँमा निर्देशनात्मक आदेशसमेत जारी गरिएको स्थितिमा सोसम्बन्धी आवश्यक कानूनहरू हालसम्म पनि निर्माण भइसकेको देखिँदैन । निवेदन जिकिरबमोजिम बालबालिकाको हकमा आर्थिक दण्ड गर्नेसम्बन्धी प्रचलित कानूनहरू नेपालको संविधान प्रतिकूल भए सोका सम्बन्धमा संवैधानिक इजलासमा जान सक्ने निवेदकहरूको अधिकार सुरक्षित नै रहेकोले सो सम्बन्धमा यस इजलासले केही बोलिरहनुपर्ने नदेखिने ।

रिखीराम भन्ने ऋषिराम कुमाल (परिवर्तित नाम सनम) लाई जरिवानाबापत कैद ठेकी पठाएको गुल्मी जिल्ला अदालतको मिति २०७७।१।१८ को कैदीपुर्जी मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ को उपदफा (३) (ग) का साथै बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (३) मा विवेचित कानूनी व्यवस्थाको प्रतिकूल देखिएकोले उक्त कैदीपुर्जी उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अन्य मुद्दाको रोहमा थुनामा राख्नुपर्ने अवस्था नरहेमा प्रस्तुत मुद्दाको हकमा आजै थुनामुक्त गरिदिनु

भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७८ साल भाद्र २२ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७८-WH-००१०, बन्दीप्रत्यक्षीकरण, अमित मेहताको तर्फबाट प्रेमा कुमारी गिरी वि. बारा जिल्ला अदालतसमेत*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ बमोजिम सुविधा प्रदान गरी मुद्दाको कारबाही र किनारा गरिपाउँ भन्ने निवेदन माग सम्बन्धमा विचार गर्दा, उक्त मुलुकी फौजदारी कार्यविधि सहिंता, २०७४ को दफा ७७ मा खास अवधिभित्र मुद्दा फैसला नभएमा थुनाबाट छोड्न सकिने भनी सोको उपदफा (१) मा "यस परिच्छेदबमोजिम पुर्पक्षको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तारेख तोकिएको मितिले एक वर्षभित्र मुद्दाको किनारा हुन नसकेमा त्यस्तो अभियुक्तलाई थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कारबाही र किनारा गर्न सकिने छ" भन्ने उल्लेख गरेको देखिन्छ। यस व्यवस्था अनुसार थुनामा राखिएको व्यक्तिको हकमा प्रमाण बुझ्न पहिलो पटक तारेख तोकिएको मितिले एक वर्षभित्र मुद्दा फैसला नभए धरौटी वा जमानत लिई मुद्दाको कारबाही किनारा गर्न सक्ने गरी अदालतलाई स्वविवेकाधिकारको प्रयोग गर्न सक्ने गरी अधिकार दिएको पाइन्छ। स्वविवेकाधिकारको प्रयोग गर्दा उचित र वस्तुगत हुनुपर्दछ। उक्त कानूनी व्यवस्थाबमोजिम थुनाबाट छोडी धरौटी वा जमानतमा राख्न थुनामा राख्ने अदालतले फैसला गर्न अनुचित रूपमा विलम्ब गरेको देखिनुपर्छ। अर्थात् गर्नुपर्ने काम यथासमयमा नगरी मुद्दा एक वर्षभित्र फैसला हुन नसकेको देखिनुपर्ने हुन्छ। यसरी विवेचित कानूनी व्यवस्थामा धरौटी वा जमानत लिई मुद्दाको कारबाही र किनारा गर्न 'सकिने छ' भन्ने उल्लेख गरेकोबाट उक्त प्रावधान बाध्यकारी नभएको देखिन्छ। हाल विश्वव्यापी रूपमा व्याप्त रहेको नोबेल कोरोना भाइरसका कारणबाट नेपालसमेत अछुतो रहन नसकेको अवस्थामा नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीबाट समेत समयमा न्याय निरूपण हुन नसकेको अवस्था जगजाहेर नै देखिन्छ। मुलुकी फौजदारी कार्यविधि सहिंता, २०७४ को दफा ७८ मा थुनामा राख्न सकिने अधिकतम अवधिअन्तर्गत "यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्तलाई निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुनसक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखिने छैन" भन्नेसमेत कानूनी व्यवस्था उल्लेख गरेको देखिन्छ। प्रतिवादी अमित मेहतालाई सरकारी कागजात किर्ते तथा सङ्गठित ठगीको कसुरअन्तर्गत मुद्दा दायर भएको देखिन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ मा ठगी गर्न नहुने भनी सोही दफाको उपदफा (३) मा ठगीको कसुर गर्नेलाई सजायको व्यवस्था गरेको देखिन्छ। सोही (३) (ग) मा "खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेकका अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना" हुने भनी र किर्तेतर्फ दफा २७६ मा किर्ते गर्न नहुने भनी सोही दफाको उपदफा (३) (ग) मा "सरकारी वा सार्वजनिक लिखत किर्ते गर्नेलाई सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना" हुन सक्ने भनी सजाय तोकेको देखिन्छ। उक्त कानूनी व्यवस्थाबमोजिम अभियुक्तलाई निजउपर लगाइएको अभियोग प्रमाणित भएमा हुनसक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखेकोसमेत देखिन आएन। मुलुकी फौजदारी

कार्यविधि सहिंता, २०७४ को दफा ६७ को (१) (ख) मा तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने कसुरमा अदालतले पुर्पक्षका लागि थुनामा राख्ने छ भनी व्यवस्था गरेको देखिन्छ । निज अमित मेहताले सरकारी कागजात किर्ते गरी सोही किर्ते कागजलाई सद्दे हो भनी विभिन्न व्यक्तिहरूलाई झुक्यानमा पारी ठगीसमेत गरेकोले निजको विरूद्धमा मुद्दा दायर भएको र निजउपर लगाइएको अभियोग प्रमाणित भएमा निजलाई सात वर्षसम्म कैद हुने देखिएकोले निजलाई उपर्युक्त कानूनी व्यवस्थाबमोजिमसमेत मुद्दा पुर्पक्षको लागि थुनामा रहेकोले निजको थुनालाई गैरकानूनी भन्न मिल्ने देखिन आएन । यसरी अदालतले अनुचित विलम्ब गरेको नभई आफ्नो कार्य गर्दागर्दैको अवस्थामा ढिला हुन गएकोले निवेदनमा जिकिर लिएजस्तो मुलुकी फौजदारी कार्यविधि सहिंता, २०७४ को दफा ७७ को कानूनी व्यवस्था लागु हुन सक्ने देखिँदैन । बाध्यकारी नभएको कानूनी प्रावधानलाई लिएर सङ्गठित अपराधअन्तर्गतको कसुरमा सक्षम अदालतबाट मुद्दाको रोहमा कारबाही भइरहेको अवस्थामा थुनामा राखेको देखिएकोले निज अमित मेहतालाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेश र सोबमोजिम भए गरेका कामकारबाही कानूनबमोजिम नै भएको देखिन आउने ।

अमित मेहतालाई मुद्दा पुर्पक्षको लागि थुनामा पठाएको कार्य कानूनसम्मत नै देखिएको र निवेदन मागबमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ बमोजिमको सुविधा दिने भन्ने कुरा बाध्यात्मक व्यवस्था नभएको, अदालतको स्वविवेकीय अधिकार भएकाले स्वविवेकीय अधिकारको प्रयोग गर्दा वस्तुगत र उचित देखिनुपर्ने साथै निज अमित मेहताउपरको कसुरको गाम्भिर्यसमेतलाई हेर्दा उक्त दफा आकर्षित हुन नसक्ने देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अपरिहार्यता देखिन आएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७८ साल भाद्र २२ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७०-CR-०२७२, ०७०-CR-०९४१, कर्तव्य ज्यान, फुलगेन मण्डल धानुक वि. नेपाल सरकार, नेपाल सरकार वि. जुगेश्वर मण्डल धानुकसमेत*

प्रतिवादीहरू जुगेश्वर मण्डल र फुलगेन मण्डललाई तत्काल उठेको रिसले मृतक रामबाबुलाई बाँसको लाठाले संवेदनशील अंग टाउकोमा प्रहार गरेकोले रामबाबुको मृत्यु भएको बेहोरा प्रतिवादी जुगेश्वर मण्डलको अनुसन्धान अधिकारीसमक्ष भएको बयान तथा पोष्टमार्टम रिपोर्टसमेतबाट देखिन्छ भने प्रतिवादीहरू रामज्ञान मण्डल धानुक, राजकिशोर मण्डल धानुक, रामरतन मण्डल धानुक, रामचन्द्र मण्डल धानुक, रामचन्द्र साह सोनार, हविव कवारी मुसलमान, रामनन्दन ठाकुर हजाम, मुस्लिम कवारी मुसलमान, रामसोभित मण्डल धानुक, मुर्वा मुसहर, इल्यास कवारी मुसलमान र लप्ची मुसहरको पनि संलग्नतामा मृतक रामबाबुको मृत्यु भएको भन्ने कुनै ठोस एवं निर्विवाद प्रमाण पेस हुनसकेको नदेखिने ।

प्रतिवादीहरू रामज्ञान मण्डल धानुक, राजकिशोर मण्डल धानुक, रामरतन मण्डल धानुक, रामचन्द्र मण्डल धानुक, रामचन्द्र साह सोनार, हविव कवारी मुसलमान, रामनन्दन ठाकुर हजाम, मुस्लिम कवारी मुसलमान, रामसोभित मण्डल धानुक, मुर्वा मुसहर, इल्यास कवारी मुसलमान र लप्ची मुसहरको हकमा अभियोग दाबीबाट सफाइ पाउने गरी भएको फैसलालाई सदर तथा प्रतिवादीद्वय फुलगेन मण्डल र जुगेश्वर मण्डललाई ज्यानसम्बन्धी महलको ५ र

६ नं. को कसुर कायम गरी ऐ.को ६(४) नं. बमोजिम जनही २ वर्ष कैद र रू.५००।- जरिवाना गर्ने गरी मिति २०६१।५।७ र मिति २०६२।११।२९ मा सुरू महोत्तरी जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गरी प्रतिवादीद्वय फुलगेन मण्डल र जुगेश्वर मण्डललाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।३।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल फागुन १७ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-१२५८, कर्तव्य ज्यान, नेपाल सरकार वि. गमबहादुर थापा*

सिद्धान्ततः कुनै पनि आपराधिक कार्य स्थापित हुन मनसाय र कार्य तत्त्वको आवश्यकता रहन्छ । कुनै पनि कार्यको पहिलेबाट परिणामको अन्दाज गरी सो परिणाम हासिल गर्ने काम गरिन्छ भने त्यस्तो कार्यलाई मनसायपूर्वक गरिएको कार्य मानिन्छ। प्रस्तुत मुद्दाको सन्दर्भमा, सावित्रीको चप्पल खिमबहादुर दर्जीको भान्जीले चोरेको विषयमा विवाद हुँदा खिमबहादुरले प्रतिवादी गमबहादुर थापालाई गाली गरी मुखमा थुकेकोले प्रतिवादी गमबहादुर थापालाई रिस उठी निजले मृतक खिमबहादुर थापालाई एक थप्पड गाला कन्चटमा हानेको देखिने।

प्रतिवादी गमबहादुर थापाको मृतक खिमबहादुर दर्जीलाई मार्ने मनसाय वा रिसइवी नभएको बेहोरा घटना विवरण कागज गर्ने दुरपति सार्की, अनु दर्जी तथा राखी परियारको अदालतसमक्ष भएको बकपत्रसमेतबाट देखिन्छ । निज मृतक खिमबहादुर दर्जीले गालीगलौज गरेको कारण प्रतिवादीलाई रिस उठी, आवेगमा आई मृतकलाई हातले गालामा थप्पड हान्दा संवेदनशील अंग कन्चटमा चोट पुग्न गई निजको मृत्यु वारदात भएको भोलिपल्ट अर्थात् मिति २०७२।१२।२९ मा भएको देखिने।

अत: प्रतिवादी गमबहादुर थापाको मृतकलाई मार्नु पर्नेसम्मको कुनै रिसइवी वा पूर्व योजना नभएको तत्काल उठेको रिसमा खिमबहादुर दर्जीलाई हात मुक्काले प्रहार गर्दा संवेदनशील अंगमा चोट पुग्न गएको कारण निज खिमबहादुर दर्जीको मृत्यु भएको देखिँदा निज प्रतिवादी गमबहादुर थापालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अनुसार १० वर्ष कैद सजाय गरी सुरू स्याङ्जा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने उच्च अदालत पोखराबाट मिति २०७४।१।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७८ साल असार ३ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-०२३४, कर्तव्य ज्यान, नेपाल सरकार वि. निमबहादुर रेश्मी मगर*

प्रतिवादी निमबहादुर रेश्मी मगरको श्रीमती गंगीसरालाई मार्ने मनसाय नभएको, जोखिमी हतियारले प्रहार गरेकोसमेत नदेखिएको तत्कालै उठेको रिसले आवेगमा आई मृतक गंगीसरालाई हात मुक्काले प्रहार गरी आँगनमा फालिदिएको कारण लागेको चोटपटकबाट निजको मृत्यु भएको देखिँदा निज प्रतिवादीको उक्त कार्य मनसायपूर्वक भएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) अनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: निज प्रतिवादी निमबहादुर रेश्मी मगरलाई सुरू प्युठान जिल्ला अदालतबाट मिति २०७४।१०।३

मा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३)नं. बमोजिम जन्मकैद गर्ने गरी भएको फैसलालाई केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद गर्ने गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७६।१।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७८ साल असार ३ गते रोज ५ शुभम्।

**११**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-०६०४, जबरजस्ती करणी, नेपाल सरकार वि. नरेन भन्ने रावण दास*

पीडित नाम परिवर्तित ०४-२-ज-३ लाई जबरजस्ती गरेको बेहोरा प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयान, परिवर्तित नाम ०४-२-ज को किटानी जाहेरी र सोलाई समर्थन गर्ने गरी भएको बकपत्र तथा वस्तुस्थिति मुचुल्काका साक्षी टुकुली राजवंशीको बकपत्रसमेतबाट निज प्रतिवादी नरेन भन्ने रावण दासले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. कानूनी प्रावधानको उल्लघङ्न गरेको देखिएको।

अदालतसमक्ष पीडित परिवर्तित नाम ०४-२-ज-३ ले युक्तियुक्त जवाफ दिन नसकेकोले बकपत्र कार्य सम्पन्न हुन नसकेको भनिए तापनि यिनै पीडितले घटना विवरण कागज गर्दा घटनाको बारेमा स-विस्तार खुलाई कागजसमेत गरेको देखिँदा निजको मानसिक अवस्था ठिक थिएन भनी मान्न मिल्ने नदेखिनुका साथै बि.पि. कोइराला विज्ञान प्रतिष्ठानको मिति २०७३।१०।२३ को पत्रमा पनि निज पीडितको मानसिक अवस्था ठिक नभएको भनी उल्लेख भएको नदेखिने।

अत: प्रतिवादी नरेन भन्ने रावण दासले पीडित परिवर्तित नाम ०४-२-ज-३ लाई जबरजस्ती करणी गरेकोले मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिमको कसुरमा ३(५) नं. बमोजिम ५ वर्ष कैद र पीडित मानसिक अशक्त रहेकीले सोही महलको ३ क नं. बमोजिम ५ वर्ष थप कैद तथा पीडितलाई प्रतिवादीबाट रू.५०,०००।- क्षतिपूर्ति भराइदिने गरी सुरू झापा जिल्ला अदालतबाट मिति २०७५।१।१२ मा भएको फैसलालाई केही उल्टी गरी निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद र प्रतिवादी नरेन भन्ने रावण दासबाट पीडितले रू.५०,०००।– भराइपाउने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६।३।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

इति संवत २०७८ साल असार ३ गते रोज ५ शुभम्।

१२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CR-०९०५, ०७१-CR-१४१६, आगो लगाई कर्तव्य ज्यान, मनोज बस्नेत वि. नेपाल सरकार, नेपाल सरकार वि. मनोज बस्नेत*

प्रतिवादीको र उषा बस्नेतको बिचमा भएको झगडालाई मिलाउन र सम्झाइ बुझाइ गर्न आएकी मिनु वाइवाको शरीरमा पेट्रोल पर्न गई आगो लाग्न पुगेको र सोही कारण उपचारको क्रममा मृत्यु भएको भन्ने देखिएबाट प्रतिवादी मनोज बस्नेतको निज मिनु वाइवालाई मार्नेसम्मको पूर्व रिसइवी र मनसाय थियो भन्ने नदेखिएको, उषा बस्नेतलाई मार्ने उद्देश्य र मनसाय पनि प्रतिवादीको नदेखिएको पेट्रोल हातमा लिई ट्याक्टरमा राख्न हिँडेको बेलामा श्रीमतीसँग वादविवाद भएको अवस्थामा मिनु वाइवाले त्यसो नगर्न पेट्रोलको जर्किन तान्न थाल्दा त्यो जर्किनको पेट्रोल उछिट्टिई आगोमा पर्न गई सोही जरियाबाट मिनु वाइवा र प्रतिवादीसमेत बसी आएको छाप्रोमा आगलागी हुँदा निज मिनु वाइवाको शरीरसमेत जल्न पुगी उपचारको

क्रममा मृत्यु हुन गएको देखिन आएकोले प्रतिवादीको कार्य ज्यानसम्बन्धीको महलको ५ नं. विपरीतको कसुर ठहर गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मनासिब नै देखिन आएको।

प्रतिवादीले आफ्नो बयानमा रातमा चुरोट खाने भएकोले चुरोटका ठेट्नाले आगलागी हुन सक्ने भएकाले रातीमा नै ट्याक्टरमा राख्न लाग्दा श्रीमतीसँग विवाद भएको भनी लेखाएको देखिन्छ। प्रतिवादी मनोज बस्नेतले श्रीमतीसँग विवाद भई सँगैको अर्को छाप्रोमा रहेकी मिनु वाइवाले सम्झाइ बुझाइ गर्न आइसकेको अवस्थामा पेट्रोल जस्तो अति प्रज्वलनशील पदार्थ राम्रोसँग बिर्कोसमेत नलगाई नजिकै अगेनामा आगो बलिरहेको स्थितिमा हातमा नै लिई झै-झगडामा सामेल भएको देखिन्छ। एउटा वयस्क र होस ठेगानमा रहेको व्यक्तिले पेट्रोल जस्तो अति प्रज्वलनशील पदार्थ राखेको जर्किन नजिक रहेको आगोको समेत ख्याल नगरी तानातान गरेको भन्ने देखिएबाट यी प्रतिवादीले पेट्रोल पोखिन गई आगलागी भएमा त्यसले निम्त्याउन सक्ने दुर्घटनाको बारेमा सामान्य होससमेत नपुर्‍याई हेलचक्रयाइँ गरेकोले भवितव्य परेको भन्ने नै देखिन्छ। यी प्रतिवादीको हेलचेक्र्याइँका कारण नै निज मिनु वाइवाको शरीर जल्न गई घाइते भएकोमा सोही घाउचोटको उपचारको क्रममा मृत्यु भएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम दुई वर्ष कैद सजाय गर्ने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको सजाय मनासिब नै देखिन आएको ।

तसर्थ, यी प्रतिवादी मनोज बस्नेतले मिनु वाइवालाई मार्नुपर्ने इविलाग र मनसाय नदेखिएको, निजलाई मार्ने गरी प्रतिवादीले प्रहार गरेको पनि नदेखिएको, एउटै छाप्रोमा बस्ने गरेकोमा प्रतिवादीको आफ्नै श्रीमती उषा बस्नेतसँगको झगडामा मिनु वाइवाले छुट्याउन जाँदा पेट्रोलको जर्किन तानातान हुँदा आगो लाग्न गई वारदातको करिब १४ दिनको अन्तरालमा मिनु वाइवाको मृत्यु भएको देखिँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरी भएको धादिङ जिल्ला अदालतको फैसला नमिलेकोले केही उल्टी भई प्रतिवादीलाई सोही महलको ६(२) नं. बमोजिम २ (दुई) वर्ष कैद हुने साथै क्षतिपूर्ति भराइपाउँ भन्नेतर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।७।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: नबिन आचार्य
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७७ साल फागुन १४ गते रोज ६ शुभम्।

**१३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७८-WH-००३४, बन्दीप्रत्यक्षीकरण, अशित सैबुको हकमा प्रतिक्षा सुवेदी वि. काठमाडौं जिल्ला अदालतसमेत*

निवेदक प्रतिवादी अशित सैबुसमेत विरूद्ध डाँका, अपहरण तथा शरीर बन्धक, खोटा चलन तथा सङ्गठित अपराध मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।९।२५ मा फैसला हुँदा निवेदक प्रतिवादी अशित सैबुलाई मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम जनही ६ वर्ष कैद र रू.४५,००,०००।–(पैंतालिस लाख रूपैयाँ) जरिवाना हुने गरी भएको फैसलालाई मिति २०७६।१।३० मा उच्च अदालत पाटनबाट सदर भई अन्तिम भएको देखिन्छ। उक्त फैसलाबमोजिम निजलाई ६ वर्ष कैद र रू.४५,००,०००।- (पैंतालिस लाख रूपैयाँ) जरिवाना हुने गरी कैदी पुर्जी दिएको देखिन्छ। हाल निवेदकलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (३) (क) मा "उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिमको कसुर भए सात वर्षदेखि चौध वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँदेखि एक लाख चालिस हजार रूपैयाँसम्म जरिवाना हुने" भन्ने केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन

तथा खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ। तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने" भन्ने र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यस परिप्रेक्ष्यमा यी रिट निवेदक प्रतिवादी अशित सैबुलाई लागेको कैदमा मिति २०७२।५।२५ मा पक्राउ परी सो मितिदेखि आजका मितिसम्म कैदमा रहेको देखिँदा मिति २०७८।५।२४ मा निजलाई लागेको ६ वर्ष कैद भुक्तान भइसकेको र निजलाई उल्लिखित कानूनी व्यवस्था बमोजिम जरिवाना बापत रू.१४०,०००।– (एक लाख चालिस हजार रूपैँया) हुने देखिन्छ। अब जरिवानाको हकमा सो मिति पश्चात् निज अशित सैबु कैदमा बसेको देखिने।

जरिवानाबापत कैद बसेको सम्बन्धमा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१ (२) मा "कुनै कसुरदार अनुसन्धानको सिलसिलामा थुनामा बसेकोमा निजलाई कैदको सजाय नभई जरिवाना मात्र हुने ठहरेको भए निज थुनामा बसेको अवधिको एक दिनको तीन सय रूपैयाँको दरले हिसाब गरी हुन आउने जम्मा रकम त्यस्तो कसुरदारले बुझाउनुपर्ने जरिवानाको रकममा कट्टा गर्नु पर्ने छ" भन्ने व्यवस्था रहेबाट यी प्रतिवादीहरूलाई तोकिएको जरिवानाबापतको कैदमा रहेको अवधि घटाई बाँकी जरिवाना तिर्न सकिने अवस्था भएको देखियो। प्रतिवादी अशित सैबु आजका मितिसम्म १० दिन बढी कैद बसेको हुँदा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१ (२) बमोजिम दैनिक रू.३०० का दरले १० दिनको रू.३,०००।– बराबरको कैद बसी निजलाई चोरी मुद्दामा हुने जरिवाना रू.१,४०,०००।- बाट उक्त रकम घटाई बाँकी हुन आउने रकम रू.१,३७,०००। (एक लाख सैंतिस हजार रूपैयाँ) भएको देखिने।

प्रतिवादी/निवेदक अशित सैबु आजका मितिसम्म १० दिन बढी कैद बसेको हुँदा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१ (२) बमोजिम दैनिक रू.३०० दरले १० दिनको रू.३,०००।– बराबरको कैद बसी निजलाई चोरी मुद्दामा हुने जरिवाना रू.१,४०,०००।- बाट उक्त रकम घटाई बाँकी हुन आउने रकम रू.१,३७,०००।(एक लाख सैंतिस हजार रूपैँया) भएको देखियो। यसरी बाँकी रहन आएको जरिवानाबापतको रकम निज प्रतिवादी अशित सैबुले जरिवानाको लगत रहेको काठमाडौं जिल्ला अदालतमा बुझाउन ल्याए निजबाट बुझी यी रिट निवेदकलाई अन्य कुनै मुद्दामा थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको हकमा थुनामुक्त गरिदिनु भनी काठमाडौं जिल्ला अदालतमार्फत सम्बन्धित कारागार कार्यालयको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः प्रकाश सुवेदी

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल असोज ४ गते रोज २ शुभम्।

**१४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री नहकुल सुवेदी,** *०७७-WH-०३३३, बन्दीप्रत्यक्षीकरण, दिलिप कुमार चौधरी वि. काठमाडौं जिल्ला अदालत, तहसिल शाखासमेत*

निवेदक दिलिप कुमार चौधरीले जरिवानाबापतको रकम नबुझाएकोले रू.२०,९५,२६५।- बराबरको १० वर्ष (मिति २०७६।१२।२६ देखि मिति २०८६।१२।२५ सम्म) कैद गर्ने गरी जारी भएको कैदीपुर्जी मुलुकी अपराध संहिताको दफा २४९(३)(ग) को रू.७०,०००।-सम्म

जरिवाना गर्न सकिने कानूनी व्यवस्था, फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ५ को घटी सजाय हुने तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन तथा खारेज गर्ने ऐन,२०७४ को दफा ३९(२) (ख) को कानूनी प्रावधान विपरीत रहेको देखिने।

अत: निवेदक दिलिप कुमार चौधरी अनुसन्धानको क्रममा मिति २०६८।४।२७ मा पक्राउ परी २०६८।६।१० सम्म १ महिना १४ दिन थुनामा बसिसकेको र फैसला कार्यान्वयनको सिलसिलामा मिति २०७६।२।१० मा पक्राउ परेदेखि आजको मितिसम्म दुई वर्ष तीन दिन कैदमा बसेको देखियो। निजलाई लागेको १ वर्ष कैद मिति २०७६।१२।२६ मा भुक्तान भइसकेपश्चात् जरिवानाबापत मिति २०७६।१२।२६ देखि आजको मितिसम्म कैदमा बसेको अवधि गणना गर्दा कैदबापत दैनिक रू.३००।- का दरले कट्टा गर्दा निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम हुने जरिवाना रू.७०,०००।- बापत हुने कैदभन्दा पनि बढी अवधि कैदमा बसेको देखिँदा विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७८ साल जेठ १३ गते रोज ५ शुभम्।

**१५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री नहकुल सुवेदी,** *०७७-WH-०३३६, बन्दीप्रत्यक्षीकरण, शम्शेर भन्ने सूर्य विश्वकर्मा वि. झापा जिल्ला अदालत तहसिल शाखासमेत*

निवेदक शम्शेर भन्ने सूर्य विश्वकर्माले जरिवानाबापतको रकम नबुझाएकोले मिति २०७५।०६।०७ देखि आजको मिति २०७८।२।१३ सम्म कैदमा रहेको देखिँदा निजको हाल जरिवानाबापतको कैद मुलुकी अपराध संहिताको दफा २४२(२) बमोजिम रू.३०,०००।-सम्म जरिवाना गर्न सकिने कानूनी व्यवस्थाभन्दा बढी अवधि कैदमा बसिसकेको देखिँदा निजको उक्त थुना फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ५ को घटी सजाय हुने तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन तथा खारेज गर्ने ऐन,२०७४ को दफा ३९(२) (ख) को कानूनी प्रावधान विपरीत रहेको देखिएको।

अत: निवेदक शम्शेर भन्ने सूर्य विश्वकर्मा अनुसान्धनको क्रममा मिति २०६५।६।६ मा पक्राउ परेदेखि आजको मितिसम्म बाह्र वर्ष आठ महिना ७ दिन कैदमा बसेको देखियो। निजलाई लागेको १० वर्ष कैद मिति २०७५।०६।०७ मा भुक्तान भइसकेपश्चात् जरिवानाबापत मिति २०७५।०६।०७ देखि आजको मितिसम्म कैदमा बसेको अवधि गणना गर्दा कैदबापत दैनिक रू.३००।- का दरले कट्टा गर्दा निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४२(२) बमोजिम हुने जरिवाना रू.३०,०००।- बापत हुने कैदभन्दा पनि बढी अवधि कैदमा बसेको देखिँदा विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७८ साल जेठ १३ गते रोज ५ शुभम्।

## इजलास नं. २

**१६**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-WO-०४०९, उत्प्रेषणसमेत, राजेन्द्र सुनार वि. प्रहरी प्रधान कार्यालयसमेत*

रिट निवेदकलाई क्षेत्रीय प्रहरी कार्यालय, नेपालगन्जको मिति २०५५।१२।१९ को निर्णयले नोकरीबाट हटाएको, सोही कार्यालयको मिति २०५६।४।१६ गते पहिलोपटक नसिहत दिएको,

इलाका प्रहरी कार्यालय, तुलसीपुर, दाङले मिति २०६४।६।२७ मा दोस्रोपटक नसिहत र अन्तिम पटक जिल्ला प्रहरी कार्यालय, सल्यानको मिति २०७२।६।६ को निर्णयले चालचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय दिएको देखिन्छ। त्यसैगरी मिति २०७२।११।२९ मा द.नि.प्र. गण कोहलपुर, बाँकेमा सुधारात्मक तालिममा पठाउँदासमेत निवेदकको आचरण व्यवहारमा सुधार नआई सोभन्दा पछि पनि मिति २०७३।५।२ र २०७३।५।३ मा ड्युटीकै अवस्थामा मादकपदार्थ सेवन गरेकोमा मौखिकरूपमा सचेत गराइएको र सोपश्चात् पनि आचरण व्यवहारमा सुधार नआई बारम्बार ड्युटीकै अवस्थामा मादकपदार्थ सेवन गरी आचरणसम्बन्धी नियमहरू उल्लङ्घन गरेकोसमेत देखिएको।

नागरिकको जिउ ज्यानको सुरक्षा तथा समाजको शान्ति, सुरक्षामा खटिनुपर्ने प्रहरी सेवा जस्तो संवेदनशील क्षेत्रमा कार्यरत प्रहरी कर्मचारी रिट निवेदकले ड्युटीमा खटिएको अवस्थामा मादक पदार्थ सेवन गरी आफ्नो पेसासँग सम्बन्धित नैतिकता, अनुशासन र आचरणको उल्लंघन गरेको कुरामा दुई मत छैन। निजलाई यसअघि पनि पटकपटक नसिहत दिने, स्पष्टीकरण माग्ने, मौखिक चेतावनी दिने गर्दासमेत आचरणमा कुनै पनि किसिमको सुधार नल्याई पटक पटक आचरणसम्बन्धी नियमहरू उल्लङ्घन गरी तोकिएको पदीय ड्युटी पूरा नगरेको हुँदा निवेदकले प्रहरी नियमावली, २०७१ को नियम ११३(१)(ग) को कसुर गरेको देखिन्छ। उक्त कसुरमा भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने वा अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्ने गरी सजाय दिन सक्ने कानूनी व्यवस्था भए तापनि निजलाई सुध्रने मौका स्वरूप उक्त नियमावलीको नियम ११९(१)(४)(ग) ले प्रहरी सहायक निरीक्षकलाई एक तह घटुवाको सजाय गर्ने अधिकार सम्बन्धित प्रहरी नायब महानिरीक्षकलाई प्रदान गरेको र सोबमोजिम नै निवेदकलाई प्रहरी नियमावली, २०७१ को नियम १०९(क)(७) बमोजिम निवेदकलाई प्रहरी सहायक निरीक्षक पदबाट तल्लो (एक तह मुनि) प्रहरी हवल्दार पदमा घटुवा गर्ने गरी मिति २०७४।१।१४ मा मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतका प्रहरी नायब महानिरीक्षकबाट भएको निर्णय तथा सो निर्णयलाई सदर गरी प्रहरी प्रधान कार्यालयका प्रहरी अतिरिक्त महानिरीक्षकबाट मिति २०७४।७।१३ मा भएको निर्णय कानूनसम्मत नै देखिएको।

अतः रिट निवेदक ड्युटीमै रहेको अवस्थामा मादकपदार्थ सेवन गरेको देखिँदा प्रहरी नियमावली, २०७१ बमोजिम अधिकारप्राप्त अधिकारीले आवश्यक कानूनी प्रक्रिया अबलम्बन गरी रिट निवेदकलाई प्रहरी सहायक निरीक्षक पदबाट तल्लो पद (एक तह मुनि) प्रहरी हवल्दार पदमा घटुवा गर्ने गरी भएको मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतको मिति २०७४।१।१४ को निर्णय तथा सो निर्णयलाई सदर गर्ने गरी प्रहरी प्रधान कार्यालय, काठमाडौंबाट भएको मिति २०७४।७।१३ को निर्णयमा समेत कुनै कानूनी त्रूटि नदेखिएको र कानूनबमोजिम भएको काम कारबाहीबाट यी रिट निवेदकको कुनै संवैधानिक एवम् कानूनी हकमा आघात पुगेको नदेखिँदा उक्त निर्णयहरू उत्प्रेषणको आदेश जारी गरी बदर गर्नुपर्ने देखिएन। तसर्थ, रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर: समी नेपाली

इति संवत् २०७८ साल पौष २१ गते रोज ४ शुभम्।

**१७**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CI-०५८५, हर्जाना, क्षतिपूर्ति दिलाइपाऊँ, शम्भुप्रसाद नेपाल वि. सुनसरी, मोरङ सिंचाइ योजनासमेत*

पुनरावेदक वादी र सम्पर्क तथा भूआर्जन कार्यालय कोशी योजना विराटनगरसमेत भएको उत्प्रेषणयुक्त परमादेशको (०७३-WO-०००९) रिट निवेदनमा पुनरावेदकले दाबी गरेको कि. नं. २८०० को साबिक कि. नं. २०५ मध्ये ज. वि. ०-४-१७ जग्गा २०३१ सालमै आयोजनाले अधिग्रहण गरी २०३२ सालमा मोरङ, सुनसरी सिँचाइ आयोजनालाई हस्तान्तरण गरिएको र कि.नं.२०५ को तत्कालीन जग्गा धनी संकटा प्रसाद खनालका नाममा उक्त जग्गा अधिग्रहण भई त्यसको क्षतिपूर्ति निजका भाई हृदयनाथ खनालले बुझिलिएको भन्ने देखिँदा २०३१ सालमै अधिग्रहण भइसकेको विषयमा तत्कालीन जग्गाधनीले कुनै कारबाही नचलाएकोले समेत यी पुनरावेदक वादीहरूको निर्विवाद हक स्थापित गर्न नसकेको भनी रिट निवेदन खारेज हुने गरी उच्च अदालत विराटनगरबाट मिति २०७३।११।०२ मा आदेश भएको देखिन्छ । यसरी एक पटक रिट क्षेत्राधिकारको प्रयोग गरी टुङ्गिसकेको विषयउपर उही जग्गाको कि. नं. को हवाला दिई दायर भएको फिराद दाबीबाट क्षतिपूर्ति भराउन नमिल्ने भनी भएको उच्च अदालत विराटनगरको फैसला कानूनसम्मत मिलेकै देखिएको ।

तसर्थ, जिल्ला मोरङ, विराटनगर महानगरपालिका वडा नं. १(ख) कि.नं. २८०० को ज.वि.०-३-१८१/२ जग्गाको क्षतिपूर्ति बापत रू.७८,५०,०००।– (अठहत्तर लाख पचास हजार रूपैयाँ) दिलाइपाऊँ भन्ने फिराद दाबी कानूनसम्मत नरहेकोले फिराद दाबी पुग्न नसक्ने भनी भएको उच्च अदालत विराटनगरको मिति २०७५।०१।०३ को फैसला कानूनको रोहमा मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : लक्ष्मी राना

इति संवत् २०७८ साल पौष १४ गते रोज ४ शुभम् ।

**१८**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-RC-००८७, कर्तव्य ज्यान, नेपाल सरकार वि. विष्णुबहादुर राउत*

प्रस्तुत मुद्दाको वारदातलाई सूक्ष्म रूपमा विश्लेषण गरी हेर्दा मिति २०७३।०४।३२ गते साँझ प्रतिवादी विष्णुबहादुर राउत घरबाट सुर्ती लिन भनी सुकौरा बजार गई घर फर्कने क्रममा मृतक दुर्गाबहादुर मस्राङ्गी मगर पनि बजारबाट मासु लिएर आइरहेको अवस्था देखिन्छ । प्रतिवादीले उसलाई नबोलाई आफ्नो घरतर्फको बाटो अलिकता पर पुगेकोमा मृतकले नै प्रतिवादीलाई यता आइज भनी बोलाई अश्लील गाली गरेको र प्रतिवादीलाई एउटा ढुङ्गाले हिर्काएको कारण प्रतिवादी र मृतकबिच कुटाकुट भई हानाहान भएको भन्ने तथ्य प्रतिवादीको सुरू अदालतको बयान बेहोराबाट खुलेको छ । सोही अवस्थामा तत्काल उठेको रिसको आवेशमा आई प्रतिवादीले त्यहीँ रहेको ढुङ्गाले मृतकलाई टाउकोमा हानेको कारण मृतक दुर्गाबहादुर मस्राङ्गी मगरको मृत्यु भएको भन्ने कुरा देखिन्छ । यसरी प्रतिवादी विष्णुबहादुर राउतले मृतकलाई मार्ने मनसाय राखी ढुङ्गा प्रहार गरेको नभई मृतकले निजलाई अश्लील गालीगलौज गरी ढुङ्गाले हानेका कारण प्रतिवादी रिसको आवेशमा आई मृतकलाई ढुङ्गा प्रहार गर्दा निजको मृत्यु हुन गएको वारदातलाई मनसायपूर्वकको हत्याको वारदात मान्न मिल्ने अवस्था नदेखिने ।

अतः प्रतिवादी विष्णुबहादुर राउतलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नम्बरको कसुरमा सोही १४ नम्बरबमोजिम १०(दश) वर्ष कैद सजाय गरी भएको सुरू उदयपुर जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नम्बर बमोजिम जन्मकैदको सजाय गर्ने ठहर्‍याई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट भएको मिति २०७५।०९।२३ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नम्बरको कसुरमा

सोही १४ नम्बरबमोजिम १०(दश) वर्ष कैद हुने ।
इजलास अधिकृत : भगवती शर्मा ढुङ्गाना
कम्प्युटर: हर्क माया राई
इति संवत् २०७८ साल माघ १७ गते रोज२ शुभम् ।

**१९**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-०३१८, बन्दीप्रत्यक्षीकरण, हिरो भन्ने जयराम चौधरी वि. कैलाली जिल्ला अदालत*

रिट निवेदकलाई डाँका, चोरी मुद्दामा ठहर भएको कैद र जरिवानाको हकमा निजले जरिवाना नतिरी सोबापत हुने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(३) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम अधिकतम रू.१,००,०००।- (एक लाख रूपैयाँ) हुने जरिवानाको प्रतिदिन रू.३००।- को दरले ३३४ दिनसम्म कैदमा बस्नुपर्नेमा निजलाई लागेको ६(छ) वर्ष कैद मिति २०६८।०७।०५ देखि मिति २०७४।०७।०४ गतेसम्म कैदमा बसी भुक्तान भइसकेको र जरिवानाको हकमा निज रिट निवेदकले जरिवाना नतिरेबापत मिति २०७४।०७।०४ गतेदेखि निरन्तर आजको मितिसम्म १ वर्ष ८ महिना १५ दिन अर्थात् ६२० दिन थुनामा बसेको देखिँदा यी निवेदकले बुझाउनुपर्ने एक लाख रूपैयाँ जरिवानाबापत हुने कैद ३३४ दिनको अवधिभन्दा बढी कैद बसिसकेको देखिँदा निजलाई दिएको कैदीपुर्जी कानूनसम्मत भएको देखिएन । तसर्थ, कैलाली जिल्ला अदालतको मिति २०६८।०७।२९ मा जारी उक्त कैदीपुर्जी जरिवानाबापत कैदको हकमा सम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । कैलाली जिल्ला अदालतबाट ठेकिएको उक्त कैदीपुर्जी उत्प्रेषणको आदेशले बदर भएकोले निज निवेदक हिरो भन्ने जयराम चौधरीलाई अन्य मुद्दा, बेहोरा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट मात्र आजै थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।
इजलास अधिकृत : लक्ष्मी राना
कम्प्युटर : हर्क माया राई
इति संवत् २०७८ साल जेठ १६ गते रोज ५ शुभम् ।

**२०**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७०-CI-०५६३, निषेधाज्ञा, नाजो खातुन वि. वेचु मन्सुरीसमेत*

निवेदन दाबीको घरजग्गा कि.नं.९९ का सम्बन्धमा विवाद देखी यीनै पुनरावेदक र प्रत्यर्थीहरूबिच विभिन्न मुद्दासमेत परी विचाराधीन रहेको भन्ने देखिँदा विवादित घरजग्गामा पुनरावेदकको निर्विवाद हक रहेको अवस्था देखिन आएन । निषेधाज्ञाको आदेश विवादरहित हकभोग रहेको अवस्थामा मात्र जारी हुने हुन्छ । निषेधाज्ञा जारी हुन निर्विवाद हकको प्रमाण हुनुपर्ने हुन्छ । निवेदन दाबीको जग्गाको सम्बन्धमा विवाद देखिई मुद्दासमेत चलिरहेको भन्नेसमेत देखिँदा प्रथम दृष्टि (Prima Facie) मा नै निर्विवाद हकाधिकार रहेको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिन नआउने ।

अतः पुनरावेदन अदालत राजविराजबाट मिति २०६९।५।२४ मा भएको अन्तिम आदेश मिलेको देखिँदा सदर हुने ।
इजलास अधिकृत: लक्ष्मी राना
कम्प्युटर: हर्क माया राई
इति संवत् २०७८ साल पौष ११ गते रोज १ शुभम् ।

**२१**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-१७९०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. सबिन तिमल्सिना*

प्रतिवादी सबिन तिमिल्सिनाले भनेका व्यक्तिलाई बैंककमा तीन लाख नगदै बुझाएको भन्ने जाहेरी बेहोरा जाहेरवालाले बैंककमा बस्दा तीन लाख रूपैयाँजति खर्च भएको भनी गरेको बकपत्रबाट

खण्डित भएको पाइयो । जाहेरवाला बैंककबाट फर्की नेपाल आएपछि प्रतिवादीले गरिदिएको लिखतमा जाहेरवालाबाट बिस लाख रूपैयाँबाहेक अन्य रकम बुझाएको, खर्च भएको भए सोसमेत खुलाउनुपर्नेमा सो खुलाउन सकेकोसमेत देखिँदैन । जाहेरवालाले प्रतिवादीलाई रू.२०,००,०००।- दिएको भन्नेबाहेक प्रतिवादीले भनेबमोजिम यो, यसलाई, यसरी, तीन लाख रूपैयाँ दिएको हुँ भनी सो कुराको जाहेरवालाले कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । यस अवस्थामा लिखतमा उल्लेख भएभन्दा बढी रकमको बिगो कायम गरी प्रतिवादीबाट जाहेरवालालाई भराइदिन न्यायोचित हुने नदेखिँदा थप बिगोउपरको वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताले लिनुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादी सबिन तिमिल्सिनालाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. को दफा ४३ बमोजिम ३।०।० (तीन वर्ष) कैद र रू.३,००,०००।- (तीन लाख रूपैयाँ) जरिवाना हुने र जाहेरवालाले बिगो रू.२०,००,०००।- (बिस लाख रूपैयाँ) र सोको पचास प्रतिशतले हुने हर्जानासमेत निज प्रतिवादीबाट भराइपाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।७।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७८ साल फागुन २९ गते रोज १ शुभम् ।

## २२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-RC-००५२, ०७७-CR-११६७, कर्तव्य ज्यान, नेपाल सरकार वि. भरत थापा वि. नेपाल सरकार*

प्रतिवादी भरत थापासमेतको मौकाको बयान, मृतकको शव परीक्षण प्रतिवेदन लासजाँच मुचुल्का, गगन राना, रामु थापा मगर, सुरेश गुरूङसमेतले मौकामा गरिदिएको घटना विवरण कागज तथा अदालतसमक्ष गरिदिएको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले मृतक प्रकाश थापाको टाउको शरीरमा अन्धाधुन्ध लठ्ठीसमेत प्रहार गरी गम्भीर घाइते बनाएको र सोही चोटका कारण मृतकको अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको भन्ने पुष्टि हुन आएको देखिँदा उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुरदार ठहर्‍याई भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा अभियोगदाबीबाट सफाइपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादी भरत थापालाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुरदार ठहर्‍याई भएको बाँके जिल्ला अदालतको मिति २०७२।८।८ को फैसला सदर हुने ठहर्‍याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।१०।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने । प्रतिवादी भरत थापालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं., मुलुकी अपराध संहिता, २०७४ दफा ४०(२) बमोजिम जन्मकैद सजाय हुने ।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७८ साल फागुन २९ गते रोज १ शुभम् ।

# इजलास नं. ३

## २३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७६-CR-१३८३ (०१-०७६-०८३७०), लागु औषध (ब्राउनसुगर), नेपाल सरकार वि. बिक्की भन्ने प्रदिप कुर्मीसमेत*

प्रतिवादी प्रदिप कुर्मीले लागु औषध सेवन

गर्नुहुन्छ बिक्री वितरण भने गर्दैनन् भनी निजका साक्षी दिलिप कुर्मीले अदालतमा आई बकपत्र गरेको देखिएबाट यी प्रतिवादीको अदालतको बयान पुष्टि भएको देखिएको छ । निज प्रतिवादीको साथबाट बरामद भएको लागु औषध ब्राउनसुगर बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, सञ्चय गर्न, राख्न वा ओसारपसार गर्नको लागि साथमा राखेको भन्ने ठोस र शङ्कारहित प्रमाणको अभाव रहेको देखिँदा यी प्रतिवादी बिक्की भन्ने प्रदिप कुर्मीलाई कानूनद्वारा निषेधित उक्त लागु औषध सेवन गरेतर्फ मात्र सजाय गर्ने गरी भएको उच्च अदालतको फैसला अन्यथा रहेको भन्ने देखिन नआएको हुँदा अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्दछ भन्ने पुनरावेदनपत्र र विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू बिक्की कुर्मी भन्ने प्रदिप कुर्मी र आशिष भन्ने उत्सव पाण्डेले अदालतमा बयान गर्दा आफूहरूको साथबाट बरामद भएको लागु औषध ल्याउँदा अरू कसैको संलग्नता नभएको भनी बयान गरेको देखिन्छ भने जाहेरी प्रतिवेदक यमबहादुर बोहोराले अदालतमा बयान गर्दा अन्य प्रतिवादीहरूको कसुरमा संलग्नता यकिन नभएको भनी बकपत्र गरेकोसमेतका आधार कारणबाट प्रतिवादीहरूउपर लिएको अभियोग दाबी मिसिल संलग्न ठोस सबुद प्रमाणबाट पुष्टि नभएको अवस्थामा यी प्रतिवादीहरू नवीन गिरी र डिलाराम बस्यालले अभियोग दाबीबाट सफाइ पाउने ठहरी सुरू अदालतबाट भएको फैसला सदर गर्ने ठहऱ्याएको उक्त उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला यी प्रतिवादीहरूको हकमासमेत अन्यथा रहेको भन्ने नदेखिएकोले पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट यी प्रतिवादीहरूको हकमा पनि लिएको पुनरावेदन जिकिर र विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ प्रतिवादी बिक्की भन्ने प्रदिप कुर्मीउपरको लागु औषध (ब्राउन सुगर) बेचबिखनको कसुर ठोस र वस्तुगत प्रमाणबाट शङ्कारहित तवरले पुष्टि हुन सकेको नदेखिएको र निजको साथबाट बरामद भएको लागु औषधको परिमाण समेतलाई दृष्टिगत गर्दा निजउपरको सेवनतर्फको कसुरसम्म मिसिल प्रमाणबाट पुष्टि भएको देखिएको हुँदा सुरू रूपन्देही जिल्ला अदालतबाट निज प्रतिवादीलाई बिक्री वितरणतर्फ सजाय गर्ने गरेको हदसम्म फैसला नमिलेकोले केही उल्टी गरी सेवनतर्फको कसुरमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (ङ) अनुसार १ (एक) वर्ष कैदको सजाय हुने ठहऱ्याई भएको फैसला र प्रतिवादीहरू नविन गिरी र डिलाराम बस्यालले अभियोग दाबीबाट सफाइ पाउने ठहरी भएको सुरू अदालतको फैसला सदर गर्ने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७६।१।३० को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७७ पुस १५ रोज ४ शुभम् ।

२४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-CR-०२३३, ०७७-RC-००६४, कर्तव्य ज्यान, विजय सहनी वि. नेपाल सरकार, नेपाल सरकार वि. श्रीलाल सहनी मलाह*

जाहेरवालाको जाहेरी दरखास्त तथा बकपत्रबाट विजय सहनीको संलग्नतामा हत्या भएको पुष्टि भएको, मौकामा सानोदेवी पासवानको आफू साबित भई विजय सहनीसमेतलाई पोल गरी गरेको बयान तथा श्रीलाल सहनीले अदालतमा बयान गर्दा आफू साबित भई विजय सहनीलाई पोल गरेकोबाट यी पुनरावेदक/प्रतिवादी विजय सहनीको कसुरमा संलग्नता प्रमाणित भएको र आफू अन्यत्र रहेको भन्ने बयान बेहोरा प्रमाणद्वारा पुष्टि गर्न नसकेको अवस्थामा जिल्ला

अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं.बमोजिम सजाय गर्ने गरी भएको फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालतबाट भएको फैसला मिलेको देखिँदा उक्त फैसला बदर गरी सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर तथा विद्वान् अधिवक्ताको बहससँग सहमत हुन नसकिने।

प्रतिवादी श्रीलाल सहनीउपरको अभियोग दाबी पुष्टि भइरहेको देखिन्छ। जाहेरी दर्खास्तमा निज प्रतिवादी श्रीलाल सहनीले नै मृतकलाई घरबाट बोलाई लगेको भन्ने कुरा खुलाएको पाइन्छ। उक्त घटना हुनुअघि मिति २०५८।७।१४ गते बेलुका निज प्रतिवादी श्रीलाल सहनीले जाहेरवालाको छोरा मृतक रामचन्द्रलाई लिई गएको भन्ने देखिएको र अनुसन्धानका क्रममा कागज गर्ने भुलियादेवीले सोही मिति समयमा निज प्रतिवादी श्रीलाल सहनी, मृतक र अपरिचित हाल पक्राउ परेकी सानो देवीसमेत आफ्नो होटलमा आई सँगै नास्ता खाई गएका भनी कागज गरिदिएको पाइन्छ। जाहेरवाला र निज बुझिएकी भुलियादेवीले अनुसन्धानका अवस्थामा गरेको जाहेरी एवं कागजलाई समर्थन गर्दै अदालतमा बकपत्रसमेत गरेबाट श्रीलाल सहनीसमेतले मृतकलाई सँगै लिई वारदातस्थलमा पुगेको पुष्टि हुन्छ। यसरी वारदातस्थलमा मृतकलाई लिई प्रतिवादी गएको कुरा प्रतिवादीमध्येकी सानो देवीले अनुसन्धानका अवस्थामा कसुरमा साबिती हुँदै प्रतिवादी श्रीलाल सहनीसमेत भई मृतक रामचन्द्रलाई मारेको भनी गरेको बयान बेहोरा उल्लिखित कागजहरूबाट समर्थित रहेको देखिन्छ। यी प्रतिवादी श्रीलाल सहनीले अदालतमा उपस्थित भई गरेको बयानमा निज मृतकलाई आफूसमेतले मारेको हो भन्दै कसुरमा साबिती रही बयान गरेको पाइन्छ। उल्लिखित तथ्यहरू र निजको बयान एकआपसमा समर्थित रहे भएबाट यी प्रतिवादीले मृतक रामचन्द्रलाई मार्ने काम गरी अभियोग दाबीको कसुर गरेको पुष्टि भएको देखिँदा निज प्रतिवादी श्रीलाल सहनीलाई अभियोग दाबीको कसुर ठहर गरी सजाय गरेको सुरू धनुषा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको फैसला मनासिब देखिने। तसर्थ, पुनरावेदक / प्रतिवादी विजय सहनी, प्रतिवादी श्रीलाल सहनीसमेतको संलग्नतामा धारिलो हतियारबाट मृतक रामचन्द्र ठाकुरको घाँटीमा काटी सोही कारणबाट मृतकको मृत्यु भएको भन्ने देखिन आएकोले सुरू धनुषा जिल्ला अदालतबाट प्रतिवादी श्रीलाल सहनीलाई सर्वस्वसहित जन्मकैद तथा प्रतिवादी विजय सहनीलाई जन्मकैदको सजाय गर्ने गरी मिति २०७१।३।२५ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।३।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी श्रीलाल सहनीको हकमा साधक सदर हुने।

मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम साधक जाहेर भएका प्रतिवादी श्रीलाल सहनीलाई सर्वस्व गरिरहनुपर्ने देखिएन, जन्मकैद (२० वर्ष ) सजाय हुने हुने।

इजलास अधिकृत: टीकाबहादुर थापा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ आश्विन १२ गते रोज ३ शुभम्।

**२५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०२४१, बन्दीप्रत्यक्षीकरण, भुवन सेनसमेत वि. जिल्ला प्रहरी कार्यालय, बागलुङसमेत*

निवेदकहरूलाई म्यादथप अनुमति दिँदा मुद्दा हेर्ने प्रमुख जिल्ला अधिकारीले सम्बन्धित कागजातहरू हेरी यी निवेदकहरूउपर लगाएको अभियोग, सजाय हुन सक्ने कानूनी व्यवस्था, थुनामै

राखी मुद्दाको कारबाही गर्नुपर्ने अवस्था, कसुर पुष्टि हुने आधारलगायतका यी निवेदक प्रतिवादीहरूलाई अनुसन्धानको लागि हिरासतमा राखी मुद्दाको कारबाही गर्नुपर्ने सन्तोषजनक आधार रहेको भनी म्यादथप आदेश गरेको भन्ने नदेखिने।

तसर्थः रिट निवेदकहरू भुवन सेन र प्रकाश माझीलाई राजनैतिक आस्थाका आधारमा प्रवृत्त भावना राखी, पक्राउ गरी, प्रतिपादित सिद्धान्तसमेत विपरीत पक्राउ पुर्जी स्वीकृत गर्दा, म्यादथप अनुमति प्रदान गर्दा आधार र कारण नखुलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ र दफा १४ को उपदफा (६) समेतको पक्रिया पूरा नगरी गरेको म्यादथप अनुमति आदेशबमोजिम राखेको थुना कानूनबमोजिमको रहेभएको नदेखिएबाट निज निवेदकहरूलाई आजै थुनामुक्त गर्नु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७७ साल फाल्गुन १३ गते रोज ५ शुभम्।

## २६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-WO-१०३६, उत्प्रेषणयुक्त परमादेश, हायात रिजेन्सी होटलसमेत वि. श्रम अदालतसमेत*

रिट निवेदकले जनरल मेनेजरको अनुपस्थितिमा एच.आर.मेनेजरलाई अधिकार प्रत्यायोजन भएबमोजिम खराब आचरण गरेकोमा विपक्षी राजेन्द्र खड्कालाई एच.आर.मेनेजरले स्पष्टीकरण सोधेको हो भन्ने दाबी लिए पनि त्यसरी अधिकार प्रत्यायोजन गरेको भनी देखिने कागजात निवेदनसाथ पेस गर्न सकेको पाइएन। यस अवस्थामा राजेन्द्र खड्कालाई स्पष्टीकरण लिने कार्य एच.आर. मेनेजरले र सजाय दिने कार्य General Manager Patrick Iserlohn ले गरेबाट एच.आर.मेनेजरलाई अधिकार प्रत्यायोजन गरेको भनी मान्न मिल्ने देखिँदैन। स्पष्टीकरण लिने कार्य मात्रको अधिकार प्रत्यायोजन गरी सजाय गर्ने अधिकार आफैँमा राख्न मिल्दैन, कानूनले तोकेबमोजिम सजायको अन्तिम निर्णय लिनसक्ने वा सजाय गर्न सक्ने अधिकारप्राप्त अधिकारी व्यवस्थापकबाटै सजायको कारबाही र निर्णय हुनुपर्ने।

निवेदकले प्रतिष्ठानका कर्मचारी राजेन्द्र खड्काले प्रतिष्ठानकै अर्का कर्मचारी चन्द्रबहादुर भुलनलाई लन्चमा उपलब्ध गराएको आँप कुहिएको भन्ने निहुँमा जथाभावी मुख छाडी गालीगलौज तथा अपमानजनक शब्दहरू प्रयोग गरी सार्वजनिकस्थलमा दुर्व्यवहार गरी खराब आचरण गरेको भन्ने बेहोरा र प्रत्यर्थी राजेन्द्र खड्काले चन्द्रबहादुर भुलनले मेरो मुखमा जबरजस्ती कुहिएको आँप कोचिदिएकोले वादविवाद भएको भन्ने विषयमा प्रमाण मूल्याङ्कन गरी श्रम अदालतले गरेको फैसलामा कुनै कानूनको त्रुटि नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिने।

अतः श्रम अदालतबाट भएको फैसलामा संविधान र कानूनको गम्भीर उल्लङ्घन भएको नदेखिएको साथै निवेदकको कुनै संवैधानिक एवम् कानूनी हक हनन् भएको भन्ने नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: टीकाबहादुर थापा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ वैशाख १३ गते रोज २ शुभम्।

## २७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-WO-१०३७, उत्प्रेषणयुक्त परमादेश, हायात रिजेन्सी होटलसमेत वि. श्रम अदालतसमेत*

प्रस्तुत रिट निवेदनमा विपक्षी राजेन्द्र खड्काले प्रतिष्ठानको कुनै आदेश वा निर्देशनको उल्लङ्घन गरेको वा विनियमको जानी जानी बराबर उल्लङ्घन गरेको वा प्रतिष्ठानका ग्राहकसँग दुर्व्यवहार

गरेको भन्ने बेहोरा निवेदकले स-प्रमाण खुलाउन सकेको नदेखिएको अवस्थामा यी विपक्षी राजेन्द्र खड्कालाई लगाइएको श्रम ऐन, २०४८ को दफा ५१(झ) को आरोप उक्त दफाअन्तर्गत पर्ने नदेखिएबाट यी पुनरावेदकलाई नसिहतको सजाय गर्ने गरी भएको विपक्षी प्रतिष्ठानको निर्णय बदर हुने ठहर्छ भनी श्रम अदालतबाट मिति २०७३।७।४ मा भएको फैसला कानूनसम्मत रहेको।

विपक्षी राजेन्द्र खड्का निवेदक प्रतिष्ठानमा रहेको नेपाल पर्यटन होटल क्यासिनो तथा रेष्टुरेण्ट श्रमिक सङ्घको अध्यक्ष र सिविए २०१४ को वार्ता कमिटी संयोजक भएको भन्ने निवेदनबाट देखिँदा प्रतिष्ठानका कामदार कर्मचारीहरूको दैनिक गुनासो तथा समस्याहरूलाई लिएर निज प्रतिष्ठानको एच.आर. शाखामा जानु र एच.आर.मेनेजरसँग कुराकानी हुनु स्वाभाविकै मान्नुपर्ने हुन्छ । यसबाट विपक्षी राजेन्द्र खड्का प्रतिष्ठानका कामदार कर्मचारीहरूको दैनिक गुनासो तथा समस्याहरूलाई लिएर नै एच.आर. शाखामा गएको सोही क्रममा केही कुरामा सामान्य छलफल भएको हुनसक्ने अवस्था रहेको पाइयो। यसरी प्रतिष्ठानको कर्मचारी एच.आर. मेनेजर र ट्रेड युनियन पदाधिकारीसमेत रहेका यी विपक्षीबिच सामान्य छलफल हुनुलाई श्रम ऐन, २०४८ को दफा ५१(झ) अन्तर्गतको खराब आचरण मानी कारबाही गर्नुलाई उपयुक्त र सान्दर्भिक हुने नदेखिने।

अतः प्रचलित श्रम ऐनबमोजिम श्रम अदालतमा पुनरावेदन परी पुनरावेदनको रोहबाट फैसला गर्दा संविधान र कानूनको गम्भीर उल्लंघन भएको पनि नदेखिएको साथै निवेदकको कुनै संवैधानिक हकसमेत हनन् भएको निवेदनबाट पुष्टि हुन नसकेकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: टीकाबहादुर थापा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ वैशाख १३ गते रोज २ शुभम्।

## २८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-००४२, जबरजस्ती करणी, गोविन्द क्षेत्री भन्ने हुमबहादुर क्षेत्री वि. नेपाल सरकार*

प्रतिवादी विरूद्ध निजले गरेको कसुरको सम्बन्धमा मौकामा किटानी जाहेरी र पीडित एवं निजकी आमा र बाबुले पीडितलाई प्रतिवादीले नै जबरजस्ती करणी गरेको हो भनी कागज गरिदिएका छन् । प्रतिवादीको मौकामा अधिकारप्राप्त अधिकारीसमक्षको बयान र अदालतको बयानमा समेत कसुरमा इन्कार रहे तापनि मिति २०७३।४।१५ गते दिउँसो अं. १०।११ बजेतिर बालिका आफ्नो घरमा आएको आफ्नो कोठामा पलङ्मा साथै रहेको, पीडित रूँदै आफ्नो घर गएको, पीडितको पाइन्टको बटन खुलेको र प्रतिवादीले लगाइदिएको, टिसर्टभित्र हालिदिएको भन्ने तथ्य स्वीकार गरेको देखिन्छ साथै पीडित बेडबाट लडेर रूँदै गएको भने तापनि अन्यत्र कुनै घाउ चोट नदेखिएकोबाट सो कुरा खण्डित भएको देखिन्छ। पीडित नाबालिकाको उमेर हेर्दा आफूउपर भएको घटना बनाएर भन्ने अवस्था नभएको र पटक पटक सोधिँदासमेत एउटै जवाफ दिएको र आफूउपर भएको घटनाको विस्तृतरूपमा सिलसिलेवार ढङ्गबाट उल्लेख गर्ने सन्दर्भमा पीडितले आफूउपर भएको उक्त घटनाबारे सर्वप्रथम आफ्नो आमा बुबालाई बताएको भनी अनुसन्धानमा कागज गर्नुको साथै अदालतमा बकपत्र गर्दासमेत उक्त बेहोरा उल्लेख गरेको अवस्थामा पीडित नाबालिगले आफूउपर भएको कसुरको बारेमा सम्पूर्ण बेहोरा खोली उल्लेख गरेको बकपत्रको बेहोरालाई प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) तथा दफा १८ ले प्रमाणमा लिन मिल्ने देखिने।

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा निजको स्वास्थ्य साधारण रहेको, कन्याजाली नच्यातिएको निजको शरीरमा कुनै घाउचोट नदेखिएको भनी लेखिएको भए तापनि निजको शरीरमा कुनै

घाउचोट नहुनु र कन्याजाली नच्यातिएकै आधारमा जबरजस्ती करणीको कसुर नहुने भन्ने जबरजस्ती करणीको १ नं. बमोजिम मिल्ने नदेखिने।

अतः प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको देखिँदा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम जबरजस्ती करणीको महलको १ नं. बमोजिम जबरजस्ती करणीको कसुरमा सोही महलको ३(१) नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहराई पीडितलाई परेको मानसिक आघातसमेतका आधारमा प्रतिवादीबाट यी पीडितलाई सोही महलको १० र १०(ग) नं. बमोजिम रू.५०,०००/- (पचास हजार) क्षतिपूर्ति भराइदिनेसमेत ठहर गरी मिति २०७४।०२।०७ मा भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७५।१२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुसन दहाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ चैत्र १ गते रोज १ शुभम्।

**२९**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-WH-००५२, बन्दीप्रत्यक्षीकरण, दिलिपकुमार साहको हकमा लक्ष्मीकुमारी साह वि. सिराहा जिल्ला अदालत*

कानूनबमोजिम सक्षम अदालतबाट म्याद थप अनुमति लिई निवेदकलाई कानूनसम्मत रूपमा हिरासतमा राखी मुद्दाको अनुसन्धान भइरहेको अवस्थालाई गैरकानूनी थुना मान्न नमिल्ने हुँदा निवेदकलाई प्रवृत्त भावना राखी, कानूनबमोजिमको कार्यविधिसमेतको पालना नगरी गैरकानूनी थुनामा राखेको भनी निवेदककोतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, रिट निवेदकउपर लागु औषधसम्बन्धी कसुरमा अधिकार प्राप्त अधिकारीले मुद्दा हेर्ने अदालतबाट म्याद थप अनुमति लिई निवेदकलाई हिरासतमा राखी अनुसन्धान भइरहेको देखिँदा त्यसरी राखिएको थुनालाई गैरकानूनी मान्न मिलेन। प्रत्यर्थीहरूको काम कारबाहीबाट निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको मिसिल संलग्न कागज प्रमाणबाट नदेखिएको अवस्थामा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: राजकुमार आचार्य

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७८ आश्विन १९ गते रोज ३ शुभम्।**

## इजलास नं. ४

**३०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री तेजबहादुर के.सी.,** *०७८-WH-०१५६, बन्दीप्रत्यक्षीकरण, साईमन जोशीको हकमा सनिस जोशी वि. भक्तपुर जिल्ला अदालतसमेत*

राकेश जोशीका नाउँमा जारी भएको म्याद रीतपूर्वक तामेल हुँदा निजका दाजु यिनै निवेदन दिने सनिस जोशीले बुझेको देखिएको, ज्यान मार्ने उद्योग मुद्दाका पीडित तथा जाहेरवालाले चिनी सनाखत गरेको, प्रतिवादीको वतन, बाबुको नाम, उमेर नागरिकता तथा प्रमाणपत्रहरूमा समेत मिलेको देखिँदा भक्तपुर जिल्ला अदालतको फैसलाअनुसार कैद सजाय भएका राकेश जोशी नै साईमन जोशी रहेको कुरा यकिन हुन आयो। निजलाई अदालतको फैसला अनुसार कैदीपुर्जी दिई थुनामा राखिएको हुँदा उक्त थुना गैरकानूनी भन्ने निवेदकको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

ज्यान मार्ने उद्योग मुद्दाको जाहेरी दरखास्त र अभियोगपत्रमा प्रतिवादी राकेश जोशीको उमेर

अन्दाजी २० वर्ष उल्लेख भए पनि माथि उल्लिखित प्रमाणहरूबाट वारदात हुँदाको मितिमा निवेदकको उमेर १५ वर्ष रहेको देखिँदा तत्काल प्रचलित बालबालिका ऐन, २०४८ र हाल प्रचलित बालबालिका ऐन, २०७५ अनुसार नाबालकलाई हुने सजाय नै निजको हकमा आकर्षित हुने देखिन आएको।

अतः राकेश जोशी भन्ने व्यक्ति र साईमन जोशी भन्ने व्यक्ति एउटै रहेको प्रमाणित भएको र अदालतको फैसलाबमोजिम सजाय भई फैसला कार्यान्वयनका क्रममा निज थुनामा रहेको देखिँदा निवेदकको थुना गैरकानूनी नभई कानूनबमोजिम नै हुँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने।

तथापि वारदात हुँदाको अवस्थामा निवेदकको उमेर १५ वर्षको भई निज नाबालिग रहेको देखिन आएकोले निजलाई भक्तपुर जिल्ला अदालतको मिति २०७७।०३।२१ को फैसला अनुसार कसुर ठहर भई मिति २०७७।०३।३१ मा सजाय निर्धारण गर्दा ५ वर्ष कैद हुने ठहर भएकोमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) बमोजिम आधा सजाय हुने भई निज साईमन जोशीलाई २ वर्ष ६ महिना थुनामा राख्नुपर्ने देखिँदा सोबमोजिम नै फैसला कार्यान्वयन गर्न संशोधित कैदी पुर्जी निवेदकलाई दिनु भनी भक्तपुर जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः शिवहरि पौड्याल
कम्प्युटर: देबिमाया खतिवडा (देबिना)
इति संवत् २०७८ साल चैत्र ७ गते रोज २ शुभम्।

३१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-०२६३, शेषपछिको बकसपत्र, लक्ष्मीदेवी महर्जनसमेत वि. सुरेश श्रेष्ठसमेत

स्व. दुर्गालालले विराटनगरमा चालक पेसासमेत गरी मिति २०२७।११।२३ मा आफ्नी पत्नी न्हुच्छेदेवीको नाममा कि.नं. ५३ को ०-१-१९-२ जग्गा खरिद गरी सो जग्गामा घरसमेत निर्माण गरी बसोबास गरेको तथ्य देखिन आएको हुँदा न्हुच्छेदेवीको नाममा दर्ता रहेको उक्त कि.नं. ५३ को घरजग्गा आफ्ना पालामा आर्जेको निजी आर्जनको सम्पत्ति भई सो घरजग्गामा वादी नरेशमान सिंहको अंशहक रहन सक्ने देखिन आएन। कसैले पनि आफ्नो हक पुग्ने सम्पत्ति आफूखुस गर्न पाउने नै हुँदा उल्लिखित निजी आर्जनको घरजग्गा न्हुच्छेदेवीले आफूलाई स्याहारसम्हार गरेको भनी बेहोरा लेखी आफ्नो भन्जानाति नाताका व्यक्ति प्रतिवादी सुरेश श्रेष्ठलाई राजीखुसीले गरिदिएको शेषपछिको बकसपत्र कानूनसङ्गत नै रहेको।

प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्दा यस अदालतबाट आधार लिइएको ने.का.प २०५२, नि.नं. ५०४७ तथा ने.का.प. २०६०, नि.नं. ७२६५ समेतमा प्रतिपादित न्यायिक सिद्धान्तको सम्बन्धमा हेर्दा, प्रस्तुत मुद्दामा रहेको तथ्य र कानूनी प्रश्नहरू अंशसम्बन्धी उल्लिखित मुद्दाहरूसँग तादम्यता रहने प्रकृतिको पाइँदैन। प्रस्तुत मुद्दाको प्रकृति र तथ्यगत विशेषता उल्लिखित मुद्दाहरूभन्दा फरक प्रकृतिको अवस्था छ। यस अवस्थामा उल्लिखित न्यायिक सिद्धान्त प्रस्तुत मुद्दाको सम्बन्धमा आकर्षित हुने देखिएन। तसर्थ, यसरी विवादित घरजग्गा न्हुच्छेदेवी महर्जनकै निजी आर्जनको देखिई आफ्नो निजी हकको जग्गा आफूलाई औषधी, उपचार, स्याहारसम्भार गर्ने भान्जानाति नाताको व्यक्तिलाई शेषपछिको बकसपत्र गरेको कानूनसङ्गत नै हुँदा उक्त शेषपछिको बकसपत्रसमेत बदर गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहर गरेको सुरू फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मनासिब देखिँदा परिवर्तन गरिरहन नपर्ने।

अतः न्हुच्छेदेवी महर्जनले आफ्नो स्याहारसम्हार गर्ने भान्जानाति नाताको प्रतिवादी सुरेश

श्रेष्ठलाई मिति २०६६।०३।२२ र.नं. १००१८(क) बाट शेषपछिको बकसपत्र गरिदिएको मोरङ जिल्ला विराटनगर नगरपालिका वडा नं. १५ कि.नं. ५३ को ०-१-१९-२ जग्गामा पुनरावेदक वादीको हक रहेको नदेखिँदा, उक्त शेषपछिको बकसपत्रसमेत बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६८।०८।२८ मा भएको फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।०४।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: वसन्त प्रसाद मैनाली

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल पौष २२ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-०२६४, नामसारी निर्णय दर्ता बदर दर्ता, लक्ष्मीदेवी महर्जनसमेत वि. सुरेश श्रेष्ठ
- ०७२-CR-०१९४, जालसाजी, लक्ष्मीदेवी महर्जनसमेत वि. सुरेश श्रेष्ठ
- ०७२-CR-०१९५, लुटपिट, सरोज सिंह वि. विष्णुमाया महर्जनसमेत

३२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-CI-०८४४, परमादेश, सुजित आलेमगर वि. अपराध अनुसन्धान महाशाखा, टेकुसमेत*

विपक्षी मिडियाको रकम हिनामिना गरेको विषयमा निवेदकउपर ठगी मुद्दाको जाहेरी दर्ता भई अनुसन्धान तहकिकात भइरहेको र निज निवेदकलाई खोजतलास गर्दा हालसम्म फेला नपरेको भनी खुल्न आएको अवस्थामा नेपाल सरकार वादी भई चल्ने ठगी मुद्दाको अनुसन्धानको प्रक्रियामा प्रतिकूल असर पर्ने गरी निवेदकलाई पक्राउ नगर्नु, निज विरूद्ध मुद्दा नचलाउनु भनि परमादेश लगायतको आदेश जारी गर्नु कानून सङ्गत नहुनुका साथै सो विषयमा रिट क्षेत्रबाट हस्तक्षेपसमेत गर्न मिल्ने नहुने।

अतः निवेदन मागबमोजिम रिट निवेदकलाई पक्राउ गर्ने, फौजदारी मुद्दा चलाउनेलगायतका कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा परमादेश निषेधाज्ञासमेतको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा रिट जारी गर्न मिलेन । निवेदकको रिट निवेदन खारेज हुने ठहऱ्याई भएको तत्कालीन पुनरावेदन अदालत, पाटनको मिति २०७३।०५।०८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मनिता गुरूङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७८ साल पुस १४ गते रोज ४ शुभम्।

३३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-१०८१, ०७४-CR-०२३५, अपहरण तथा शरीर बन्धक, लक्ष्मण ठाकुर वि. नेपाल सरकार, विकास राई वि. नेपाल सरकार*

घटना भएको स्थान र पीडितालाई अपहरण गरी राखेको भनिएको मकै बारीको टहरो रहेको ठाउँजस्तो घरमा २ दिन पीडितालाई प्रतिवादी लक्ष्मण ठाकुरबाहेक यी प्रतिवादीहरूले पनि सो ठाउँमा जबरजस्ती राखेको, बन्धक बनाएको भनी जाहेरी दरखास्त तथा पीडिताले मौकामा गरेको कागजमा उल्लेख छैन । जाहेरवाली तथा निजका पिता र श्रीमान् अदालतमा आई यी प्रतिवादीहरूको पनि कसुरमा संलग्नता रहेको भनी बकपत्र गर्न सकेको छैन । यी पुनरावेदक प्रतिवादीहरूले पीडितालाई अपहरण गर्नुपर्ने कुनै आधार, कारण नभएको र सो अपहरणमा संलग्न भएबापत कुनै आर्थिक लाभ प्राप्त गर्ने वा गरेको भन्ने सबुद पनि प्रस्ट रूपमा आएको।

प्रतिवादीहरूको पीडितालाई अपहरण गर्ने

मनसाय तथा उद्देश्य रहेको भन्ने पनि पुष्टि हुँदैन । जाहेरी दरखास्तमा भ्यानबाट ओर्लिएपछि पीडितालाई प्रतिवादी लक्ष्मण ठाकुर एक्लैले हिँडाई मकै बारीमा रहेको टहरामा लगी राखेको भन्ने उल्लेख छ तर यी प्रतिवादीहरूले पीडितालाई अपहरण गरी बन्धक बनाइराखेको स्थानसम्म पुऱ्याएको, बन्धक बनाएको भन्ने खुल्न आएको छैन। पीडितालाई अपहरण गर्नमा यी पुनरावेदक प्रतिवादीहरूको संलग्नता रहेको भन्ने शंकारहित तवरबाट पुष्टि भएको देखिँदैन। यस स्थितिमा यी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गर्नु न्यायोचित नदेखिने।

प्रतिवादीहरूसरहका अन्य प्रतिवादीहरू तुलबहादुर तामाङ, सुमन वेगा, बद्री भन्ने बज्रबहादुर बस्नेत, सुदिप राई र वसन्त कुमार राजवंशीको हकमा विचार गर्दा, प्रतिवादीहरू तुल बहादुर तामाङ, सुमन वेगा, बद्री भन्ने बज्रबहादुर बस्नेत अदालतबाट जारी भएको म्यादमा हाजिर भई आफू घटनामा संलग्न नभएको, वारदातको समयमा अन्यत्र रहेको भनी अदालतमा इन्कारी बयान गरेका र निजहरूका साक्षी क्रमशः मात्रिका श्रेष्ठ, टंक श्रेष्ठ र कमला गौतमले उक्त बयान पुष्टि हुने गरी अदालतमा बकपत्र गरिदिएको पाइन्छ । प्रतिवादीहरूमध्ये बसन्त कुमार राजवंशीले मौकामा बयान गर्दा प्रतिवादी लक्ष्मणले आफूले मन पराएकी पीडिताले अर्कैसँग विवाह गरेकीले निजलाई जसरी पनि लैजान्छु सहयोग गर भन्दा आफूले यस्तो काम डाँगीहाट-५ का केटाहरूले गर्छन भनेको आफू वारदातको दिन दिउँसो प्रतिवादी लक्ष्मणसँग घुमेको भए पनि बेलुकी मादक पदार्थ सेवन गरी बसेको वारदातमा संलग्न नभएको भनी बयान गरेकोमा अदालतमा बयान गर्दा वारदात हुनु अघिसम्म आफू प्रतिवादी लक्ष्मण ठाकुरसँग साथै घुम्नसम्म गएको हो। वारदातमा संलग्न छैन भनी पूर्ण इन्कारी बयान गरेको र प्रतिवादी सुदिप राई बरामद भएको भ्यानका चालक भएको र निजले आफू भाडा लिई विकास राई समेतका यात्रु बोकी डाँगीहाट चोकसम्म गई फर्कदा पक्राउ परेको हुँ, म जाहेरवालीलाई अपहरण गर्न गएको छैन भनी अदालतमा बयान गरेको देखिन्छ। प्रतिवादीहरू बसन्त राजवंशीका साक्षी योगेन्द्रबहादुर लिम्बु र सुदिप राईका साक्षी नुतन लिम्बुसमेतले बसन्त राजवंशी र सुदिप राई पीडितालाई अपहरण गर्ने कार्यमा संलग्न नभएको भनी अदालतमा बकपत्र गरिदिएको।

अपहरण गरी बन्धक बनाएको २ दिनपछि बन्धक बनाइराखेको स्थानबाट प्रतिवादी लक्ष्मण ठाकुर दिशापिसाब गर्न गएको समयमा निजको आँखा छलेर भाग्न उम्कन सफल भई अपहरण मुक्त भएको भनी पीडिताले दिएको जाहेरी दरखास्तमा बरामद भएको भनिएको भ्यानको नम्बरसम्म उल्लेख छ । वारदात रातको करिब २१:३० बजे भएको र रातको समयमा सो भ्यानको नम्बर देख्ने, थाहा हुने स्वाभाविक अवस्था रहँदैन । यी प्रतिवादीहरूले पीडितालाई अपहरण गरी सोही गाडीमा लगेको भन्ने दाबी पुष्टि हुने गरी ठोस रूपमा सनाखत गरेको देखिन आएको छैन। पीडितालाई प्रतिवादी लक्ष्मण ठाकुरले अपहरण गर्ने योजना बनाई मकै बारी तथा बाँसघारी भएको स्थानको टहरामा २ दिनसम्म नियन्त्रणमा लिई बन्धक बनाइराखेको र त्यहाँ पीडितालाई बन्धक बनाइराख्दा अन्य कसैको संलग्नता रहेको भन्ने मिसिलबाट पुष्टि हुन नसकेकोले यी प्रतिवादीहरूको हकमा सुरू जिल्ला अदालतको फैसला बदर गरी सजाय हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत विराटनगरको मिति २०७२।०३।०९ को फैसला यी प्रतिवादीहरूको हकमा समेत मिलेको नदेखिने।

तसर्थः प्रतिवादीहरूमध्ये पुनरावेदक प्रतिवादी लक्ष्मण ठाकुरले सम्म पीडितालाई जबरजस्ती अपहरण गरेर लगी मकै बारी तथा बाँसघारीभित्रको टहरामा बन्धक बनाइराखेको भन्ने पुष्टि हुन आएकोले निज पुनरावेदक प्रतिवादी लक्ष्मण ठाकुरलाई साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा

शरीर बन्धक लिनेको महलको ३ नं.बमोजिम ४ वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने साथै ऐ.महलको १२ नं.बमोजिम प्रतिवादी लक्ष्मण ठाकुरबाट पीडिता आशा राजवंशीले रू.१०,०००।- क्षतिपूर्तिसमेत पाउने ठहर्छ । अन्य पुनरावेदक प्रतिवादीहरू विकेश गौतम, आकाश (कालु) भन्ने लक्ष्मीभक्त लिम्बु र विकास राईले आरोपित कसुर गरेको पुष्टि हुन नआएकोले सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७१।०३।२२ मा भएको फैसला बदर गरी सबै प्रतिवादीहरूलाई सजाय हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।०३।०९ मा भएको फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई पुनरावेदक प्रतिवादीहरू विकास राई, विकेश गौतम, आकाश (कालु) भन्ने लक्ष्मीभक्त लिम्बुले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ । साथै यी प्रतिवादीहरूसरहका प्रतिवादीहरू तुलबहादुर तामाङ, सुमन वेगा, बद्री भन्ने बज्रबहादुर बस्नेत, सुदिप राई र वसन्त कुमार राजवंशीको हकमा पुनरावेदन पर्न नआए तापनि साबिक मुलुकी ऐन, अ.बं. २०५ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ बमोजिम निज प्रतिवादीहरूले आरोपित कसुर गरेको पुष्टि हुन नआएकोले कसुरदार ठहऱ्याई सजाय गर्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत विराटनगरको मिति २०७२।०३।०९ को फैसला मिलेको नदेखिँदा पुनरावेदन नगर्ने निज प्रतिवादीहरू तुलबहादुर तामाङ, सुमन वेगा, बद्री भन्ने बज्रबहादुर बस्नेत, सुदिप राई र वसन्त कुमार राजवंशीसमेतले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत (उपसचिव): कृतिबहादुर बस्नेत

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल माघ ३ गते रोज २ शुभम् ।

३४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** ०७५-CR-११७९, लागु औषध, नेपाल सरकार वि. राजु मनसुली

प्रतिवादी राजु मनसुलीउपर वादी नेपाल सरकारले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम लागु औषध बिक्री वितरणतर्फको अभियोग दाबी लिएको भए तापनि निज प्रतिवादी लागु औषध बिक्री वितरण गर्दै गर्दाको अवस्थामा नभई लागु औषध साथमा लुकाई राखेको अवस्थामा पक्राउ परेको, प्रतिवादीबाट बरामदित लागु औषध ब्राउनसुगरको मात्रा १ ग्राम ६४० मिलिग्राममात्र भएको, प्रतिवादीले लागु औषध बिक्री वितरण गर्ने गरेको भन्ने पुष्ट्याइ हुने कुनै ठोस सबुत प्रमाण पुनरावेदक वादी नेपाल सरकारबाट पेस दाखेल हुन सकेको नदेखिने ।

तसर्थः बरामद भएको लागु औषध ब्राउनसुगरको परिमाण १ ग्राम ६४० मिलि ग्राममात्र भएको तथा निजले उक्त लागु औषध बिक्री व्यवहार गर्ने गरेको पुष्टि हुने अन्य प्रमाण देखिन नआएको परिप्रेक्ष्यमा प्रतिवादीले बरामद भएको लागु औषध आफूले सेवन गर्ने प्रयोजनकै लागि खरिद गरी ल्याएको देखिएको हुँदा लागु औषध सेवनतर्फ लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।१२।२७ मा भएको फैसला मनासिब नै हुँदा सदर हुने ।

इजलास अधिकृतः कृति बहादुर बस्नेत

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल माघ ५ गते रोज ४ शुभम् ।

३५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WH-०१३८, बन्दीप्रत्यक्षीकरण, होमबहादुर गुरूङ वि. राजस्व न्यायाधिकरण पुल्चोकसमेत*

निवेदकउपरको सुन भन्सार चोरी पैठारी मुद्दामा सुरू त्रिभुवन विमानस्थल भन्सार कार्यालयले

कसुरदार ठहर गरी कैद र सजाय गरेकोमा सो कसुर ठहर गरी सजाय भएको फैसलाउपर पुनरावेदन सुन्ने निकाय राजस्व न्यायाधिकरण, काठमाडौंमा पुनरावेदन गरेको भन्ने कुरा निवेदन बेहोरा र राजस्व न्यायाधिकरण, काठमाडौंबाट प्राप्त मिसिलबाट देखिन्छ । निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(६) बमोजिमको सुविधा पाउँ भनी राजस्व न्यायाधिकरण, काठमाडौंमा मिति २०७८।१०।१६ मा निवेदन दर्ता गरेको भन्ने तथ्यका विषयमा पनि विवाद देखिएको छैन । राजस्व न्यायाधिकरण, काठमाडौंका कानून सदस्य (अध्यक्ष) को व्यवस्थापन समयमा नै हुनुपर्ने हुन्छ । निवेदकले दर्ता गरेको उक्त निवेदनको निकासा कानून सदस्य (अध्यक्ष) को व्यवस्थापन हुन नसकेको कारण समयमा नै सुनुवाइ हुन नसकेको भन्ने निवेदनमा उल्लेख भए पनि अब सो अवस्था विद्यमान रहेको छैन । पुनरावेदन सुन्ने निकायमा विचाराधीन रहेको निवेदनको हकमा उक्त कानूनी व्यवस्था अनुसार कानूनको प्रयोग र निकासा सोही निकायबाट हुनु कानूनसङ्गत हुने हुँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । निवेदन खारेज हुने ।

निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(६) बमोजिमको सुविधा पाउँ भनी मिति २०७८।१०।१६ मा दर्ता गरेको निवेदन सम्बन्धित पुनरावेदन सुन्ने राजस्व न्यायाधिकरण, काठमाडौंबाट सुनुवाइ निकासा दिनुपर्ने देखिँदा सो निवेदनउपर यथासिघ्र कानूनबमोजिम निकासा दिनु भनी प्रत्यर्थी राजस्व न्यायाधिकरणको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः भेषराज भट्टराई

इति संवत् २०७८ साल फागुन १५ गते रोज १ शुभम् ।

**३६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-CI-०६०८, अंश दिलाई सम्बन्ध विच्छेद, यमराज तामाङसमेत वि. सानु तामाङ (गुरूङ)*

चनदेवी तरकारी तथा फलफूल सहकारी संस्था र मातृ बचत तथा ऋण सहकारी संस्थाबाट लिएको ऋण भनी जिकिर लिएको ऋणहरू विपक्षी यमराज तामाङले लिएको नदेखिएको अवस्थामा वादीले उक्त ऋण आफ्नो सहमति र मन्जुरी लिएर निकालेको ऋण होइन र उक्त ऋण बारे आफूलाई थाहा जानकारीसमेत नभएको भनी सुरू ललितपुर जिल्ला अदालतमा तायदाती फाँटवारीउपर निवेदन दिएको र जिकिर लिएको देखिन्छ । उक्त ऋण लिँदा वादीको सहमति मन्जुरीमा रहेको भन्ने समेत देखिन आउँदैन । पुनरावेदक प्रतिवादी यमराज तामाङले दायदाती फाँटवारी मिति २०७४।१२।२० मा पेस गर्दा चनदेवी तरकारी तथा फलफूल सहकारी संस्था लि.बाट व्यापारिक प्रयोजनका लागि मिति २०७१।०८।२७ मा रू.५०,००,०००।–(पचास लाख) र मातृ बचत तथा ऋण सहकारी संस्थाबाट मिति २०७१।०६।०२ मा रू.५०,००,०००।– (पचास लाख) व्यापारिक प्रयोजनका लागि ऋण लिएको भनी तायदाती पेस गरेको पाइन्छ । सहकारी नियामक निकाय र चनदेवी बहुउद्देश्य सहकारी संस्थाको पत्रसमेतबाट करिब ३ महिनाको अन्तरालमा रू. पचास लाखको दरले जम्मा एक करोड ऋण लिनुपर्ने सगोलको पारिवारिक अवस्था र प्रयोजनको बारेमा प्रतिवादी यमराज तामाङले उल्लेखसमेत गर्न सकेको तथा ऋण लिने प्रयोजनसमेत उल्लेख गर्न नसकेको र यी वादीको सहमति सल्लाहमा सो ऋण लिएको भन्ने पनि नदेखिँदा यी वादीलाई आफूले पाउने अंशबन्डाभन्दा बढी ऋणको बोझ दायित्व थोपर्नु मनासिब नदेखिने ।

तसर्थ, मातृ बचत तथा ऋण सहकारी संस्था लि. र चनदेवी तरकारी तथा सहकारी संस्था लि.बाट लिएको ऋण एभरेष्ट बैंकबाट गाडी खरिद गर्न कर्जा लिई गाडी खरिद गरेको ऋणसमेत बन्डा लाग्ने गरी भएको

सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी वादीलाई उल्लिखित ऋण बन्डा नलाग्ने गरी भएको उच्च अदालत, पाटनको मिति २०७६।७।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटर - देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल फागुन ६ गते रोज ६ शुभम्।

## इजलास नं. ५

**३७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-CR-१२५६, अवैध रूपमा रेड पाण्डाको छाला ओसारपसार तथा बिक्री वितरण, नेपाल सरकार वि. गणेश गुरूङसमेत*

प्रतिवादीहरू दावा शेर्पा, विजय लामा र गणेश गुरूङसमेतले अनुसन्धान अधिकारी र अदालतमा बयान गर्दा साम्देन शेर्पा दावा शेर्पालाई भेट्न मात्र गएको हो, निजले कसुरजन्य अपराध गरेको छैन, निर्दोष हुन् भनेको देखिन्छ। वादी नेपाल सरकारबाट यी प्रतिवादीसमेतको संलग्नतामा दुर्लभ जंगली जनावर बाघ तथा रातो पाण्डाको छाला ओसारपसार तथा बिक्री वितरण गरेका छन् भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन। बरामदी मुचुल्कामा दावा शेर्पा र साम्देन शेर्पासमेतले बोराबाट रेडपाण्डा र बाघको छाला बरामद भएको भन्ने आधारमा मात्र प्रतिवादी साम्देन शेर्पा दोषी हुन् भनी मान्न मिल्ने अवस्था देखिन नआएकोले निज प्रतिवादी साम्देन शेर्पालाई अभियोग दाबीबमोजिम रू. ५,००,०००।- जरिवाना गर्ने गरी सुरू अदालतबाट भएको फैसलालाई बदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला न्याय र प्रमाणको रोहमा मिलेको देखिन आउने।

अतः प्रतिवादीहरू साम्देन शेर्पा र गणेश गुरूङ दावा शेर्पालाई भेट्न मात्र गएको देखिएको, प्रतिवादीहरू दावा शेर्पा र विजय लामाले साम्देन शेर्पा र गणेश गुरूङ दावा शेर्पालाई भेटनसम्म गएको भनी बयान गरेको देखिएबाट निजहरूलाई बचाउनुपर्ने कुनै कारणसमेत नभएको, निज प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुर अपराधमा संलग्नता रहेको छ भन्ने कुरा सङ्कलित मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुन आएको नदेखिएको अवस्थामा उच्च अदालत पाटनबाट प्रतिवादी गणेश गुरूङलाई अभियोग दाबीबाट सफाइ दिएको फैसला न्याय र प्रमाणको रोहमा अन्यथा गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको देखिन नआउने। प्रतिवादी साम्देन शेर्पाको हकमा समेत वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम रू.५,००,०००।- (पाँच लाख) जरिवाना हुने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म नमिलेकोले उल्टी गरी सफाइ पाउने ठहर गरी उच्च अदालत पाटनको मिति २०७६।५।१५ गतेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: उषा गिरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल अश्विन १५ गते रोज ६ शुभम्।

**३८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, मा.न्या.श्री कुमार रेग्मी,** *०७६–WO-०२३४, उत्प्रेषण, परमादेश, प्रधान डायग्नोष्टिक सेन्टर प्रा.लि. बिर्तामोडसमेत वि. माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीसमेत*

मलेसिया सरकारबाट प्राप्त मापदण्ड, विशेषज्ञ डाक्टरहरूसमेत सम्मिलित टोलीबाट निवेदकहरूसमेतका सबै स्वास्थ्य संस्थाहरूको स्थलगत रूपमा अनुगमन गरी विशेषज्ञ समितिको सिफारिसबमोजिमको पहिलो सूची प्रकाशित गरी सोमा उजुरी गर्ने तीन दिनको समय प्रदान गरी प्राप्त उजुरीको आधारमा उजुरी परेका स्वास्थ्य संस्थाहरूको विशेषज्ञहरूको टोलीद्वारा पुनः निरीक्षण तथा

अनुगमन गराई श्रम, रोजगारी तथा सामाजिक सुरक्षा मन्त्रालयबाट निर्णय भई स्वास्थ्य संस्थाहरू छनौट भएको देखियो । छनौट नभएका स्वस्थ्य संस्थाहरूको सम्बन्धमा नामावली प्रकाशित गर्दा छनौटमा नपरेको कारण खुलाएको देखिन्छ । आफू छनौटमा नपरेको कारणका सम्बन्धमा निवेदकहरूको कुनै प्रतिक्रिया देखिँदैन । सो तथ्यलाई निवेदकहरूले स्वीकार गरी बसेको अवस्था देखियो । तोकिएको मापदण्ड सबैका हकमा समान रूपमा लागु हुने देखिएको र निवेदकहरू विरूद्ध भेदभावपूर्ण व्यवहार गरी मापदण्ड लागु भएकोसमेत नदेखिँदा निवेदकहरूको मौलिक हक हनन भएको प्रश्न आकर्षित हुनेसमेत देखिएन । तसर्थ उजुरी गर्ने समयावधि तोकी प्रकाशित गरेको पहिलो नामावलीमा नाम समावेश भएकै आधारमा आफूले समेत मलेसिया जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने अनुमति पाउनुपर्दछ भन्ने रिट निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

नियमानुसार सूचना प्रकाशित गरी निवेदन आहवान गरी परेका निवेदनको आधारमा स्वास्थ्य सस्थाहरूको अनुगमन निरीक्षण गरी गुनासा/उजुरीहरूसमेत सुनी पुनः अनुगमन गरी मलेसिया जाने कामदारहरूको स्वास्थ्य परीक्षण गर्ने अनुमति पाउने स्वास्थ्य संस्थाको अन्तिम नामावली प्रकाशित गरेको कार्य नियमानुसारकै देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: माधवप्रसाद लोहनी
कम्प्युटर: विजय खड्का
इति संवत् २०७८ साल भदौ ३ गते रोज ५ शुभम् ।

३९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७६-CI-०२०४, लिखत दर्ता बदर, मिना पाण्डे वि. रवी खड्गीसमेत

वादीहरू रविता खड्गी र रवी खड्गी प्रतिवादी कान्छा शाही खड्गी र लक्ष्मी खड्गीको छोराछोरी रहेको भन्ने तथ्यमा विवाद देखिँदैन । प्रतिवादी कान्छा शाही खड्गीको अंशियारहरूबिच अंशबन्डा हुँदा साबिक बाडेगाँउ ७ (ख) कि.नं. ४ को क्षेत्रफल २-१०-० जग्गाबाट कित्ताकाट भई ०-१०-० जग्गा निज कान्छा शाही खड्गीको नाममा बाडेगाँउ ७(ख) कि.नं. १०४ को क्षेत्रफल ०-१०-०-० जग्गा कायम हुन आएको देखिन्छ । उक्त जग्गा कि.नं. १०४ को ०-१०-०-० जम्मामध्ये ऐ.ऐ. कि.नं. १०५ को क्षेत्रफल ०-४-०-० जग्गा इन्द्रकुमारी सापकोटालाई बिक्री गरी वादी कि.नं. १०६ को क्षेत्रफल ०-६-०-० जग्गा यी पुनरावेदक प्रतिवादी मिना पाण्डेलाई बिक्री गरेको भन्ने कुरा प्रतिउत्तर जिकिरबाट खुल्न आउँछ । उक्त तथ्यलाई वादीले खण्डन गर्न सकेको पाइँदैन । त्यसैगरी वादीका बाजे सिलाल खड्गीको नाममा अबन्डा जग्गा रहेकोले सो अबन्डा सम्पत्ति बन्डा गरिपाउँ भनी वादीका बाबुका अंशियारमध्येका कृष्ण बहादुर शाहीले वादीका बाबु प्रतिवादी कान्छा खड्गीसमेतलाई विपक्षी बनाई ०७१-CP-०९६६ को अबन्डा सम्पत्ति बन्डा लगाई मुद्दा दायर गरेको भन्ने कुरा प्रतिवादी मिना पाण्डेको प्रतिउत्तरबाट र यी वादीका बाजेको नाममा अबन्डाको रूपमा करिब २-२-१-० जग्गा दर्ता बाँकी रहेको भन्ने कुरा मिसिल साथ रहेको कागजातबाट खुल्न आउँछ । यसरी वादीका पिताको अंश भागमा प्रस्तुत मुद्दामा बदर माग गरेको सम्पत्तिको अतिरिक्त अन्य सम्पत्तिसमेत प्राप्त गरेको भन्ने खुल्न आएको देखिन्छ । मुलुकी ऐन अंशबन्डाको १९(१) मा पिता पुर्खाका पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा एकासगोलका छोरी वा विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुस गर्न पाउँछ भन्ने व्यवस्था रहेको छ । वादीका पिताको अंश भागमा वादीले लिखत बदरमाग गरेको जग्गाको अतिरिक्त अन्य जग्गाहरूसमेत रहेको भन्ने खुल्न आएको अवस्थामा वादीका पितामाताले घरव्यवहार चलाउनलाई वादीले दाबी गरेको सम्पत्ति बिक्री गर्न सक्ने नै देखिँदा ४ भागको २ भाग लिखत

बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ।

अतः वादीहरूका पिताले मिति २०७३।०७।०८ मा र.न. १६५३ क बाट प्रतिवादी मिना पाण्डेलाई राजीनामा गरिदिएको बाहेक सम्पत्तिसमेत अंशभागमा प्राप्त गरेको अन्य अबन्डा सम्पत्तिसमेत रहेको भन्ने मिसिल संलग्न कागजातबाट देखिएकोले वादी दाबी पुग्न नसक्ने हुँदा र.न. १६५३ क को लिखतको ४ भागको २ भाग बदर हुने ठहर्छ भनी ललितपुर जिल्ला अदालतबाट मिति २०७४।१०।०२ मा भएको फैसला सदर गर्ने गरेको उच्च अदालत पाटनको मिति २०७५।०६।०२ को फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ।

इजलास अधिकृत: ओजा लामिछाने

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल चैत्र २४ गते रोज ३ शुभम् ।

**४०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा. श्री मनोजकुमार शर्मा,** *०६९-WO-१२६३, उत्प्रेषण, रामशरण श्रेष्ठसमेत वि. मालपोत कार्यालय डिल्लीबजारसमेत*

दर्तासम्बन्धी कारबाही र निर्णय गर्ने कर्तव्य र जिम्मेवारी मालपोत ऐन, २०३४ को दफा ६, ८ समेतका कानूनबमोजिम सम्बन्धित मालपोत कार्यालयको देखिन्छ । जग्गा पर्ती जनिई नेपाल सरकारको नाममा दर्ता भएको अवस्था भई सो दर्ता बदर वा कित्ताकाट सम्बन्धमा कुनै तालुक निकाय वा पदाधिकारीबाट स्वीकृति लिनुपर्ने रहेछ भने पनि सोबमोजिमको प्रक्रिया पूरा गर्ने जिम्मेवारीसमेत सोही कार्यालयमा रहन्छ । निवेदन मागबमोजिम जग्गा दर्ता हुने प्रकृतिको हो, होइन? प्रमाण बुझी यो आधार कारणबाट दर्ता हुने अथवा नहुने भनी निर्णय हुनु पर्नेमा मालपोत कार्यालय डिल्लीबजारबाट व्यक्तिको जग्गा सरकारी जग्गा घुसी नापनक्सा तथा दर्ता भएमा सो जग्गा कित्ताकाट गरी छुट्याई दर्ता गर्न मिल्ने कानूनी व्यवस्था र यस्तो विषयमा प्रमाणको व्याख्या विश्लेषण मूल्याङ्कन गर्ने क्षेत्राधिकारसमेत यस कार्यालयलाई नहुँदा प्रस्तुत निवेदन तामेलीमा राख्ने भनी आदेश भएको पाइयो । आफ्नो क्षेत्राधिकारभित्रको कार्यलाई यो वा त्यो बहानामा सरकारी निकायले आफ्नो काम कर्तव्यबाट विमुख हुन मिल्दैन । निवेदन मागबमोजिम हुने नहुने भनी कानूनबमोजिम आवश्यक निर्णय दिनु आवश्यक हुने ।

यसर्थ, मिति २०६९।१२।१५ को मालपोत कार्यालय डिल्लीबजारको तामेली राख्ने गरी भएको निर्णय उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब जे जो बुझ्नुपर्छ बुझी आवश्यक प्रक्रिया पूरा गरी निवेदकका नाममा जग्गा नामसारी दाखिल दर्ता हुने वा नहुने सम्बन्धमा कानूनबमोजिम निर्णय गर्नु भनी प्रत्यर्थी मालपोत कार्यालय डिल्लीबजारका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल भाद्र २७ गते रोज १ शुभम् ।

**४१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. श्री मनोजकुमार शर्मा,** *०६९-WO-०५९५, परमादेश, विनाराम खड्का वि. नेपालगन्ज नगर विकास समितिको कार्यालयसमेत*

निवेदकले ३७% जग्गाबापतको रकम नेपालगन्ज नगर विकास समितिबाट फिर्ता प्राप्त गरेकोमा विवाद छैन । साबिकदेखि बाटो भएको र बाटो नभएको जग्गालाई एकै अनुपातमा जग्गा फिर्ता गर्दा समानता नहुने भै नेपालगन्ज नगर विकास समितिले साबिकमा ६ मिटर बाटोले छोएको जग्गामा हाल २० मिटर बाटोले छोएमा ५०% विकसित घडेरी फिर्ता दिने भन्ने मिति २०६१।६।१९ मा निर्णय भएको भन्ने देखिन्छ । नेपालगन्ज नगर विकास समितिको कार्यालय, नेपालगन्ज बाँकेबाट मिति २०६५।५।२५

मा भएको निर्णयको बुँदा नं. १ मा निवेदकले ५०% घडेरी जग्गा पाउनुपर्नेमा ३७% पाइसकेको देखिँदा १३% घडेरी जग्गा उपलब्ध गराउने र उक्त निर्णय यथाशीघ्र कार्यान्वयन गर्ने भन्नेसमेत उल्लेख भएको पाइयो । निवेदकले नगर विकास समितिलाई जग्गा उपलब्ध गराउँदा ६ मिटरको बाटो भएकोले ५०% जग्गा फिर्ता गर्ने भनी निर्णय भएकोमा निवेदकलाई ३७% जग्गा उपलब्ध गराइसकेको र थप १३% जग्गा उपलब्ध गराउने भनी निर्णय गरिसकेपछि आफ्नै निर्णय नेपालगन्ज नगर विकास समितिले कार्यान्वयन गरेको पाइएन । नेपालगन्ज नगर विकास समितिले आफैँ गरेको निर्णय आफैँ कार्यान्वयन नगरी झुलाई राख्न तथा निवेदकलाई थप मुआब्जा फिर्ता गर्नुपर्ने होइन भन्न विबन्धनको सिद्धान्तसमेतबाट मिल्ने देखिन नआउने ।

यसर्थ, नेपालगन्ज नगर विकास समितिको मिति २०६५।५।२५ मा भएको निर्णयबमोजिम तथा सोही प्रकृतिका अन्य जग्गावालासरह निवेदकले ५०% जग्गा बापतको मुआब्जा पनि पाउने अवस्था देखिँदा भुक्तानी हुन बाँकी १३% बराबरको रकम निवेदक विनाराम खड्कालाई भुक्तानी दिनु भनी प्रत्यर्थी नेपालगन्ज नगर विकास समितिको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: रूद्र प्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल भाद्र २७ गते रोज १ शुभम् ।

**४२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-०८७९, परमादेश, नेशन राई वि. नेपाल मेडिकल काउन्सिल बाँसबारीसमेत*

निवेदिकाले चीनमा अध्ययनार्थ जानुअगाडि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृति वा अनुमति लिँदाको अवस्थामा (सन् २००६ मा) हाल प्रत्यर्थीहरूले उल्लेख गरेअनुसारको तह र श्रेणीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्ने अनिवार्यता रहेको देखिँदैन । त्यसबेला त्यस प्रकारको व्यवस्था नभएको कुरा प्रत्यर्थी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट निवेदिकाको योग्यता सम्बन्धमा कुनै प्रश्न नउठाई अध्ययन अनुमति प्रदान गरिएको कुराबाट पनि प्रस्ट हुन्छ । अहिले आएर सन् २००६ मा नै अध्ययन अनुमति प्राप्त गरी चीन गएर अध्ययन गरेकी निवेदिकाको सम्बन्धमा सन् २००८ मा गरिएको परिवर्तित व्यवस्थालाई पाश्चातदर्शी असर प्रदान गरेर निवेदिकालाई नेपाल मेडिकल काउन्सिलबाट लिइने योग्यता परीक्षण परीक्षामा सामेल हुनबाट बञ्चित गर्नु मनासिब हुँदैन । निवेदिकाले अनुमति प्राप्त गर्दाको अवस्थामा तोकिएको मापदण्ड पूरा नगरेको अवस्था थियो भने निजलाई अध्ययन अनुमति प्रदान नगरिनु स्वाभाविक थियो । तर त्यस प्रकारको स्थिति नभएकाले नै अध्ययन अनुमति प्रदान गरिएको देखिन्छ । यसपछि सन् २०१४ मा नै अध्ययन पूरा गरेर नेपाल आएकी निवेदिकालाई अहिले आएर पछि बनेको मापदण्डका सर्त देखाई नेपाल मेडिकल काउन्सिलबाट लिइने चिकित्सा पेसा गर्ने इजाजतसम्बन्धी योग्यता परीक्षामा सामेल हुन दिनबाट बञ्चित गर्नु अनुचित र अन्यायपूर्ण कार्य हुन जान्छ । प्रत्यर्थीहरूको यस प्रकारको कार्यबाट निवेदिकाको शिक्षासम्बन्धी तथा पेशा रोजगारसम्बन्धी हक अधिकारमा आघात पर्ने स्थितिसमेत देखिन आउने ।

निवेदिका नेशन राईले विधिवत् रूपमा अध्ययन अनुमति प्राप्त गरी चीनमा गई एम.वि.वि.एस. तहको अध्ययन पूरा गरेको; निजले पेस गरेको प्रमाणपत्र सम्बन्धमा कुनै प्रश्न उठाइएको नदेखिएको; निज अध्ययन गर्न गइसकेपछि बनेको मापदण्डका आधारमा निवेदिकालाई नेपाल मेडिकल काउन्सिलबाट लिइने चिकित्सा पेसा गर्ने इजाजतसम्बन्धी योग्यता परीक्षामा सामेल हुन दिनबाट वञ्चित गरिएको देखिएको;

र प्रत्यर्थीहरूको उक्त कार्य अनुचित, त्रुटिपूर्ण र निवेदिकाको शिक्षा तथा पेसा रोजगारीसम्बन्धी हक अधिकारमा आघात पुग्ने प्रकृतिको देखिएको हुँदा निवेदिका नेशन राईले प्रत्यर्थी नेपाल मेडिकल काउन्सिलबाट चिकित्सकको रूपमा दर्ता हुन लिइने परीक्षामा सामेल हुन भनी दिएको निवेदन लिई निजलाई परीक्षामा सामेल हुन दिनु, दिलाउनु र सो परीक्षामा उत्तीर्ण भएमा निवेदिकालाई चिकित्सकको रूपमा दर्ता गरी प्रमाणपत्र दिनु दिलाउनु भनी नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल पुस ११ गते रोज १ शुभम् ।

## ४३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. श्री मनोजकुमार शर्मा,** *०७५–WO-१२७०, परमादेश, ध्रुव डंगोल वि. गृह मन्त्रालय सिंहदरबारसमेत*

नागरिकतासम्बन्धी विद्यमान कानूनी व्यवस्था र सोअनुसार काठमाडौं जिल्ला, का.म.न.पा.७ नं. वडा कार्यालयको सर्जमिन मुचुल्का र सोसाथ पेस भएको अनुसूची फारामबाट निवेदक ध्रुव डंगोल नेपाली नागरिक पिता ज्ञानबहादुर डंगोल र आमा जुही डंगोलको सन्तानको रूपमा जन्मिएकोमा बुबाआमा नेपाली नागरिक भई निजहरूको नागरिकता नभएको अवस्थामा स्थानीय तहका जनप्रतिनिधिले कानूनबमोजिम गरिदिएको सर्जमिन मुचुल्काका आधारमा नेपाली नागरिकता पाउने कानूनी व्यवस्था रहेको देखिँदा निवेदनसाथ पेस गरेका प्रमाणहरूलाई अन्यथा भनी निवेदकको नागरिकता पाउने संबैधानिक तथा कानूनी हकबाट वञ्चित गर्नु कानून र विवेकसङ्गत नदेखिने ।

तसर्थ, निवेदक ध्रुव डंगोलले नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएकोले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (२) (क) बमोजिम प्रक्रिया पूरा गरी कानूनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी परमादेश जारी हुने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल पौष ११ गते रोज १ शुभम् ।

## ४४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७६–WO-०५३१, परमादेश, रूपक पहरीसमेत वि. गृह मन्त्रालयसमेत*

नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) तथा नेपालको संविधानको धारा ११ (२) को खण्ड (ख) बमोजिम कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने छ भनी नेपालको नागरिक हुने सम्बन्धमा लैङ्गिक भेदभावविना आमालाई पनि बाबुको जत्तिकै अधिकार दिएको देखिन्छ । यस्तै विवादमा यस पूर्वका विभिन्न फैसलाबाट सो कुरा स्थापित गरिसकेको छ । यस अवस्थामा आमाको नामबाट वंशजका आधारमा नागरिकता प्राप्त गर्न सक्ने संवैधानिक र कानूनी व्यवस्था हुँदाहुँदै सोलाई अस्वीकार गरी बुबा, बाजेको वंशज खुल्ने नेपाली नागरिकता पेस गरेमा नागरिकता दिने, आमाको नामबाट नागरिकता दिन नमिल्ने भनी कानूनबमोजिम पेस भएका कागजातहरूलाई मान्यता नदिई सामान्य कार्यविधिगत उल्झन देखाई संवैधानिक तथा कानूनी व्यवस्थालाई अस्वीकार गर्नु स्वाभाविक, वाञ्छनीय र कानूनअनुकूलको कार्य देखिएन । यस अवस्थामा निवेदक रूपक पहरी आमा शुभद्रा पहरीको वंशज भएको नाताले नेपालको नागरिकता पाउने देखिने ।

निवेदक रूपक पहरी आमाको नामबाट नागरिकता प्राप्त गर्न योग्य रहेको देखिँदा कानूनबमोजिम

जे जो प्रक्रिया पूरा गर्नुपर्छ पूरा गरी आमा शुभद्रा पहरी वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्ति देखिएको हुँदा र निवेदकको बाबु बेपत्ता भएको भन्ने हुँदा निज रूपक पहरीलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी परमादेश जारी हुने।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल पौष ११ गते रोज १ शुभम्।

४५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CI-०९१२, ०७२-CI-१२९४, अंश नामसारी, रामकृपाल पासी वि. रामरेखा पासीसमेत वि. रामरेखा पासी वि. रामकृपाल पासी*

प्रतिवादी रामरेखा पासीसमेत वादी र वादी रामकृपालसमेत प्रतिवादी भएको २०६२ सालको दे.नं.६७-०६२-००२४७/४२५ को अंश नामसारी मुद्दामा वादीहरूले २ भागको १ भाग अंश पाउने ठहरी मिति २०६४।१।१३ मा फैसला भै सोही फैसलाबमोजिम मिति २०६६।१।२२ को बन्डा मुचुल्काअनुसार पुनरावेदक प्रतिवादी रामरेखा पासीको अंश छुट्याएको देखिँदा वादी रामकृपाल तथा प्रतिवादीमध्येका औधराज पासीसँग प्रतिवादी रामरेखा पासी छुट्टी भिन्न भएको देखिने।

प्रतिवादी रामरेखा पासी वादीसँग समेत उक्त मिति २०६६।१।२२ मा आफ्नो अंश लिई छुट्टी भिन्न भइसकेपछि पुनरावेदक प्रतिवादी रामरेखा पासी, प्रतिवादी औधराज पासी र वादी रामकृपाल पासीसमेतले कि.नं. २७,३० र १३९ को जग्गालाई छुट जग्गा दर्ता गरिपाउँ भनी पजरकट्टी गा.वि.स.को मिति २०६७।२।३ को सिफारिससमेत गराई मालपोत कार्यालय रूपन्देहीमा निवेदन दिई मालपोत कार्यालय रूपन्देहीबाट उक्त कि.नं. ३०, २७ र १३९ को जग्गामध्ये कि.नं. ३० को प्रतिवादी रामरेखा, प्रतिवादी औधराज र वादी रामकृपालको हक हुने गरी र कि.नं. १३९ र २७ को जग्गा प्रतिवादी रामरेखा र प्रतिवादी औधराजको हकहिस्सा हुने गरी दर्ता गर्ने भनी मिति २०६८।६।६ मा निर्णय गरी सोहीबमोजिम संयुक्त रूपमा निजहरूको नाउँमा जग्गाधनी दर्ता प्रमाण पुर्जासमेत दिएको देखिने।

प्रतिवादीमध्येका रामरेखा पासीले दे.नं. ४२५ को अंश नामसारी मुद्दामा भएको मिति २०६४।१।१३ को फैसलाबमोजिम मिति २०६६।१।२२ को बन्डा मुचुल्काबाट आफ्नो अंश हक छुट्टाई लिइसकेपछि निज तथा प्रतिवादी औधराज पासी र वादी रामकृपाल पासीसमेत भई उक्त कि.नं. २७,३० र १३९ को जग्गालाई छुट जग्गा दर्ता गरिपाउँ भनी मालपोत कार्यलय रूपन्देहीमा उक्त कि.नं. २७ र १३९ को जग्गा औधराज पासी र रामरेखा पासीले बाबु बाजेको पालादेखि जोत भोग गर्दै आएको र त्यसै गरी कि.नं. ३० को जग्गा रामरेखा पासी, औधराज पासी र रामकृपाल पासीसमेत तीनै जनाले बाबु बाजेको पालादेखि भोग गर्दै आएकोसमेत भनी उल्लेख गरेको पजरकट्टी गा.वि.स.को कार्यालय पजरकट्टी रूपन्देहीको सिफारिसपत्र पेस गरेको र मालपोत कार्यालय रूपन्देहीले पनि पजरकट्टी गा.वि.स.को उक्त सिफारिसबमोजिम नै उक्त कि.नं. १३९ र २७ को जग्गा रामरेखा पासी र औधराज पासीको हक हिस्सा हुने र कि.नं. ३० मा रामरेखा, औधराज र रामकृपालको हकहिस्सा हुने गरी जनाई दर्ता गरिदिने भनी कैफियत महलमा उल्लेख गरी मिति २०६८।६।६ मा निर्णय गरी उक्त निर्णयबमोजिम वादी तथा प्रतिवादीहरूले उक्त कि.नं. २७, ३० र १३९ को जग्गा संयुक्त नाउँमा दर्ता भएको जग्गाधनी दर्ता प्रमाणपुर्जासमेत प्राप्त गरेको देखिन्छ। मिति २०६८।६।६ को मालपोत कार्यालय रूपन्देहीको निर्णय हालसम्म कायम नै रहेको र उक्त निर्णयलाई प्रस्तुत मुद्दाका वादी तथा प्रतिवादीहरूले स्वीकार गरी हालसम्म बदर नगराई बसेकोमा प्रस्तुत

मुद्दा परेपछि मात्र मालपोत कार्यालय रूपन्देहीको उक्त मिति २०६८।६।६ को निर्णय मिलेको छैन भन्न मिल्ने देखिँदैन । मालपोत कार्यालय रूपन्देहीको उक्त मिति २०६८।६।६ को निर्णयबमोजिम कि.नं. ३० को जग्गा वादी तथा प्रतिवादीहरू तीनै जनाले बराबर पाउने र कि.नं. २७ र १३९ को जग्गा प्रतिवादी रामरेखा पासी र प्रतिवादी औधराज पासीले मात्र आधा आधा पाउने भनी भएको निर्णय कायमै रही रहेको अवस्थामा उक्त निर्णयलाई पुनरावेदकहरूले स्वीकार गरी बसेको देखिँदा कि.नं. ३० को जग्गामा वादी तथा प्रतिवादीहरू तीनै जनाले बराबर पाउने र कि.नं. २७ र १३९ को जग्गा प्रतिवादी रामरेखा पासी र प्रतिवादी औधराज पासीले मात्र आधा आधा पाउने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

प्रतिवादी रामरेखा पासीले अंश मुद्दाको फैसलापश्चात् आफ्नो अंश हक छुट्टाई लिईसकेपछि वादी प्रतिवादी दुबै पक्षले आफूहरूले भोग गरेको भन्ने आधारमा सिफारिस लिई सोही आधारमा हक हिस्सा हुने भनी कैफियत महलमा उल्लेखगरी जग्गा दर्ता गराएकोमा निर्णयउपर दुबै पक्षको चुनौती नरहेकोसमेतका आधारकारणबाट पुनरावेदकहरूको पुनरावेदन जिकिर स्वीकारयोग्य देखिन नआउने।

अत: कि. न. ३०,२७ र १३९ को जग्गामध्ये कि.नं. ३० को जग्गाबाट ३ भागको १ भाग र कि.नं. २७ र १३९ को जग्गामध्ये रामरेखाले आफ्नो भाग छुट्याई औधराजको भागमा बाँकी रहेको जग्गाबाट २ भागको १ भाग अंश पाउने ठहऱ्याई रूपन्देही जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी उक्त कि.नं.२७ र १३९ को जग्गाबाट वादीले प्रतिवादीहरूबाट अंश नपाउने ठहर्छ, अरूमा उक्त फैसला सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: उषा गिरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल फागुन ३ गते रोज ३ शुभम्।

## इजलास नं. ६

४६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०६७-WO-१०४६, उत्प्रेषण मिश्रित परमादेश, दिपकबहादुर पाण्डे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

गुठीका जग्गाहरूको संरक्षण र व्यवस्थापनको लागि गुठी संस्थानले जुनसुकै अवस्थामा हस्तक्षेप गर्न पाउने कानूनी व्यवस्थाबमोजिम तत्कालीन श्री ५ को सरकारको नामबाट लगत कट्टा गरी गुठीको नाउँमा दर्ता गर्ने गरी भएको निर्णय उक्त कानूनी व्यवस्था अनुरूप नै देखियो । सरकारी वा सार्वजनिक जग्गा आफ्नो नाउँमा दर्ता गर्ने गरी गुठीले एकतर्फी निर्णय गर्न मिल्दैन भन्ने लिखित जवाफ रहेको सन्दर्भमा हेर्दा, मालपोत ऐन, २०३४ को दफा २ ख (२) मा सरकारी जग्गाको परिभाषा गरेको देखिन्छ । सो अनुसार सरकारी जग्गा भन्नाले "नेपाल सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सकारी घर, भवन वा जग्गा, सडक बाटो वा रेल्वे, वनजंगल वा वनजंगलमा रहेको रूख, बुट्यान, नदी, खोलानाला ताल पोखरी तथा त्यसको डिल, नहर, कुलो वा ऐलानी, पर्ती जग्गा, खनिज वा खनिज पदार्थ, हिमाल, भिर, पहरा, डगर, बगर,सार्वजनिक बगैँचा, सामुदायिक गुठी वा कुनै व्यक्तिको नाममा रहेको जग्गाबाहेकको अन्य जग्गा सम्झनुपर्छ" भन्ने उल्लेख भएको पाइन्छ । उक्त परिभाषा अनुसार गुठी जग्गालाई सरकारी जग्गाको परिभाषाबाट बाहेक गरेको देखियो । यस अवस्थामा गुठीको संरक्षणको लागि गुठी प्रशासकले नापीको समयमा दर्ता गर्न छुट भएको गुठी

तैनाथी जग्गा तत्कालीन श्री ५ को सरकारको नामबाट लगत कट्टा गरी गुठीको नाउँमा दर्ता गर्ने गरी निर्णय गर्न सक्ने नै देखिने ।

गुठी प्रशासकले तत्कालीन श्री ५ को सरकारको नाउँमा स्रेस्ता प्रमाणित भएको गुठी तैनाथी जग्गा गुठीको नाउँमा दर्ता गर्ने निर्णय गरी कार्यान्वयनको लागि मालपोत कार्यालयमा पठाएकोमा मालपोत कार्यालय धनुषाले कि.नं ३२ ५ र २४२ का जग्गा तत्कालीन श्री ५ को सरकारको नाममा स्रेस्ता प्रमाणित भइसकेको देखिँदा गुठी संस्थान ऐन, २०३३ को दफा ३९(१) आकर्षित नहुने भन्दै उक्त जग्गाहरू यथावत सरकारी सार्वजनिक जग्गाकै रूपमा राखी अद्यावधिक तथा संरक्षण गर्ने भनी मिति २०६७।१०।२३ मा निर्णय भएको देखिन्छ । न्यायिक वा अर्धन्यायिक अधिकारीले निर्णय गर्दा सबुत प्रमाणको मूल्याङ्कन गरी न्यायिक मनको प्रयोग गरी निर्णय गर्नुपर्ने र निर्णयमा पुग्दा तत्सम्बन्धी कारणहरू स्पष्ट रूपमा खुलाएको हुनुपर्छ र ती कारणहरू सबुत प्रमाणमा आधारित हुनुपर्छ । सबुत प्रमाणको मूल्याङ्कन गरी तर्कसङ्गत आधार एवं कारणहरू नखुलाई गरेको निर्णयलाई न्यायिक तरिकाले गरेको निर्णय भन्न नमिल्ने हुन्छ । प्रस्तुत मुद्दामा वि.सं १९०० सालमा गिर्जादत्त मिश्रको नाउँमा भएको लालमोहर, वि.सं १९८३ सालको सर्भे नापी, ७ नं फाटवारी, फिल्डबुक, नयाँ नापीको सर्भे नक्सासमेतबाट उल्लिखित जग्गाहरू गुठी संस्थानअन्तर्गतका श्री रामजानकी सुब्बा कुटी मठका जग्गा हुन् भन्ने देखिएको र मालपोत कार्यालय स्वयम्ले पनि मिति २०५९।१०।२० मा गुठीअन्तर्गतको जग्गा हो भनी स्वीकार गरिसकेको अवस्थामा पछि आएर तत्कालीन श्री ५को सरकारको नाममा स्रेस्ता प्रमाणित भएको भन्दै गुठीको नाउँमा दर्ता गर्न नमिल्ने भनी मिति २०६७।१०।२३ भएको निर्णय गैह्रकानूनी देखिँदा उक्त मितिको मालपोत कार्यालय धनुषाको निर्णय उत्प्रेषणको आदेशले बदर हुने ।

निवेदनमा उल्लिखित कि.नं. ३२ को ४-५-११ कि.नं ५ को १-१-२ र कि.नं. २४२ को १-८-१५ जग्गाको मूल स्रोत वि.सं. १९०० सालको लालमोहर भई श्री रामजानकी भगवान सुब्बा कुटी मठ गुठीअन्तर्गतको जग्गा देखिएको र २०२४ सालको नापीमा उक्त जग्गाहरू गुठीको नाउँमा नापी दर्ता गर्न छुट भई तत्कालीन् श्री ५ को सरकारको नाउँमा दर्ता प्रमाणित भएकोसम्म देखिएको आधारमा गुठीको नाउँमा दर्ता गर्न नमिल्ने भनी मालपोत कार्यालय धनुषाबाट भएको निर्णयमाथि विभिन्न प्रकरणमा विवेचना भएका आधार प्रमाणबाट बदर भएको हुँदा निवेदनमा उल्लिखित कि.नं ३२ र कि.नं ५ को जग्गामा पोखरी र कि.नं २४२ को जग्गामा धर्मशाला रहेको देखिएको र उक्त कि.नं ३२ र ५ का जग्गाहरूको वरिपरिको जग्गाहरू गुठीको नाममा नापी नक्सा तथा स्रेस्ता प्रमाणित भएकोसमेत देखिँदा सार्वजनिक हित संरक्षण र दिगो व्यवस्थापन हुने गरी उल्लिखित जग्गाको स्वरूप परिवर्तन गर्न नपाउने, धर्मशालाको जिर्णोद्धार गरी सम्पदाको रूपमा संरक्षण हुने गरी गुठी तैनाथी जग्गाको रूपमा दर्ता गरिदिनु भन्ने विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: लालबहादुर कार्की

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल साउन ३१ रोज १ शुभम् ।

**४७**

**मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CR-०८४४, लागु औषध (गाँजा), नेपाल सरकार वि. रामहरि भन्ने लोकनाथ घिमिरे*

वारदात मिति २०६८।६।१४ भन्दा अघि नै यी प्रतिवादी मिति २०६६।१०।७ गतेको वारदातलाई लिएर रामहरि घिमिरेलाई २०६६ सालको स.फौ. नं. १९८४ को लागु औषध (गाँजा) मुद्दामा ७ महिना कैद र रू.८,०००।- (आठ हजार रूपैयाँ) जरिवाना

हुने ठहऱ्याई मिति २०६७।३।२९ गते फैसला भएको प्रमाणमा आएको सक्कल मिसिलबाट देखिन आयो । प्रतिवादी रामहरि भन्ने लोकनाथ घिमिरेउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ को जिकिर लिएको सम्बन्धमा उक्त दफामा "यस ऐनअन्तर्गत एक पटक सजाय पाइसकेको व्यक्तिले पुनः यसै ऐनअन्तर्गत अपराध गरेमा निजलाई त्यस्तो प्रत्येक पटकको सजायमा थप ५ वर्षसम्मको कैद र एक लाख रूपैयाँसम्म जरिवाना हुने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यी प्रतिवादीले प्रस्तुत मुद्दाको वारदात मिति २०६८।६।१४ गते भन्दा अघि नै मिति २०६७।३।२९ गतेको फैसलाले संवत् २०६६ सालको स.फौ.न. १९८४ को गाँजा मुद्दामा सात महिना कैद र रू.८,०००।- (आठ हजार रूपैयाँ) जरिवाना भएको अवस्थामा यी प्रतिवादी रामहरि भन्ने लोकनाथ घिमिरेले एउटै प्रकृतिको कसुर पटक पटक गरेको देखिँदा उक्त ऐनको दफा १६ बमोजिम थप सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब देखिने।

प्रस्तुत मुद्दामा दाबी लिएको लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (घ) (४) मा "२ किलोग्राम देखि १० किलोग्रामसम्म भए एक वर्ष देखि तीन वर्षसम्म कैद र पाँच हजार रूपैयाँदेखि पच्चिस हजार रूपैयाँसम्म जरिवाना हुने छ" भन्ने कानूनी व्यवस्था रहेकोमा यी प्रतिवादी रामहरि भन्ने लोकनाथ घिमिरेलाई काठमाडौं जिल्ला अदालतबाट उक्त दफा १४(१)(घ)(४) बमोजिम अधिकतम तीन वर्ष कैद र रू.१५०००।- (पन्ध्र हजार रूपैयाँ) जरिवाना गरेको इन्साफ पुनरावेदन अदालत पाटनबाट सदर भएको देखियो । यसरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (घ)(४) बमोजिम अधिकतम कैद भइसकेको अवस्थामा अब दफा १६ बमोजिम के कति सजाय गर्नु उपयुक्त हुन्छ भन्नेतर्फ कसुरको समग्रतामा हेर्दा मुल अभियोगबमोजिम अधिकतम कैद भइसकेकोले दफा १६ बमोजिम कैद न्यूनतम गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिँदा थप कैद १ महिना र जरिवाना रू.१०००।- (एक हजार रूपैयाँ) थप हुने ठहऱ्याउनु मनासिब देखिने।

काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।१०।२२ मा यी प्रतिवादी रामहरि भन्ने लोकनाथ घिमिरेलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१(घ)(४) बमोजिम तीन वर्ष कैद र जरिवाना रू.१५०००।- (पन्ध्र हजार रूपैयाँ) ठहऱ्याएको इन्साफ सदर गरी पुनरावेदन अदालत पाटनले मिति २०७०।२।७ मा गरेको फैसला सो हदसम्म मिलेकै देखियो । तर यी प्रतिवादीलाई सोही ऐनको दफा १६ बमोजिम थप सजाय नगरेकोमा केही उल्टी भई सोही ऐनको दफा १६ बमोजिम थप एक महिना कैद र रू.१,०००।- (एक हजार रूपैयाँ) जरिवाना हुने।

इजलास अधिकृत: शंकरप्रसाद अधिकारी

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल वैसाख २ रोज ५ शुभम्।

**४८**

**मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई, मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७३-CR-००६५, जबरजस्ती करणी, माधव भट्टराई वि. नेपाल सरकार*

विपक्षी माधव भट्टराईले नाबालक छोरी संगिता भुजेललाई बाटो ढुकी खरबारीमा लगी शरीरमा लगाएका कपडा खोली हातले मुख थुनी छोरीको गुप्ताङ्गमा लिंग प्रवेश गराई जबरजस्ती करणी गरेको भनी दिएको किटानी जाहेरी, मौकामा पीडित र पीडितका बाबुले गरेको कागज, घटनामा उक्त मितिमा पीडितसँग रहेकी अर्की पीडित लिलामाया रम्तेल र निजको बाबु हेमबहादुर रम्तेलको बकपत्र, पीडितको योनिद्वारमा लाच्छिएको Labia Majora र Labia Minora मा लाच्छिएको घाउ भई Hymen Ruptured हुनुका साथै संभोग क्रिया भएको भन्ने

परीक्षण प्रतिवेदनसमेतका आधारमा यी प्रतिवादी माधव भट्टराईले पीडित संगिता भुजेललाई जबरजस्ती करणी गरेको स्थापित हुन आउने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) मा १० वर्षभन्दा कम उमेरकी बालिकालाई जबरजस्ती करणी गर्नेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको पाइन्छ। यी प्रतिवादी माधव भट्टराईलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुरमा ऐ. महलको ३(१) बमोजिम सजाय हुनेमा यी प्रतिवादीको उमेर १२ वर्षको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (२) बमोजिम कसुर कायम गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन तर यी प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को ११(२) मा भएको कानूनी व्यवस्थाबमोजिम अधिकतम ६ महिना कैद हुनसक्नेमा आधार कारण नखुलाई अधिकतम कैद गरेको मिति २०६८।८।२१ मा भएको फैसला सो हदसम्म न्यायको रोहमा मिलेको नदेखिने।

प्रतिवादीको उमेर बालबालिकासम्बन्धी ऐन, २०४८ को ११ (२) बमोजिमको देखिएको सो दफामा ६ महिनासम्म कैद हुनसक्नेमा ६ महिना नै कैद गर्दा अधिकतम हुने भएको र ४ महिना कैद गर्दा पनि न्यायको मकसद पूरा हुने हुँदा प्रतिवादी माधव भट्टराईलाई ४ महिना कैदको सजाय हुने।

इजलास अधिकृत: शंकरप्रसाद अधिकारी

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७८ साल वैसाख २ गते रोज ५ शुभम्।

**४९**

**मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७२-CI-१८७९, निषेधाज्ञा, प्रेमबहादुर शाही वि. मिश्री शाही*

विवादित कि.नं. २६० र कि.नं. ३१९ को जग्गा मालपोत कार्यालय, कलंकी, काठमाडौंले गुरूचा शाही भन्ने व्यक्तिको नाउँमा दा.खा दर्ता गर्ने गरी निर्णय गरेको र उक्त निर्णयउपर यिनै पुनरावेदक निवेदकले काठमाडौं जिल्ला अदालतसमक्ष निर्णय बदर मुद्दा दायर गरेको हुँदा सो मुद्दा कारबाहीयुक्त अवस्थामा रहेको भन्ने देखिन्छ। यसरी उल्लिखित विवादित जग्गाको स्वामित्व सम्बन्धमा तेरो मेरोको अवस्था विद्यमान रहेको र निषेधाज्ञाको रिटले उक्त विवादित जग्गाको स्वामित्व स्थापित वा प्रतिस्थापित नगर्ने हुँदा निवेदन माग अनुसार निषेधाज्ञा जारी हुने अवस्था नदेखिने।

विपक्षी मिश्री शाहीले उच्च अदालत पाटनसमक्ष पेस गरेको लिखित जवाफमा विवादित जग्गा मालपोत कार्यालय, काठमाडौंले अन्य व्यक्तिलाई हक हस्तान्तरण गरिसकेको दाबीको सो जग्गामा मैले घर टहरा निर्माण गर्नुपर्ने अवस्था नै छैन भनी निवेदकको दाबी इन्कार गरेको अवस्था देखिन्छ। विपक्षी मिश्री शाहीले विवादित जग्गामा के-कुन मितिदेखि निर्माण कार्य सुरू गरेको वा निर्माण कार्य गर्न लागेको भन्ने देखिने प्रमाण पुनरावेदक निवेदकले पेस गर्न सकेको पनि देखिँदैन। यसैगरी पुनरावेदक निवेदकले दाबी लिएको विवादित जग्गा दर्ता भएपश्चात् मात्र बन्डा लाग्ने भनी काठमाडौं जिल्ला अदालतबाट फैसला भएको अवस्था विद्यमान हुँदा सो जग्गामा यी निवेदकको निर्विवाद हक स्थापित भइसकेको भन्ने नदेखिने। यसरी विवादित जग्गा गुरूचा शाही भन्ने व्यक्तिको नाममा दर्ता भएको र उक्त विषयमा मुद्दा परी जग्गाको स्वामित्व सम्बन्धमा विवाद भै अदालतमा मुद्दा विचाराधीन रहेको देखिएको अवस्थामा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने देखिएन भनी रिट निवेदन खारेज हुने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७२।०५।३० को फैसला मिलेकै देखिने। तसर्थ, रिट खारेज हुने ठहऱ्याएको पुनरावेदन

अदालत पाटनको मिति २०७२।०५।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल आश्विन ८ रोज ६ शुभम् ।

५०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७४-CR-०४२१, कर्तव्य ज्यान, प्रेम प्रजा वि. नेपाल सकार*

मृतक र प्रतिवादी दुवैजनाले रक्सी सेवन गरेका, निजहरूबिच पूर्व रिसइवी, झगडा केही नभएको, मार्नुपर्नेसम्मको कारण नभएको भनी स्वयम् जाहेरवालालगायत मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा उपस्थित भई बकपत्र गरिरहेको देखिन्छ । यी प्रतिवादीले कर्तव्य गरी ज्यान मारेको वा प्रतिवादीको उक्त कार्य मनसायपूर्वक हो भन्ने कुरालाई प्रमाणित गरी वादी पक्षले आफ्नो दायित्व पूरा गर्न सकेको अवस्था देखिँदैन । यस स्थितिमा प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुर अपराधमा ऐ. महलको १३(३) नं. बमोजिम सर्वस्वसहीत जन्मकैद गर्ने गरेको सुरू मकवानपुर जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर गरेको फैसला मिलेको नदेखिने ।

प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम आफ्नो अभियुक्तउपरको अभियोग प्रमाणित गर्ने दायित्व रहेको वादी नेपाल सरकारले नै आफ्नो अभियोग पत्रमा प्रतिवादीको उमेर १७ रहेको भनी स्वीकार गरिसकेपछि त्यसतर्फ थप विवेचना गरिरहिरहनुपर्ने अवस्था रहेन । यस हिसाबले वारदातको समयमा यी प्रतिवादीको उमेर १७ वर्ष रहेको अर्थात् १८ वर्षभन्दा कम नै रहेको मान्नुपर्ने ।

तसर्थ, प्रतिवादी प्रेम प्रजाको ज्यान मार्ने मनसाय नदेखिएको, मृतक र प्रतिवादी दुवैजनाले रक्सी सेवन गरेका भन्ने देखिएको, मृतकले नै यी प्रतिवादीलाई उत्तेजित गर्ने किसिमको आरोप लगाएपछि यी पुनरावेदक प्रतिवादीले तत्काल आवेशमा आई उक्त आपराधिक कार्य गरेको देखिएको अवस्थामा निज प्रतिवादीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुरमा १० वर्ष कैद सजाय गर्नुपर्नेमा ऐ. महलको १३(३) नं. बमोजिमको कसुरमा सर्वस्वसहित जन्म कैदको सजाय गरेको मकवानपुर जिल्ला अदालतको फैसलालाई सदर हुने ठहऱ्याएको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७४।०२।०२ फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने । सजायको हकमा ऐ. महलको १४ नं. बमोजिम उमेर पुगेको कसुरदारलाई दश वर्ष कैद हुनेमा प्रतिवादीको उमेर वारदातको समयमा सत्र वर्ष रहेको भन्ने देखिँदा निज प्रतिवादीलाई दश वर्ष कैद सजायको दुई तिहाइले हुन आउने छ वर्ष आठ महिना कैद सजाय हुने ।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७८ साल साउन १८ गते रोज २ शुभम् ।

**५१**

**मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई, मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-०४०३, बन्दीप्रत्यक्षीकरण, चन्द्रबहादुर तामाङ वि. धादिङ जिल्ला अदालत, धादिङबेशीसमेत*

मिसिल संलग्न ज्यानमार्ने उद्योगका प्रतिवादी बनाइएका चन्द्रबहादुर तामाङको नाम, ठेगाना र बाबुको नाम मंगले तामाङ सबै मिलेको अवस्था रहेको छ । श्रीमतीको नाम मिलेको छैन भनी जिकिर लिए पनि मिति २०६४।१०।११ मा लिएको नागरिकतामा सामान्य नाम मात्रमा केही फरक देखिएको अवस्था छ तर अन्य थरलगायतका विवरण भने मिलेको र वतनसमेत मिलेको अवस्था देखिन्छ । मिति २०५४।११।२७ मा तामेल भएको ज्यानमार्ने उद्योग जस्तो जघन्य फौजदारी मुद्दाको म्याद तामेलीमा साक्षी

बस्ने व्यक्तिले पनि यतिकै हचुवाको भरमा पहिचान नै नभएको व्यक्तिको म्यादमा साक्षी बसे होलान् भनी कल्पना गर्न सकिने अवस्था रहँदैन । ज्यानमार्ने उद्योगको वारदात भएको १० वर्षपछि श्रीमतीले लिएको नागरिकतामा सामान्य फरक पारेर नागरिकता लिँदैमा फौजदारी कसुरबाट उन्मुक्ति पाउने अवस्था देखिँदैन । फौजदारी कसुरमा कानूनबमोजिम कानूनी प्रकिया (due process) पूरा गरी सजाय भएको र व्यक्ति पहिचानमा आफू उक्त कसुरदार होइन भन्नेले आफ्नो निवेदन दाबीअनुसारको प्रमाण पुऱ्याउन सक्नुपर्नेमा सो पुऱ्याएको अवस्था प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातबाट नदेखिने ।

मिसिल संलग्न धादिङ जिल्ला अदालतको ज्यानमार्ने उद्योग मुद्दाको सुरू मिसिलमा रहेका तथ्य तथा तामेल भएको म्याद पुर्जी तथा धादिङ जिल्ला प्रशासन कार्यालयबाट जारी नागरिकता प्रमाणपत्र र कैशावती तामाङको मिति २०६४।१०।११ मा जारी नागरिकताको प्रमाणपत्र तथा तत्पश्चात् तयार भएका कैदी पुर्जीसमेतबाट यी रिट निवेदक चन्द्रबहादुर तामाङ र धादिङ जिल्ला अदालतमा चलेको ज्यान मार्ने उद्योग मुद्दामा मिति २०६९।०३।२२ को फैसलाबाट १० वर्ष कैद सजाय भएको चन्द्रबहादुर तामाङ अलग अलग व्यक्ति हुन, एउटै व्यक्ति होइनन् भन्न सक्ने अवस्था देखिँदैन । रिट निवेदक स्वयमले समेत आफू धादिङ जिल्ला सेमजोङ गा.वि.स. वडा नं. १ को स्थाई बासिन्दा होइन भनी जिकिर लिएको अवस्थासमेत देखिँदैन । रिट निवेदकले आफू मंगले तामाङको छोरा होइन भनी जिकिर लिन सकेको अवस्थासमेत देखिँदैन । यस स्थितिमा धादिङ जिल्ला अदालतबाट जारी भएको म्यादपुर्जी, फैसला, कानूनबमोजिम, कानूनको प्रक्रिया पूरा गरी आधिकारप्राप्त अधिकारीबाट भएको निर्णयबमोजिमको देखिँदा उक्त म्यादपुर्जी, फैसला र कैदीपुर्जीलाई कानूनविपरीत र त्रूटिपूर्ण रहेको भन्न मिल्ने नदेखिने ।

ज्यानमार्ने उद्योग मुद्दामा धादिङ जिल्ला अदालतबाट चन्द्रबहादुर तामाङका नाउँमा मिति २०५४।११।२७ मा तामेल भएको म्याद पुर्जी, मिति २०६९/३/२२ मा भएको फैसला र सो फैसलाको आधारमा कैदबापत मिति २०७६।७।१९ मा धादिङ जिल्ला अदालत, तहसिल शाखाबाट दिएको कैदी पुर्जी र पत्रसमेतका काम कारबाहीहरू गैरकानूनी नदेखिँदा निवेदन मागबमोजिमको बन्दीप्रत्क्षीकरणको आदेश जारी हुने अवस्था नदेखिने । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल मंसिर ०३ रोज ०६ शुभम् ।

**५२**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०४०९, बन्दीप्रत्यक्षीकरण, राज सापकोटा (सुनार) को हकमा पुरूषोत्तम अर्याल वि. महान्यायाधिवक्ताको कार्यालयसमेत*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७(२) अनुसार माग भएबमोजिम मिलापत्र गर्ने आदेश दिनुपर्ने बाध्यात्मक अवस्था नराख्नुको पछि केही अपवादजन्य अवस्थामा विशेषत: मिलापत्र माग गरिएको कसुरको प्रकृति गम्भीर, व्यवस्थित सार्वजनिक हित विपरीत वा पीडितलाई कुनै बाध्यात्मक अवस्था सिर्जना गरिएको जस्ता वस्तुनिष्ठ अवस्थामा राज्यको अभियोजन नीति प्रतिकूल हुन सक्ने देखिएमा महान्यायाधिवक्तालाई मिलापत्रको आदेश नदिने स्वविवेकीय अधिकार प्रदान गरेको देखिन्छ । तर यस्तो स्वविवेकीय अधिकारको प्रयोगको

आधार र कारण उल्लेख भएको हुनुपर्दछ। सम्बन्धित मुद्दामा किन मिलापत्र गर्न नसकिने हो भन्ने सम्बन्धमा अग्रिम रूपमा तयार पारिएका मापदण्डका आधारमा स्पष्ट खुलाएको हुनुपर्दछ। मूलत: उल्लिखित प्रकृतिका कसुरहरूमा किन र कसरी अपवादजन्य अवस्था विद्यमान छ भन्ने कुरा एक विवेकशील पर्यवेक्षकले बुझ्न सक्ने अवस्था विद्यमान हुनुपर्ने।

निवेदकले ठगी गर्ने मनसायले नक्कली सुनलाई सक्कली हो भनी बिभिन्न सुन पसलमा धितो राखी पटक पटक ठगीजन्य कसुर गरेको र रूपैयाँ लिनु दिनु गरी मिलापत्र गर्न खोजेको भन्ने देखिन्छ। कसुरदारको मनसाय र कसुरको प्रकृति हेरी रूपैयाँ पैसाको लेनदेन गरी मिलापत्र गर्ने प्रवृत्तिलाई दुरूत्साहन गर्न फौजदारी न्याय प्रशासनमा त्यसको नकारात्मक असर पर्न जाने कुरालाई मध्यनजर राखी मिलापत्रको आदेश नदिएको देखिन्छ। यस प्रकृतिका मुद्दाहरूमा प्रमाण मुल्याङ्कनको आधारमा फैसलाको प्रक्रियाबाट टुंगो लगाउन उपयुक्त हुने भनी मिलापत्रको लागि आदेश नगर्ने गरी भएको महान्यायाधिवक्ताको कार्यालयको मिति २०७८।१।१९ को आदेशलाई उत्प्रेषणको आदेशले बदर गरी मिलापत्र गराउन परमादेशको आदेश जारी गरिपाउँ भन्ने माग अनुसार रिट निवेदन जारी हुने नदेखिने।

निवेदकले बन्दीप्रत्यक्षीकरणको आदेश समेत जारी गरी थुना मुक्त गरिपाउँ भनी जिकिर लिएको सन्दर्भमा हेर्दा, यी निवेदक उपर काठमाडौं जिल्ला अदालतमा ठगी सम्बन्धी तीन वटा मुद्दा दायर भएको देखिएको र सो मध्ये जाहेरवाला ताराकुमार वि.क. भएको ठगी मुद्दामा यी निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश भएको र अन्यमा धरौट माग भै निजले सो धरौट रकम दाखिल गर्न नसकेको कारण थुनामा रहे बसेको भन्ने देखिन्छ । संविधानप्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएमा र अन्य कुनै कानूनी हकको प्रचलनका लागि यस अदालतले बन्दीप्रत्यक्षीकरणलगायतका आदेश जारी गर्न सक्ने भन्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा काठमाडौं जिल्ला अदालतले यी निवेदकलाई मिसिल प्रमाणको रोहमा सम्बन्धित कानूनी व्यवस्था अनुसार थुनामा राख्ने गरी आदेश भएको देखिएको र उक्त आदेशमा चित्त नबुझेमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन पाउने निवेदकको कानूनी हक जीवितै रहेको अवस्थामा बैकल्पिक उपचारको व्यवस्था नभएको भनी मान्न मिल्ने नदेखिने।

बन्दीलाई बदनियतसाथ वा कपटपूर्ण तवरले थुनामा राखिएको वा दूषित भावना लिई थुनेको वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी थुनामा राखिएको वा कारण नखुलाई सूचना वा जानकारी नदिई थुनामा राखिएको वा कानून बमोजिम अख्तियारी नै नभएका व्यक्तिले गरेको आदेशबाट थुनामा रहेको स्थितिमा व्यक्तिका संविधान तथा कानून प्रदत्त वैयक्तिक स्वतन्त्रताको हकको संरक्षणका लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिने हो। सामान्यत: न्यायिक अधिकारक्षेत्र निहित रहेका अदालत वा न्यायिक निकायबाट कानूनी प्रक्रिया अवलम्बन गरी भएका आदेशबाट थुनामा रहेको र बन्दीको थुना गैरकानूनी नदेखिएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने अवस्था रहेको भनी भन्न मिल्दैन । प्रस्तुत मुद्दामा निवेदकउपर चलेको ठगीसम्बन्धी मुद्दामा साधिकारप्राप्त न्यायिक निकायबाट सम्बद्ध कानून र प्रमाणको रोहमा निजलाई

थुनामा राखेको देखिएको र उक्त थुनामा राख्ने गरी भएको आदेशउपर चित्त नबुझेको भए सम्बन्धित उच्च अदालतमा बदरको लागि जान पाउने वैकल्पिक कानूनी व्यवस्था रहे भएकै अवस्थामा अदालतको असाधारण क्षेत्राधिकारको प्रयोग गरी दायर हुन आएको प्रस्तुत रिट निवेदन कानूनसम्मत देखिन नआउने।

महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७८।१।१९ मा भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरी मिलापत्र गराउन परमादेशको आदेश र बन्दीप्रत्यक्षीकरणको आदेशसमेत जारी गरी थुना मुक्त गरिपाउँ भन्ने निवेदकको रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लालबहादुर कार्की/शंकरप्रसाद अधिकारी

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७८ साल साउन ८ गते रोज ६ शुभम्।

५३

**मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा. श्री मनोजकुमार शर्मा,** *०७३-CR-१६३३, कर्तव्य ज्यान, शिवहरि घिमिरे वि. नेपाल सरकार*

घटनास्थल आसपासको एरियामा यी प्रतिवादीले प्रयोग गरेको मोबाइल नम्बर नजिकको टावरमा locate भएको कारण घटनास्थलमा निजको उपस्थिति रहेको आशंकामा निजलाई पक्राउ गरी अनुसन्धान गरेको देखिन्छ। मृतक मन्दिप घिमिरेलाई यिनै प्रतिवादीले यो यस किसिमबाट कर्तव्य गरी मारेको हो भनी प्रत्यक्ष रूपमा देख्ने चस्मदिद गवाहको प्रस्तुत मुद्दामा सर्वथा अभाव रहेको पाइन्छ। यिनै प्रतिवादीले नै आरोपित कसुर गरेको हो भनी शंकारहित तवरबाट प्रमाणित हुनसक्ने किसिमको कुनै पनि तथ्ययुक्त र निश्चयात्मक सबुद प्रमाण वादी पक्षबाट पेस दाखिल हुनसकेको देखिँदैन । फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुन्छ । निश्चयात्मक सबुद प्रमाणको अभावमा केवल अनुमान र शंकाको आधारमा प्रतिवादीहरूलाई दोषी ठहर गर्न मिल्दैन । शंकाको सुविधा अभियुक्तले पाउने फौज्दारी न्यायको सिद्धान्तको पनि हो। सुरू काठमाडौं जिल्ला अदालत तथा उच्च अदालत पाटनले मृतकको लासजाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनको आधारमा प्रतिवादीलाई कसुरदार ठहर गरी सजाय गरेको अवस्था छ। लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट कसैको मृत्यु कर्तव्यबाटै भएको भन्ने देखिने भए तापनि त्यस्ता प्रमाणहरूले कुनै अमुक व्यक्ति नै कसुरदार हो भन्ने कुरा निर्धारण गर्न सक्तैन। अनुसन्धानको क्रममा सङ्कलन भएका अन्य प्रमाणहरूले सिलसिलेवार रूपमा आरोपित व्यक्तिउपरको कसुरलाई स्थापित गरेको अवस्थामा मात्रै शव परीक्षण प्रतिवेदन तथा लास जाँच मुचुल्का त्यस्तो आरोपित व्यक्तिउपर कसुर कायम गर्ने प्रमाण हुन सक्छ। लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनलाई मात्रै आरोपित व्यक्तिका विरूद्ध अकाट्य प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने।

प्रमाण ऐन, २०३१ को दफा ३७(२) मा "मौखिक प्रमाण जहिलेसुकै पनि प्रत्यक्ष हुनुपर्दछ । देख्न सुन्न वा कुनै इन्द्रीयको सहायताले थाहा पाउन सकिने कुनै कुरालाई प्रमाणमा लिन खोजिएको भए सो कुरा प्रत्यक्ष देख्ने सुन्ने वा थाहा पाउने व्यक्तिले त्यस सम्बन्धमा मौखिक प्रमाण दिएको हुनुपर्दछ" भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । प्रस्तुत मुद्दामा घटनाको सम्बन्धमा प्रत्यक्ष देख्ने मानिसको अभाव देखिएको छ । जाहेरवाला डोलप्रसाद घिमिरे स्वयम् घटनाको प्रत्यक्षदर्शी हैनन् । घटना भएको एक महिनापछि अन्य मानिसहरूले भनेको सुनिसुनाइ कुराको आधारमा निजले जाहेरी दिएको अवस्था छ। साक्षीको शंकास्पद एवं विरोधाभाषपूर्ण कथनलाई आधार मानेर प्रतिवादीलाई दोषी ठहर गर्न

मिल्दैन । मिसिल हेर्दा यी प्रतिवादीको अनुसन्धानको साबितिबाहेक निजले आरोपित कसुर गरेको हो भन्ने कुरा स्थापित हुने प्रमाणको सर्वथा अभाव रहेको देखिन्छ । प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको साबिती बयानको आधारमा मात्र वारदातस्थलमा प्रतिवादीको उपस्थिति थियो भनी निजलाई कसुरदार ठहर गर्न नमिल्ने ।

यसर्थ, प्रतिवादी शिवहरी घिमिरेलाई आरोपित कसुरबाट सफाइ दिने गरी फैसला गर्नु पर्नेमा सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७३।०९।१८ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी शिवहरी घिमिरेले अभियोग माग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: लालबहादुर कार्की

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल मंसिर २७ रोज २ शुभम् ।

## इजलास नं. ७

५४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी,** *०७६-CR-१३७०, जबरजस्ती करणी, नेपाल सरकार वि. परिवर्तित नाम ४६ वीरेन्द्रनगर D*

प्रतिवादीले आफूले पीडितको योनिमा लिङ्ग छिराउँदा नछिरेकोले योनि बाहिर २/३ मिनेट घर्षण मात्र गरेको भनी जबरजस्ती करणीको उद्योगतर्फको जिकिर लिए पनि पीडितको भनाइ र प्रत्यक्षदर्शी निजको दिदीको बकपत्रसमेतबाट निजले अभियोग दाबीअनुसारको कसुर गरेको देखियो । मिसिल संलग्न कागजातबाट वारदात मितिमा पिडितको उमेर ११ देखि १२ वर्षबिच रहेको र प्रतिवादीको उमेर १४ वर्ष पूरा भई १५ वर्ष नपुगेको देखिन्छ । मिसिल संलग्न रहेको प्रतिवेदनबाट निज प्रतिवादीको बावु खेती किसान गरी खाने सामान्य आर्थिक अवस्था रहेको देखिने ।

साबिक मुलुकी अपराध (संहिता) ऐन,२०७४ को दफा २१९ को उपदफा (२) मा अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई निजको मन्जुरी लिएर करणी गरेमा पनि जबरजस्ती करणीको कसुर मानिने व्यवस्था गरेको देखिन्छ । निज प्रतिवादीलाई साबिक मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ को उपदफा (३) को देहाय (ख) बमोजिम १४(चौध) वर्ष कैद सजाय हुने भए तापनि प्रतिवादी नाबालक भई निजको उमेर १४ वर्ष देखिएकोले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (३) बमोजिम उक्त कैद १४ (चौध) वर्षको आधा अर्थात् ७(सात) वर्ष कैद हुने र ऐ.ऐनको दफा ३६ को उपदफा (५) को देहाय (क) अनुसार उक्त सजाय स्थगनसमेत हुने ठहर्छ भनी सुरू जिल्ला अदालतले गरेको फैसलालाई सो हदसम्म उच्च अदालत सुर्खेतले सदर गरेको फैसला अन्यथा भन्न नमिल्ने ।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (५) मा रहेको व्यवस्था हेर्दा "बाल अदालतले उपदफा (२) (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्कता, कसुरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिसमेतलाई विचार गरी सर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका कुनै उपयुक्त निर्णय गर्ने छ" भनी खण्ड (क) देखि (च) सम्म विभिन्न अवस्थाहरू उल्लेख गरेको देखिन्छ । यस मुद्दामा प्रतिवादी र पीडितको उमेरको

सम्बन्धमा निजहरूको जन्मदर्ता एवं विद्यालयको अभिलेख अवलोकन गर्दा प्रतिवादीको उमेर १४/१५ वर्ष र पीडितको उमेर ११/१२ वर्ष रहेको देखिन्छ । त्यसमा कुनै विवादसमेत देखिँदैन । प्रतिवादी १० कक्षामा पढने गरेको, परीक्षा नजिक रहेको, निजको बुबाले छोरालाई सम्झाई बुझाई गर्न अदालतसमक्ष स्वीकार गरेको, प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष बयान गर्दा घटना वारदात सम्बन्धमा भएका तथ्य उल्लेख गरी न्यायिक प्रक्रियामा सहयोग पुर्‍याएको अवस्था परिस्थितिसमेतलाई विचार गरी प्रतिवादीलाई हुने ठहरेको सजाय बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को (५) को (क ) अनुसार स्थगन हुने गरी सुरू अदालतबाट फैसला भएको देखियो। प्रतिवादीको उमेर, निजको पठनपाठनको अवस्था एवं निजको वुवाले छोरालाई सम्झाई बुझाई गर्न अदालतसमक्ष स्वीकार गरेकोसमेतका अवस्थालाई विचार गरी प्रतिवादीलाई हुने ठहरेको सजाय बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को (५) को (क) बमोजिम स्थगन हुने ठहर गरी भएको हदसम्म सुरू फैसलालाई सदर गर्ने गरी उच्च अदालत सुर्खेतबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ मा "दफा २२० र २२७ अन्तर्गतको कसुरबाहेक यस परिच्छेदबमोजिमको अन्य कसुरबाट पीडित व्यक्तिलाई कसुरदारबाट मनासिब क्षतिपूर्ति भराइदिनुपर्ने तर कसुरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसुरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा र प्रचलित कानूनबमोजिमको पीडित राहतकोष स्थापना भई नसकेको अवस्थामा अदालतले नेपाल सरकारको महिला तथा बालबालिका विषय हेर्ने निकायको नाममा क्षतिपूर्ति स्वरूप उचित रकम पीडितलाई भराइदिने गरी आदेश गर्न सक्ने" समेत व्यवस्था रहेको देखिन्छ। उपर्युक्त कानूनी व्यवस्थाको आधारमा जबरजस्ती करणीको कसुरमा पीडितले कसुरदारबाट अथवा कसुरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएमा र पीडित राहत कोषको स्थापना भई नसकेको अवस्थामा नेपाल सरकारको महिला तथा बालबालिका विषय हेर्ने निकायबाट क्षतिपूर्तिबापत उचित रकम भराई पाउने अवस्था देखिने।

यसप्रकार जबरजस्ती करणीको कसुरबाट पीडित व्यक्तिलाई कसुरदारबाट अथवा कसुरदारको सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएमा र पीडित राहत कोषको स्थापना भई नसकेको अवस्थामा नेपाल सरकारको महिला तथा बालबालिका हेर्ने निकायबाट क्षतिपूर्तिबापत उचित रकम भराइदिने प्रत्याभूति मुलुकी अपराध संहिता २०७४ को दफा २२८ ले गरेको देखिँदा प्रस्तुत जबरजस्ती करणीको कसुरमा पीडितलाई क्षतिपूर्तिबापत उचित रकम भराइदिनुपर्ने पीडितको हकलाई अन्यथा भन्न मिल्ने देखिएन । प्रतिवादी नाबालक रहेको देखिएको र निजको नाममा कुनै सम्पत्ति रहेको वा निजको हक लाग्ने सम्पत्ति रहेको भन्नेसमेत मिसिल प्रमाणबाट खुलेको नदेखिँदा प्रतिवादीबाट पीडितले क्षतिपूर्तिबापतको रकम व्यवहारिक रूपमा भराइपाउन सक्ने अवस्था नदेखिकोले पीडितलाई भएको शारीरिक मानसिक क्षतिसमेतलाई विचार गरी क्षतिपूर्तिबापत रू. २०,०००।- (बिस हजार) नेपाल सरकारको महिला तथा बालबालिका विषय हेर्ने निकायबाट भराइदिन उपयुक्त हुने।

अत: क्षतिपूर्ति भराइरहन नपर्ने गरी सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०७५/१२/४ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही

उल्टी भई मुलुकी अपराध संहिता २०७४ को दफा २२८ बमोजिम पीडितले क्षतिपूर्तिसमेत भराइपाउने देखिएकोमा प्रतिवादी नाबालक रहेको, निजको नाममा कुनै सम्पत्ति रहे भएको वा निजको हक लाग्ने अन्य सम्पत्तिसमेत मिसिल प्रमाणबाट खुलेको नदेखिँदा प्रतिवादीबाट पीडितले क्षतिपूर्ति भराइपाउने सक्ने अवस्था नदेखिएकोले पीडितलाई भएको शारीरिक, मानसिक क्षतिसमेतलाई विचार गरी क्षतिपूर्ति स्वरूप रू. २०,०००।– (बिस हजार) महिला तथा बालबालिका हेर्ने निकायबाट पीडितले भराइपाउनेसमेत ठहर्छ भन्ने पुनरावेदन अदालत सुर्खेतको मिति २०७५।१२।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असार १८ गते रोज ६ शुभम्।

५५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७६-CR-१२९५, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. अशोक थापा*

मिति २०७५।६।१ का दिन प्रतिवादी अशोक थापाको घरबाट १ ग्राम ७९० मिलीग्राम लागु औषध बरामद भएको देखियो । यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा भारतको लखनउ सहर नजिक बाराबुङ्की भन्ने ठाउँमा नचिनेको अनवर नाउँ गरेको व्यक्तिसँग भा.रू.५,०००।- मा ५ ग्राम र सरोज सिलवालले १७,०००।- भा.रू. मा १७ ग्राम लागु औषध खरिद गरी लिई सेवन गरी बाँकी रहेको १ ग्राम ७९० मिलिग्राम घरबाट बरामद भएको हो भन्दै लागु औषध सेवन गर्न कमाल मुसलमानसँग सिकेको बेहोरा लेखाएको देखियो । यसै गरी अदालतमा बयान गर्दा मेरो कोठामा तलासी गर्दा मेरो कोठाको किचन र्‍याक ड्रयरबाट १ ग्राम ७९० मिलिग्राम लागु औषध ब्राउन सुगर भेटिएको हो । मेरो खुट्टामा रड लागेको र ब्राउन सुगर खाँदा दुखाइ कम हुने र निद्रा पनि लाग्ने हुँदा त्यसैको लागि भारतको बाऱ्हवङ्कीबाट भारतीय रुपैयाँ ५००।- मा किनेर ल्याएको हुँ । कसैलाई बेचबिखन गर्दिन । लागु औषध अबैध हो भन्ने बल्ल थाहा भयो । अब खाँदिन । मैले कसैलाई बेचबिखन गर्दिन केवल सेवनको लागि ल्याएको हुँ भन्नेसमेत बेहोराको लेखाएको देखियो । यद्यपि निजले मौकामा बयानका क्रममा ५ ग्राम खरिद गरी ल्याएको र उक्त ५ ग्राम लागु औषधमध्येबाटै सेवन गरेको भनी जिकिर लिएका छन् तर प्रस्तुत मुद्दाको रोहबाट सो परिमाण पुष्टि गर्ने आधार देखिँदैन । बरामद भएको परिमाणलाई प्रतिवादीले स्वीकार गर्दै सो लागु औषध सेवन गर्ने प्रयोजनको लागि राखेको भनेको देखिने ।

प्रमाण ऐन, २०३१ को दफा २५ ले गरेको कानूनी व्यवस्थाले अभियोग प्रमाणित गर्ने भार वादीमा निहित रहेको छ तर प्रस्तुत मुद्दामा यी प्रतिवादीउपर दाबीबमोजिमको कसुर प्रमाणित हुन सकेको देखिन आएन । आशंका र अनुमानको भरमा कसैउपर दोषारोपण गरेको छ भने शंकाको सुविधा अभियुक्तले पाउने सर्वमान्य सिद्धान्त रही आएको छ । प्रतिवादी अशोक थापाउपरको कारोबारको कसुर स्थापित हुने तथ्ययुक्त आधार प्रमाण मिसिल संलग्न देखिन नआएकोले निजले अभियोग दाबीबमोजिमको कसुर गरेका रहेछन् भनी मान्न नमिल्ने ।

अब प्रतिवादीबाट लागु औषध बरामद भएको तथ्य प्रमाणित भए पनि सो बरामदित लागु औषधको परिमाण तथा सेवन गर्ने प्रयोजनबाहेक अन्य प्रयोजनको लागि लागु औषध प्रयोग गरेको वा गर्ने गरेको भन्ने सबुद प्रमाण वादी नेपाल सरकारले पेस गर्न नसकेकाले यी प्रतिवादीले लागु औषध आफूले सेवन गर्ने प्रयोजनको लागि घरमा राखेको हो भनी विश्वास गर्नुपर्ने

देखियो । यस अवस्थामा बरामदी दशीको परिमाणसमेतबाट निजले दाबीबमोजिमको कसुर गरेको नभई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) ले गरेको सेवनको कसुर गरेको देखिने।

तसर्थ, प्रतिवादी अशोक थापाले सेवन गर्ने प्रयोजनको लागि लागु औषध खरिद गरी ल्याई राखेकोमा बरामद भएको भनी बयान गरेको र बरामदी दशीको परिमाणसमेतबाट निज प्रतिवादीले दाबीबमोजिमको कसुर गरेको नभई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) बमोजिम सेवनको कसुरसम्म गरेको देखिँदा सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७५।१०।८ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई ऐ. दफा १४(१)(ङ) बमोजिम १(एक) वर्ष कैद हुने ठहर्छ भन्ने बेहोराको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७६/२/२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल आषाढ १८ गते रोज ६ शुभम्।

**५६**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७२-CR-११९८, कर्तव्य ज्यान, नेपाल सरकार वि. पदम निरौलासमेत*

प्रत्यर्थी / प्रतिवादीहरू पदम निरौला र रामबहादुर मगरले अदालतमा र मौकामा समेत कसुरमा इन्कारी बयान गरेको र प्रत्यक्षदर्शी नभएको प्रस्तुत वारदातमा यी प्रत्यर्थीहरूउपरको अभियोग अभियोजन पक्षले तथ्यगत प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा तथ्यमा आधारित नभएको सहअभियुक्तको पोल र वादीपक्षका साक्षीको मौखिक भनाइका आधारमा प्रत्यर्थी/प्रतिवादीहरूलाई कसुरदार कायम गर्नु न्यायसम्मत हुने नदेखिने। शङ्का र अनुमानको आधारमा प्रत्यर्थी/प्रतिवादीहरूलाई कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुन जाने देखिएकोले प्रत्यर्थी/प्रतिवादीहरू पदम निरौला र रामबहादुर मगरलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६५।०४।१५ फैसला मिलेकै देखिँदा निजहरूलाई अभियोग दाबी अनुसार कसुरदार कायम गरी सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृत: निराजन पाण्डे

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल मंसिर १९ गते रोज १ शुभम्।

**५७**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-CR-०६४६, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. सुष्मा चौधरी भन्ने सुर्जीकुमारी माझी थारूसमेत*

वादी पक्षको साक्षी पीडित जाहेरवाली परिवर्तित नाम रेशाले मिति २०७४/५/२५ को जाहेरी र प्रमाणित बयान बेहोरा आफ्नो नभएको सहीछाप मात्र आफ्नो भएको भनी उल्लेख गर्दै उक्त कागजहरूमा सहीछाप गर्नु, नगरेमा जेल जानुपर्छ भनी प्रहरीले भनेको हुँदा चुपचाप सहीछाप गरिदिएको हो भनी उल्लेख गरेको देखियो। अर्की जाहेरवाली टंकीले मौकाको जाहेरी र प्रमाणित बयान बेहोरा आफ्नो हो भनी उल्लेख गरे तापनि यी प्रतिवादी सुर्जीकुमारी थारूलाई आफूले नचिनेको, जाहेरी दरखास्त प्रहरीले लेखिदिएको, प्रमाणित बयानसमेत प्रहरीले नै ल्याई अदालतबाट प्रमाणित गरेको हो, मिति २०७४/५/१२ देखि २०७४/५/१८ को समयमा आफैँ उक्त

होटलमा काम गर्न आएको भन्नेसमेत उल्लेख गरेको देखिन्छ। पीडितले आफूउपर लागु औषध मुद्दा चलेको बेहोरासमेत उल्लेख गरेको देखिने।

प्रतिवादी सुष्मा चौधरी भन्ने सुर्जीकुमारी माझी थारू, सहप्रतिवादीहरू सोनु लिम्बू भन्ने बाबा लिम्बू थेवे र सुजन शंकरले अदालतमा बयान गर्दा जाहेरवाली पीडितहरूलाई आर्थिक प्रलोभनमा शारीरिक सम्पर्क गर्न लगाएको होइन भनी आरोपित कसुरमा पूर्ण रूपमा इन्कार रही बयान गरेको र निज प्रतिवादीहरूको इन्कारी बयानलाई पुष्टि हुने गरी वादी पक्षका साक्षीले बकपत्र गरेको देखिन्छ । मौकामा घटनास्थलमा रहेको व्यक्ति घटना विवरणका व्यक्तिहरू, वस्तुस्थिति मुचुल्का गर्ने व्यक्तिहरूले यी प्रतिवादीहरूको इन्कारी बयान बेहोरा समर्थन गरेको अवस्था छ भने संयुक्त जाहेरी दिने पीडित परिवर्तित नाम रेशाले प्रतिवादीको इन्कारी बयान बेहोरा पुष्टि गर्दै मौकाको जाहेरी बेहोरा र अभियोगदाबीसमेत खण्डित हुने गरी बकपत्र गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियोग दाबी प्रमाणित गर्ने प्रमाणको भार वादी पक्षमा हुने कानूनी व्यवस्था भएकोमा वादी पक्षका साक्षी एवम् जाहेरवाली पीडितको बकपत्रसमेतबाट प्रतिवादीहरूउपरको कसुर शंकारहित तवरले पुष्टि हुन आएन, आरोपित कसुर नै शंकास्पद देखिने।

यसरी जाहेरवाली परिवर्तित नाम टंकी र रेशाले एउटै बेहोराको संयुक्त जाहेरी दिएकोमा उक्त जाहेरी तथा मौकाको अदालतबाट प्रमाणित बयान बेहोराहरू खण्डित हुनेगरी परिवर्तित नाम "रेशा" ले बकपत्र गरेको र वारदात पुष्टि हुने गरी वादी पक्षले कुनै ठोस प्रमाण गुजार्न नसकी वारदात नै शंकास्पद देखिइरहेको अवस्थामा परिवर्तित नाम "टंकी" को जाहेरी तथा प्रमाणित बयान बेहोरालाई एक मात्र आधार मानी प्रतिवादीहरूउपर मानव बेचबिखन तथा ओसारपसारजस्तो गम्भीर कसुर अपराधमा ठहर गरी सजाय गर्न न्यायोचित नदेखिने । अतः प्रतिवादीहरू सुस्मा चौधरी भन्ने सुर्जी कुमारी माझी थारू, सोनु लिम्बू भन्ने बाबा लिम्बू थेबे र सुजन शंकरलाई अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(१)(ख) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा १५(१)(ख) बमोजिम जनही १० वर्ष कैद र रू. ५०,०००।– जरिवानाको हुने र सोही ऐनको दफा १७ अनुसार जनही रू.२५,०००।– पीडितलाई जनही क्षतिपूर्तिसमेत प्रतिवादीहरूले भराइदिनुपर्ने गरी गरेको सुरू झापा जिल्ला अदालतको मिति २०७५/३/१७ को फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग मागदाबीबाट सफाइ दिनेगरी भएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७७।५।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असार ३० गते रोज ४ शुभम्।

**५८**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR- १२०९, जबरजस्ती करणी, नेपाल सरकार वि. शिउबहादुर भन्ने शिउ बाहार लोध*

प्रतिवादी शिउबहादुरले मौकामा र अदालतमा बयान गर्दा मिति २०७३।०४।०९ को साँझ आफू गाउँका अन्य मानिसहरूसँग गाउँकै दिनेश लोधको पसलमा भएको, राति अन्दाजी ८:३० बजेतिर जाहेरवाली परिवर्तित नाम २०७३ को घर नजिकै टर्चलाइट बलेको र हल्ला गरेकोले उक्त स्थल नजिकै गई हेर्दा जाहेरवालीलाई खेतको कुलो पानीमा अनुहार,

टाउकोमा हिलोमाटो लागेको अवस्थामा देखेको हो । सो अवस्थामा निजको पतिले समाती घरतर्फ ल्याउँदै थिए । आफूले जाहेरवालीलाई जबरजस्ती करणी गर्ने तथा जबरजस्ती करणी गर्ने काममा सहयोग गरेको छैन भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । निज शिउ बाहार लोधका साक्षी दिनेश लोधले सुरू अदालतमा बकपत्र गर्दा स.ज ५ र ६ मा "मेरो घरमा किराना पसल भएकाले उक्त समयमा प्रतिवादी पसलमा पुडिया तेल किन्न भनी आएका र त्यहाँ रहेका अन्य मानिसहरूसँग गफगाफ गरी बसेका थिए । शिउ बाहार मेरो पसलमा म सँगै बसेका हुँदा निजले पहरेदारीको भूमिका निर्वाह गरेको भन्ने दाबी झुट्ठा हो" भन्नेसमेत बेहोरा उल्लेख गरेको पाइयो । प्रतिवादीले मौकामा र अदालतमा पूर्ण रूपमा इन्कार भई गरेको बयानलाई समर्थन हुने गरी निजको साक्षी दिनेश लोधले बकपत्र गरिदिएको देखिन्छ । साथै पीडित जाहेरवालीले बकपत्र गर्दा यी प्रतिवादीले केवल पहरेदारीको भूमिका मात्र निर्वाह गरेको, जबरजस्ती करणी नगरेको भन्ने बकपत्र गरेको अवस्था छ । तर वारदात हुँदाकै अवस्थामा यी प्रतिवादी वारदातस्थलमा थियो भन्ने पुष्टि गर्न कुनै तथ्ययुक्त प्रमाण फेला पार्न सकिएको देखिँदैन । अदालतमा जाहेरवालीले यी प्रतिवादी शिउ बाहार लोधले पहरेदारी गरेको भने पनि तत्काल घटनास्थलमा पुगी आफ्नै पत्नीलाई उठाई ल्याउने यी पीडितका पतिले यी प्रतिवादीको पहिचान गर्न सकेको देखिएन । यसरी निज प्रतिवादी शिउ बहादुर भन्ने शिउ बाहार लोध घटनास्थलमा उपस्थित भएको भन्ने कुरा तथ्य युक्त प्रमाणहरूबाट पुष्टि हुन नसकेको अवस्थामा निज शिउ बहादुर भन्ने शिउ बाहार लोधलाई दोषी ठहर गर्न न्याय सङ्गत नभएकोले निजको हकमा सुरू अदालतबाट निजलाई सफाइ दिने गरी भएको फैसला सो हदसम्म सदर गर्ने गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः प्रतिवादी शिउ बहादुर भन्ने शिउ बाहार लोधलाई सफाइ दिएको हदसम्म सुरू जिल्ला अदालतको फैसला सदर हुने गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको २०७५/३/२५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

संवत् २०७८ साल असार ३० गते रोज ४ शुभम् ।

## ५९

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR- १५८४, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. अनिल बुढाथोकी भन्ने गमबहादुर बुढाथोकीसमेत*

प्रतिवादी अनिल बुढाथोकी भन्ने गम बहादुर बुढाथोकीको हकमा हेर्दा निजले सुरू अनुसन्धानमा बयान गर्दा स.ज. ७ मा जाहेरवाला होमबहादुर गर्बुजा पुनलाई दक्षिण अफ्रिका पठाइदिन्छु भनी रू.६,००,०००।– (छ लाख) लिएको हो, स.ज.८ मा चित्र बहादुर फकामीलाई दक्षिण अफ्रिका पठाइदिन्छु भनी रू.६,००,०००।–(छ लाख) लिएको, सत्य हो भनी कसुरलाई स्वीकार गरेको देखिने । साथै Team Work International Consultancy P.Ltd उधोग मन्त्रालयअन्तर्गत दर्ता रहेको उक्त कम्पनीको आफूनै सञ्चालक रहेको, जाहेरवालाहरूले पेस गरेको रसिद आफनै कम्पनीको भएको ती रसिदहरूमा भएको सहीसमेत आफ्नै हो भनी स्वीकार गरी आफूले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिएको भनी बयान गरेको देखिन्छ । निजले वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दा स.ज.६ मा समेत होमबहादुरलाई दक्षिण अफ्रिका पठाउन भनी रकम लिई प्रकाश वि.क.लाई बुझाएको

भने तापनि सो सम्बद्ध कुनै प्रमाण पेस गर्न सकेको देखिएन । लिखत कागजका साक्षीले अनुसन्धानमा गरेको कागज तथा वैदेशिक रोजगार न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्ने दिपकराज फुयालसमेतका जाहेरवालाहरूले Team Work International Consultancy P.Ltd को सञ्चालक अनिल बुढाथोकी भन्ने गमबहादुर बुढाथोकीले वैदेशिक रोजगारमा पठाइदिन्छु भनी रकम बुझी आफूहरूलाई रसिद (रिसिप्ट) समेत दिएको भनी आफनो जाहेरीलाई समर्थन गरी वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गरेको देखिने । जाहेरवालाहरूले पेस गरेको Team Work International Consultancy P.Ltd को रसिद (रिसिप्ट) समेतलाई प्रतिवादी अनिल बुढाथोकी भन्ने गम बहादुर बुढाथोकीले ले अन्यथा प्रमाणित भन्न नसकेको, निज सो कम्पनीको सञ्चालक रहेको, विभिन्न जाहेरवालाहरूबाट निजहरूलाई वैदेशिक रोजगारमा पठाउन रकम लिएको स्वीकार गरी बयान गरेकोसमेतका आधार प्रमाणबाट प्रतिवादी अनिल बुढाथोकी भन्ने गमबहादुर बुढाथोकीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिम इजाजत नलिई विना इजाजत जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी बिभिन्न दरमा रकम बुझिलिई भनेबमोजिम रोजगारीमा नपठाई रकमसमेत फिर्ता नगरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ मा उल्लिखित कसुर गरेको पुष्टि हुने ।

अर्का प्रतिवादी प्रकाशकुमार कुथेरको हकमा विचार गर्दा यी प्रतिवादीले जाहेरवाला सुनिल रानासँग रकम बुझेको भने तापनि सोलाई लिखत कागजबाट पुष्टि भएको देखिँदैन भने, जाहेरवालाबाट पेस भएको रसिदमा सही तथा जाहेरवालासँग गरेको मिति २०६८।१०।१४ गतेको कागज प्रतिवादी अनिल बुढाथोकी भन्ने गम बहादुर बुढाथोकीले गरिदिएको देखिएको छ । वादी पक्षले यी प्रतिवादी प्रकाशकुमार कुथेरको हकमा आफनो अभियोग माग दाबी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार शंकारहित तवरबाट पुष्टि गर्न सक्ने गरी कुनै ठोस प्रमाण पेस गर्न सकेको देखिएन । कुनै ठोस वस्तुनिष्ठ प्रमाणले पुष्टि नभएको अवस्थामा केवल जाहेरी दरखास्तमा नाम उल्लेख भएको र सहप्रतिवादी अनिल बुढाथोकी भन्ने गमबहादुर बुढाथोकीको पोलको भरमा मात्र यी प्रतिवादी प्रकाशकुमार कुथेरको आरोपित कसुरमा संलग्नता रहेको भनी फौजदारी दायित्व वोकाउन नमिल्ने ।

अतः प्रतिवादी अनिल बुढाथोकी भन्ने गमबहादुर बुढाथोकीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर अपराध गरेको देखिँदा ऐ.ऐनको दफा ४३ बमोजिम निज प्रतिवादी अनिल बुढाथोकी भन्ने गम बहादुर बुढाथोकीलाई १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रुपियाँ) जरिवाना गरी बिगोको हकमा अभियोगपत्र माग दाबीबमोजिम बिगो र हर्जानाबापतको रकम जाहेरवालाहरूले प्रतिवादीबाट भराइपाउने तथा प्रतिवादी प्रकाशकुमार कुथेरले अभियोग दाबीबाट सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७३/९/१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असार ३० गते रोज ४ शुभम् ।

६०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-०४०८, बन्दीप्रत्यक्षीकरण, राजु पौडेल भन्ने महेन्द्र भण्डारी वि. उच्च अदालत विराटनगर, इलाम इजलाससमेत*

प्रतिवादी राजु पौडेल भन्ने महेन्द्र भण्डारीलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्ने गरी झापा जिल्ला अदालतबाट मिति २०७८/२/१० मा भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहन परेन, कानूनबमोजिम गर्नु भनी यी रिट निवेदकलाई थुनामा राख्ने गरी झापा जिल्ला अदालतले गरेको आदेशलाई नै सदर गरी उच्च अदालत विराटनगर इलाम इजलासबाट मिति २०७८/३/१० मा आदेश भएको देखियो। जिल्ला अदालतले थुनामा पठाएको आदेश विरूद्ध एक तह निवेदन गरी सोको परीक्षणसमेत भई जिल्ला अदालतको आदेशलाई नै सदर गरेको अवस्थासमेत देखियो। यसरी न्यायिक प्रक्रियाको क्रममा दुई तहका अदालतबाट भएको आदेशबाट थुनामा रहेका निवेदकलाई गैरकानूनी थुनामा राखिएको भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गराउन यस अदालतसमक्ष रिट निवेदन लिई आएको देखिने।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा अदालतले देहायको अवस्थामा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्नेछ भनी देहाय (क) मा बदनियत, प्रवृत्त भावना लिई, कानून विपरीत वा अनिवार्यरूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखेको देखिएमा र (ख) मा प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा भन्ने आधारहरू तोकेको देखिने।

निवेदकलाई झापा जिल्ला अदालतले थुनामा राख्ने आदेश गर्दा तत्काल प्राप्त प्रमाणको परीक्षण गरी सोको आधारमा आदेश गरिएको र पछि प्रमाण बुझ्दै जाँदा प्रस्तुत भएका प्रमाणहरूका आधारमा कसुर ठहर हुने वा नहुने गरी फैसला हुने नै हुँदा हाल यी निवेदकलाई राखिएको थुनाका विरूद्ध बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने पूर्वावस्थाको विद्यमानता नदेखिने।

तसर्थ यी रिट निवेदकउपर दायर भएको झुट्ठा विवरण र किर्ते कागजातका आधारमा दोहोरो नागरिकता लिएको मुद्दामा कानून बमोजिमको प्रक्रिया पूरा गरी झापा जिल्ला अदालतबाट प्रतिवादीलाई थुनामा पठाउने गरी भएको आदेशलाई उच्च अदालत विराटनगर इलाम इजलासले सदर गरेको मुद्दा विचाराधीन अवस्थामा रहेको र बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन आवश्यक पर्ने सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ को अवस्थाहरूको विद्यमानता नदेखिएको हुँदा उल्लिखित आधारबाट यी रिट निवेदकको हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल साउन ११ गते रोज २ शुभम्।

**६१**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-RC-००९५, कर्तव्य ज्यान, नेपाल सरकार वि. रविचन्द्र भन्ने रविन हायू*

मिति २०६९/२/४ को बेलुकीपख जिल्ला सिन्धुली, कुशेश्वरदुम्जा गा.वि.स. वडा नं. ७ ओद्रेकोट स्थित सडकमा आँपघारीदेखि हायूटार जाने बाटोको विषयलाई लिएर जलन लामाको प्रतिवादीहरू सुरेश हायू समेतसँग वादविवाद भएको कारण रविन हायूसमेतका ८/१० जनाको समूहले सांघातिक रूपमा जलन लामालाई कुटपिट गरी बेहोस बनाएको र काठमाडौं बाँसवारी स्थित न्युरो हस्पिटलमा लगी उपचार गराउने क्रममा सोही चोटपटकको कारणबाट मिति २०६९।२।१० मा निजको मृत्यु भएको तथ्यमा

विवाद रहेको नदेखिने।

वारदातको लगत्तै अर्को दिन मिति २०६९।२।५ मा जाहेरवालाले घाउ जाँच गरी कारबाही गरी पाउन प्रहरीसमक्ष दिएको जाहेरी निवेदनमा र मृतकको मृत्युपश्चात् पेस गरेको मिति २०६९।२।११ को जाहेरी दरखास्तमा मृतकलाई कुटपिट गर्ने व्यक्तिहरूमा प्रतिवादी रविचन्द्र भन्ने रविन हायू पनि हुन् भनी किटान गरी जाहेरी दिएको देखिन्छ । जाहेरवाला राजकुमार लामाले जाहेरी बेहोरालाई समर्थन हुने गरी बकपत्र गरेकोसमेत देखिन्छ। त्यसैगरी मृतककी श्रीमती अञ्जली लामा तथा अनुसन्धानमा बुझिएका शक्तिमान घिसिङ्ग, प्रेम लामा, माइला लामा, दुधराज पुलामी र होटल सञ्चालक भोजकुमार सिंजालीले गरेको कागजमा रविन हायूसमेत वारदातमा संलग्न रहेका थिए भनी किटान गरी दिएको अवस्था छ । बुझिएका मानिसहरूले अदालतमा आई गरेको बकपत्रमा अनुसन्धानमा आफूहरूले गरेको कागजमा लेखिएको बेहोरा ठिक हो भनी सो बेहोरालाई समर्थन गर्दै बकपत्र गरिदिएको पाइन्छ। अनुसन्धानमा कसुरमा साबित रहेका प्रतिवादीहरूले वारदातको समयमा यी प्रतिवादी रविन हायू थिएनन्, वारदातपश्चात् मात्र घटनास्थलमा आएका हुन् भनी बयानमा लेखाए तापनि अदालतमा आई बयान गर्दा यस मुद्दाका कसुर ठहर भएका अन्य सबै प्रतिवादीहरूले वारदातको मिति र समयमा वारदास्थलमा रहेको सिंजाली होटलबाट मृतक जलन लामालाई वसन्त हायू तथा रविन हायूले साथमा लिई गएको र निजहरूले के गरे थाहा भएन भनी पोल गरेको अवस्था देखिन्छ । यसबाट प्रतिवादीहरूले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारीसमक्षको बयानमा रविन हायूका सम्बन्धमा लेखाएको बेहोरा खण्डित भएको अवस्था देखिने।

प्रतिवादी रविचन्द्र भन्ने रविन्द्र हायू वारदातको लगत्तै वारदातस्थलदेखि फरार भई अदालतबाट जारी म्यादमा समेत उपस्थित नभएकोले निजको हकमा मुलतबीमा रहेको र उक्त मुलतबीको अवधि व्यतीत हुँदासम्म पनि आफ्ना प्रमाणहरू प्रस्तुत गरी अभियोग दाबी खण्डन गरी सफाइका लागि अदालतसमक्ष उपस्थित भएको देखिँदैन । यति मात्र कारणले कसुरमा यी प्रतिवादीको संलग्नता प्रमाणित नहुने भए पनि यी प्रतिवादीउपरको किटानी जाहेरी, घटना कागज मुचुल्काहरू, अन्य प्रतिवादीको बयानमा गरिएको पोल तथा बकपत्रहरूसमेत मिसिल संलग्न कागजातहरूबाट जलन लामाको मृत्यु कर्तव्यबाट भएको तथ्य पुष्टि भएको र प्रतिवादी रविन हायुले वस्तुनिष्ठ रूपमा आफूउपरको आरोप खण्डित गर्न नसकेको अवस्थामा उक्त कर्तव्यमा यी प्रतिवादी रविन हायूसमेतको संलग्नता रहेको भन्ने तथ्यसमेत पुष्टि भएको देखिन आयो । साथै यसै मुद्दाका अन्य प्रतिवादीहरूको हकमा तह तह हुँदै यस अदालतबाट मिति २०७४।३।१५ मा कसुर ठहर भई जन्मकैदको सजाय भैसकेको देखिँदा सो फैसलामा ग्रहण गरिएका आधार प्रमाणहरू यी प्रतिवादीका हकमा समेत समान रूपले मान्य हुनु नपर्ने कुनै कारण र आधार नदेखिने।

अतः प्रतिवादी रविन हायूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैद हुने गरी सजाय गरेको सुरू सिन्धुली जिल्ला अदालतको मिति २०७३।१०।१२ को फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७५/३/११ को फैसला मिलेको देखिँदा साधकको रोहमा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल साउन ३२ गते रोज २ शुभम्।

६२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७८-WH-०२४७, बन्दीप्रत्यक्षीकरण, DOUGLAS AMOBI OKOROIGWE वि. अध्यागमन विभाग कालिकास्थान, काठमाडौंसमेत*

रिट निवेदक अध्यागमनसम्बन्धी कानूनी व्यवस्थाको उल्लङ्घन गरी अनुसन्धानको क्रममा वा कुनै अदालत वा न्यायिक निकायको आदेशले थुनामा बसेको नभई निजलाई नेपालबाट निष्कासन गर्ने कानूनी प्रक्रिया पूरा गर्न निजको राहदानीको आवश्यकता परेकोमा सो राहदानी जिल्ला अदालतले फैसलाबमोजिमको बिगो भराउने प्रक्रियाको लागि रोकी राखेको अवस्थामा निज अध्यागमन विभागको थुनामा रहेको देखियो । यस्तो थुनाको कानूनी मान्यता संविधानको धारा २०(१) अन्तर्गत "कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन" भन्ने भावनासँग मिल्ने देखिँदैन । निज निवेदकले मिति २०७९।०१।२६ मा अध्यागमन विभागको परिसरमा बस्न पाउँ भनी निवेदन दिएको आधारमा बस्न दिएको भन्ने तर्कले संविधानको धारा २०(१) को भावनालाई प्रतिनिधित्व गर्न सक्दैन । यद्यपि निज निवेदकलाई कसैको जिम्मा नलगाई अध्यागमन परिसरभन्दा बाहिर छोड्दा खुल्ला सीमाको कारण निज फरार हुन सक्ने र कानूनबमोजिम निजको भिसा नियमित गरी नेपालबाट निष्कासन गर्न असम्भव हुने तथा अदालतको फैसलाबमोजिमको बिगो भराउने कार्य अवरोध उत्पन्न हुन सक्ने अवस्थालाई मध्यनजर गरी निज रिट निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने मागसँग सहमत हुन नसकिने ।

तसर्थ, यी रिट निवेदकले काठमाडौं जिल्ला अदालतबाट मुद्दा नं. ०७४-CR-०६०२ मा मिति २०७५।०१।०५ गते र मुद्दा नं. ०७४-CR-०५१३ मा मिति २०७७।११।१७ गते भएको फैसलाबमोजिमको कैद र जरिवाना भुक्तान भएको भन्ने कैदीपुर्जी र जरिवानाबापत रकम दाखिला गरेको भन्ने काठमाडौं जिल्ला अदालतको च.नं. २४६६ मिति २०७९।०१।२५ को पत्रबाट देखिन आयो । तर सो फैसलाबमोजिमको जाहेरवालाहरूलाई भराउनुपर्ने बिगो यी रिट निवेदकले बुझाएको मिसिलबाट देखिन आएन । जाहेरवालालाई भराउनुपर्ने ठहरेको बिगो अदालतमा निज रिट निवेदकले नबुझाएकोले काठमाडौं जिल्ला अदालतबाट निजको राहदानी उपलब्ध नगराएको अवस्था रहेको देखियो । रिट निवेदकले बिगोबापतको रकम काठमाडौं जिल्ला अदालतमा बुझाएको खण्डमा निजको राहदानी निवेदकलाई उपलब्ध गराउने र अध्यागमन विभागमा निजको निष्कासनको प्रक्रिया अगाडि बढी यी निवेदक आफ्नो देश जान सक्ने देखिँदा तत्काल बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिएन । अब, निज DOUGLAS AMOBI OKOROIGWE बाट जाहेरवालालाई भराउनु पर्ने बिगो रकम रिट निवेदकले दाखिला गर्न ल्याएमा बुझी लिई निजको सक्कल राहदानी यी निवेदकलाई उपलब्ध गराई अध्यागमन कार्यविधि, २०६५ को बुँदा नं. ६.३ को देहाय १ मा "निष्काशन हुने व्यक्ति निष्कासन नहुँदासम्म विभागले तोकेको स्थानमा बस्नु पर्ने" भन्ने व्यवस्था देखिएकोले निजको त्यस्तो बसाइलाई संविधानको धारा २०(१) को भावना अनुसार निजले अदालतमा बिगोबमोजिमको रकम धरौट वा दाखिला नगरेसम्मका लागि अध्यागमन विभागको थुनामा नराखी कोही जिम्मा लगाउन सक्ने व्यक्ति निजले उपस्थित गराएमा निजको जिम्मा लगाउनु वा अध्यागमन विभागभित्र

थुनुवा राख्ने ठाउँमा नराखी विशेष स्थान तोकी बस्ने व्यवस्था मिलाउनु वा अध्यागमन विभागले निजको जिउमा कुनै विद्युतीय सामग्रीको प्रयोग गरी निश्चित स्थानमा स्थानहद गरी बस्ने व्यवस्था मिलाउनु भनी अध्यागमन विभाग, कालिकास्थानको नाममा र रिट निवेदकले जाहेरवालाहरूलाई बुझाउनुपर्ने ठहरेको बिगो रकम बुझाउन आएमा सो रकम नियमबमोजिम धरौटी खातामा आम्दानी बाँधी रिट निवेदकको राहदानी फिर्ता दिनु भनी काठमाडौं जिल्ला अदालतका नाउँमा यो परमादेश जारी गरिदिएको छ। बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रेश्मा बुध्दाचार्य

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल असार २७ गते रोज २ शुभम्।

६३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७८-WH-०००८, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम फुलमाया वि. सिराहा जिल्ला अदालत*

निवेदिका फुलमाया नाबालक भएकोमा विवाद देखिँदैन। निज नाबालकसमेत अन्य उमेर पुगेका व्यक्तिउपर मिति २०७६।३।२७ गते एउटै अभियोग पत्र पेस भएको देखिन्छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३० को उपदफा (६) ले "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसुरजन्य कार्यमा बालबालिकासहित उमेर पुगेका व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा बाल अदालतबाट कारबाही, सुनवाई र किनारा गर्नु पर्नेछ र उमेर पुगेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानूनबमोजिम मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ" भनी व्यवस्था भइरहेको अवस्थामा यी निवेदिका नाबालक फुलमाया र साबालकको एउटै मुद्दा भए पनि छुट्टाछुट्टै अभियोगपत्र दर्ता हुनुपर्ने र त्यसो नभएको अवस्थामा अदालतले समेत छुट्याउन लगाई छुट्टाछुट्टै इजलास कायम गरी मुद्दाको सुनुवाइ गर्नु पर्नेमा सो कार्य नगरी एउटै अभियोगपत्रबाट सुनुवाइ भई थुनछेक आदेश भएको र बाल इजलासको लागि नतोकिएको माननीय न्यायाधीशबाट थुनछेक भएको अवस्था सिराहा जिल्ला अदालतको मिति २०७८।४।२५ को च.नं. १०५३ को पत्रबाट देखिनुका साथै बाल इजलास हेर्ने न्यायाधीशबाहेकको न्यायाधीशबाट पटक पटक प्रस्तुत मुद्दाको सुनुवाइ भएको अवस्था सिराहा जिल्ला अदालतको पेशी स्थिति विवरणबाट देखिन आउने।

थुनामा रहेकी नाबालक निवेदिकाले अदालत स्वयंको काम कारबाहीबाट बाल न्यायका आधारभूत अधिकार उपभोग गर्ने अख्तियार प्राप्त इजलासबाट लामो समयसम्म पनि सुनुवाइ नभई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३७ बमोजिमको अवधिमा मुद्दा किनारा हुन नसकी दुई वर्षभन्दा पनि बढी अवधिदेखि थुनामा रहेकोसमेत देखिँदा र बालबालिकको सर्वोत्तम हित नै बाल न्यायको मार्गदर्शनसमेत रहेको स्थितिमा निज निवेदिकालाई हालको अवस्थामा निजको थुनालाई न्यायोचित मान्न नसकिएकोले पछि मुद्दा अन्तिम किनारा हुँदा ठहरेबमोजिम हुने गरी हाललाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा निजलाई थुनामुक्त गरिदिने।

इजलास अधिकृत: निराजन पाण्डे

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल साउन २७ गते रोज ४ शुभम्।

**६४**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. डा. श्री कुमार चुडाल,** *०७६-MS- ००२७, अदालतको*

*अवहेलनामा कारबाही गरी फैसला कार्यान्वयन गरिपाउँ, रामचन्द्र शाहसमेत वि. नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाडौंसमेत*

निवेदकहरूले पाउने उपदान, संचित बिदा, बिमा उपचार खर्चसमेतका सुविधाका सम्बन्धमा प्रस्तावित नेपाल रेल्वे कम्पनी लिमिटेडको कर्मचारी प्रशासन (सेवा, सर्त, सुविधा) सम्बन्धी विनियमावलीमा नै सोसम्बन्धी प्रावधान उल्लेख हुनुपर्ने देखिएको र त्यस्तो विनियमावली निर्माण गर्ने प्रक्रिया प्रारम्भ भई सो विनियमावलीमा त्यस्ता सुविधाहरू समावेश गरी मन्त्रालयमार्फत नेपाल सरकार मन्त्रिपरिषदमा अनुरोध गरी पठाउने भनी नेपाल रेल्वे कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७७।१२।१७ को ९८ औ बैठकबाट निर्णय भई साबिकका कर्मचारीहरूले पाउने सुविधाका सम्बन्धमा कम्पनीको प.स.०७७/७८ च.न.९९ मिति २०७७/११/११ पत्रबाट सिफारिस गरी सम्बन्धित मन्त्रालयमा पेस भइसकेको भन्ने बेहोरा उल्लेख भएको देखिँदा विलम्बन गरी विनियमावली कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सम्बन्धित विभाग एवं मन्त्रालयसमेतको देखिएको र प्रस्तुत विषयका सम्बन्धमा यसै अदालतबाट मिति २०५९।२।३१ मा नै निर्णयसमेत भएकोमा तत्-पश्चात् पनि फैसला कार्यान्वयन नभएको भनी परेको अदालतको अवहेलना मुद्दा (संवत् २०६० सालको फौ.नि.न. ८१) मा नेपाल यातायात संस्थान सञ्चालक समितिको ७७० औँ बैठकको निर्णय कार्यान्वयन गर्न भएको फैसलाबमोजिमको सुविधा दिन म्याद किटान गरी आदेश भएकोमा हाल यति लामो अवधिसम्म पनि कार्यान्वयन भएको नदेखिएकोले शीघ्रातिशीघ्र यस अदालतबाट भएको निर्णय आदेश कार्यान्वयन गर्न गराउन विपक्षीहरूलाई लेखी पठाउनु पर्ने र मिति २०५९ सालमा नै भएको अन्तिम फैसला आदेश हालसम्म कार्यान्वयन नभएकोले आदेशको अविलम्ब कार्यान्वयन नगरेमा हालको बहालवाला पदाधिकारीहरूउपर अदालतको अवहेलनामा कारबाही हुनसक्ने बेहोराको जानकारीसमेत सम्वद्ध बहालवाला पदाधिकारीलाई गराउने।

इजलास अधिकृत: बासुदेव पाण्डे

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल जेठ २७ गते रोज ६ शुभम्।

## ६५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-CR-०९५३, ०७५-CR-०५९३, कर्तव्य ज्यान, मीरा के.सी. वि. नेपाल सरकार, नेपाल सरकार वि. ज्ञानबहादुर राईसमेत*

वारदात हुँदाका अवस्थामा प्रचलनमा रहेको साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.मा भएको व्यवस्था हेर्दा,"लाठी ढुङ्गा र साधारण सानातिना हतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मार्ने गैह्र कुरा गरी ज्यान मारेमा एकैजनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एकजना र धेरैजनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ" भन्ने व्यवस्था रहेको र यी प्रतिवादीको साबिती र अपराधको प्रकृतिसमेतलाई हेर्दा यी प्रतिवादीको कर्तव्यबाट नै मृतकको मृत्यु भएको पुष्टि हुन आएकोले उक्त कानूनी व्यवस्था निज प्रतिवादीको हकमा लागु हुने देखिन्छ। यी पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.को कसुरमा ऐ.को १३(३)नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको फैसलालाई यी पुनरावेदक

प्रतिवादीले अन्यथा भन्न नसकेको अवस्थामा उक्त फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेकै देखिन आउँछ । ज्यानसम्बन्धी महलको १३(३) नं. अन्तर्गत पर्ने कसुर होइन भन्ने आशयको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

विगत अढाई वर्षदेखि श्रीमानले बजारबाट औषधी किनेर ल्याई रक्सीसँग मिसाएर खाई २, ४ घण्टासम्म यौनसम्पर्क गर्ने गर्दा आफूलाई असह्य हुने गरेको र मृतकले आफूसँग अप्राकृतिक यौनसम्पर्क गर्दासमेत सहेर नै बस्दै आएकी यी प्रतिवादी मीरा के.सी.ले घटना घटेको राति पनि मृतक लोग्नेले त्यसै गरेकोले असह्य भई तत्कालको रिस थाम्न नसकी आफैँले लगाएको कुर्ताको सलले मृतकको घाँटीमा कसी मारेको सम्बन्धमा विवाद देखिएन । घटनास्थल लासजाँच प्रकृति मुचुल्कामा कुनै संघर्षको चिह्न पाइएको छैन । यी पूरक अभियोगपत्रको सम्बन्धमासमेत प्रतिवादी मीरा के.सी.ले सो कसुर अपराधको सम्पूर्ण दायित्व स्वयंले लिई घटनाको यथार्थता एवम् सिलसिलेवार विवरणसमेत खुलाई बयान गरिदिएको पाइन्छ भने सो वारदातमा अन्य प्रतिवादीहरूको पनि संलग्नता रहेको भन्ने पवन के.सी.को भनाइ वा बकपत्र बेहोराबाहेक वादी पक्षले अरू कुनै तथ्ययुक्त प्रमाण पेस गर्न सकेको पाइँदैन । घटनापछि प्रतिवादी मीरा के.सी. र मृतकका नाबालक छोरा वर्ष ११ को भनिएको पवन के.सी., जाहेरवाला तथा मृतकका दाजुहरू धनबहादुर के.सी., रेशम के.सी. आदिको संरक्षणमा रहेको भन्ने प्रतिवादी मीरा के.सी.बाट खुल्न आएको छ । यो तथ्यलाई अन्यथा मान्नुपर्ने कुनै प्रमाण वादी पक्षले देखाउन सकेको पाइँदैन । प्रतिवादी सुजन खत्रीको बयान हेर्दा, मृतकका दाजु यी रेशम के.सी.सँग निज सुजनको दिदी ज्ञानी के.सी.को विवाह भएको, निजहरूबिच अंश मुद्दा चलिरहेको र निज ज्ञानी के.सी.ले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेकोमा दिदीतर्फबाट मिलापत्र गराउन जाँदा यी जाहेरवाला धनबहादुर र यी प्रतिवादी सुजन खत्रीका भिनाजु अर्थात् मृतकको अर्को दाजु रेशम के.सी.सँग भनाभन भएको भन्ने खुल्न आएको छ । यी प्रतिवादी सुजन खत्रीसँग जाहेरवाला र निजको दाजुको रिसइवी रहेको र निजहरूकै संरक्षणमा रहेका नाबालक छोरा पवन के.सी.लाई वारदातपश्चात् सिकाइ पढाइ प्रतिवादी मीरा के.सी.का माइतका परिवारजन, इष्टमित्रहरूलाई पोल गर्न लगाइएको भन्ने प्रतिवादी मीरा के.सी.को बयान बेहोरामा विश्वास गर्नु नपर्ने कुनै मनासिब कारण र आधार देखिँदैन । वस्तुस्थिति मुचुल्कामा उल्लेख भएका दिलप्रसाद कर्माचार्य, दीपक श्रेष्ठ, सुशिला ढुंगाना तथा प्रतिवादीमध्येका ज्ञानबहादुर राईसमेतले यस प्रकृतिको पूर्व रिसइवी रहेको बेहोरा खुलाइदिएबाट निज जाहेरवाला धनबहादुर के.सी., रेशम के.सी. हरूको प्रत्यक्ष संरक्षणमा रहेका नाबालक छोरा पवन के.सी.बाट पोल गराउन सक्ने अवस्था विद्यमान देखिएको र निज पवन के.सी.को बकपत्रलाई पुष्टि गर्ने कुनै अन्य वस्तुनिष्ठ एवम् स्वतन्त्र प्रमाण नभएको हुँदा सो बकपत्रलाई शंकारहित प्रमाणको रूपमा ग्राह्य मान्न मिल्ने अवस्था देखिएन । अर्कोतर्फ शव परीक्षण गर्ने डा.सुनिल ढुंगेलले एकजनाले मात्र पनि घाँटी कसी मार्न सक्ने सम्भावना देखाएको र प्रतिवादी मीरा के.सी.ले आफू एक्लैले औषधी खुवाई मारेको साबित रहेको हुँदा यी प्रतिवादी मीरा के.सी. बाहेकका अरू प्रतिवादीहरूका हकमा वादीको अभियोग दाबी पुष्टि हुने प्रकृतिको कुनै वस्तुनिष्ठ प्रमाण वादी नेपाल सरकारले पेस गर्न सकेको पाइएन । कर्तव्य ज्यान जस्तो अपराधमा वारदातमा संलग्न रहेको भनी शंकाको भरमा सजाय गर्नु फौजदारी न्याय शास्त्र विपरीत हुन जाने देखिन्छ । त्यसैले अन्य प्रतिवादीहरू ज्ञानबहादुर राई, सहदेव खड्का र सुजन

खत्री तथा निलेश श्रेष्ठसमेतलाई अभियोग दाबीबाट सफाइ दिएको सुरू अदालतको फैसलाहरू सदर गरेको उच्च अदालत पाटनको फैसला मनासिब देखिन आउँछ । निजहरूका हकमा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादी मीरा के.सी.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय सदर गरेको उच्च अदालत पाटनको फैसलामा आरोपित कसुरमा साबित रही पुनरावेदक प्रतिवादी मीरा के.सी.ले अनुसन्धान अधिकारी एवम् अदालतमा समेत सहयोग पुऱ्याएको भनी पुनरावेदक प्रतिवादीलाई अ.बं.१८८ बमोजिम १५(पन्ध्र) वर्ष कैद हुने राय जाहेर भएको देखिन्छ । प्रतिवादीलाई जन्मकैदको सजाय हुने गरी कार्यान्वयन गर्दा सजाय चर्को पर्न जाने भई परिस्थितिलाई विचार गर्दा उच्च अदालत पाटनले साबिक मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १५(पन्ध्र) वर्ष कैद हुने गरी जाहेर गरेकोमा सो सजाय बढी भएकोले कम हुनुपर्ने भनी पुनरावेदक मीरा के.सी.को पुनरावेदन जिकिर रहेको पाइन्छ । अ.बं.१८८ नं. बमोजिम लगाइएको राय पुनरावेदन हुन सक्ने विषय होइन, तथापि यस अदालतले त्यस्तो राय सम्बन्धमा न्यायिक विवेक प्रयोग गरी विचार गर्न नसक्ने भन्ने हुँदैन । वादी प्रतिवादीको पुनरावेदन परी यस अदालतसमक्ष आइसकेको मुद्दामा उक्त कानूनी व्यवस्था अनुरूप घटनाको अवस्था, परिस्थिति, पूर्व योजना र तयारीको विद्यमानता, अपराध गर्ने व्यक्तिको पारिवारिक वा अन्य हैसियत, मृतकले पीडितलाई साबिकमा पुऱ्याएको शारीरिक मानसिक पीडा इत्यादि विभिन्न पक्षहरूलाई विचार गरी यस अदालतले न्यायिक मनको प्रयोग गर्न सक्ने । अतः साबिक मुलुकी ऐन, अ.बं.१८८ नं.मा" सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्न हुनेसम्मको शंकाले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐन बमोजिमको सजाय दिंदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहऱ्याई आफ्ना चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्न हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ" भन्ने कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा यस मुद्दाको विषयवस्तुलाई विवेचना गर्नुपर्ने देखिन्छ । प्रतिवादी र मृतक श्रीमान् श्रीमती भएको, मृतकले पहिलेदेखि नै जाँडरक्सी खाएर पुनरावेदक प्रतिवादीलाई कुटपिट गर्ने लगायतका शारीरिक तथा यौनजन्य यातना दिने गरेको मिसिल संलग्न प्रमाणलगायतका निज प्रतिवादीको भनाइबाट पनि पुष्टि हुन आउँछ । घटना घटेको दिनमा पनि मृतकले प्रतिवादीलाई चरम शारीरिक यातना दिएको र सो सधैँको प्रताडना खप्नुभन्दा त श्रीमानलाई मारिदिन्छु भन्ने प्रतिवादीको मनमा आउनुलाई अस्वाभाविक आपराधिक प्रवृत्तिको रूपमा हेर्नु न्यायोचित हुँदैन । प्रतिवादीको मृतकलाई मार्ने कुनै पूर्व तयारी नभएको, घटना घट्दा धारिलो हतियारको प्रयोग नभएको, अनुसन्धान अधिकारी र अदालतसमक्ष सत्यतथ्य बोली अनुसन्धानमा सहयोग पनि गरेको मिसिल संलग्न प्रमाणहरूबाट देखिन्छ । यी प्रतिवादीले आफू पीडकबाट बारम्बार प्रताडित हुँदै आएकोले पहिलेका पीडासमेत सम्झेर उठेको रिसबाट अनियन्त्रित भई उक्त घटना घटाएको भन्ने भनाइ रहेको देखिन्छ । मृतकलाई खुवाएको भनिएको औषधीहरू निज मृतकले नै ल्याएको र त्यसलाई यी प्रतिवादीले लुकाई राखेको देखिएको छ । कुनै महिलाले आफ्नो पतिको हत्या गरेकोमा हत्या गर्ने महिलाको अवस्था, निजले भोगी आएको पीडा, वारदात हुँदाको मनोदशा,

उमेर, हुर्केको परिवेश, उसको पारिवारिक जीवन, सामाजिक वातावरण, आर्थिक अवस्था, बाध्यतावश वा अन्य कारणले अपराध हुन गएको अवस्था, अपराध गरेकोमा अदालत, प्रहरी अधिकारी वा सरकारी वकिललाई सत्य कुराको अभिव्यक्ति दिई अनुसन्धानमा सहयोग गरेको वा वारदात हुनुमा मृतकको प्रेरकको भूमिका रहेको तथ्य आदिको विवेचना गर्दा प्रस्तुत प्रकृतिको वारदात रहेको मुद्दामा साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं.को प्रयोग हुन सक्ने ।

तसर्थ, सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट पुनरावेदक प्रतिवादी मीरा के.सी.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.को कसुरमा ऐ.को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७४।४।३१ को फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिँदा सदर हुने ठहरेको र उच्च अदालतको फैसलाले प्रतिवादीमध्येका मीरा के.सी.लाई ठहराएको सर्वस्वसहित जन्मकैदको सजाय चर्को पर्न जाने चित्तमा लागेकोले निजलाई कैद वर्ष १५(पन्ध्र) मात्र तोकी पाउन अ.बं.१८८ नं. अनुसार रायसहित जाहेर गरेकोमा अपराध गरेको अवस्था विचार गर्दा सोसमेत चर्को हुने देखिएकोले निज प्रतिवादीलाई आठ(८) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर: शान्ति तामाङ

इति संवत् २०७६ साल माघ २६ गते रोज १ शुभम् ।

## ६६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७७-WH-००५४, बन्दीप्रत्यक्षीकरण, मधुराम प्रधानाङ्ग वि. जिल्ला प्रहरी कार्यालय, भक्तपुरसमेत*

बन्दीप्रत्यक्षीकरणको रिट कुनै व्यक्तिको कानूनबमोजिम बाहेक वैयत्तिक स्वतन्त्रतामा प्रतिकूल प्रभाव परेको अवस्थामा जारी हुने । मुद्दा मामिलाको रोहमा थुनामा रहेको व्यक्तिका हकमा कुनै कानून, अवस्था, परिस्थितिवश थुनामा राखिएको कार्यमा सम्बन्धित अदालतले कानूनको गम्भीर त्रूटि भएको, कलुषितरूपमा कारबाही उठान गरी बदनियतपूर्ण तवरबाट थुनामा राखिएको, कानूनको जालसाजीपूर्ण प्रयोग गरिएको जस्ता अवस्था देख्वछ भने सामान्य उपचार भए पनि हस्तक्षेप गर्नुपर्ने अवस्था सृजना हुन सक्दछ, तर यसको प्रयोग व्यक्ति थुनामा रहेको हरेक व्यक्तिको हकमा गरिँदैन र गर्नु पनि नहुने । यी निवेदक बन्दीलाई बिना कानून थुनामा राखेको नभई मुद्दा नं. ०७५-CB-०६५५ को बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनबाट भएको फैसला अनुरूप असुल गर्नुपर्ने जरिवानाको लगत अदालतबाट प्राप्त भएकोबाट विपक्षी जिल्ला प्रहरी कार्यालय, भक्तपुरले यी निवेदकलाई पक्राउ गरी विपक्षी भक्तपुर जिल्ला अदालतमा पेस गरेकाले उक्त अदालतले फैसला कार्यान्वयन गर्ने क्रममा विपक्षी केन्द्रीय कारागार कार्यालय, जगन्नाथदेवल पठाई निवेदक कैदमा रहेको देखिन्छ । यी निवेदक बन्दीले आफूले उपर्युक्त फैसलाले लागेको जरिवाना क्षतिपूर्ति बुझाइ सकेको भन्ने दाबी लिन सकेको नदेखिने ।

बन्दाबन्दीको समयमा पनि अदालत बन्दीको हकमा खुल्ला रहिरहेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको निवेदन नआई निवेदकलाई मिति २०७६।२।१४ मा उच्च अदालत पाटनबाट बैंकिङ कसुर मुद्दामा भएको फैसलाले लागेको कैद जरिवानाबापत मिति २०७७।४।५ मा पक्राउ परेको देखियो । आफू पक्राउ परेपश्चात निवेदकले मिति २०७७।४।३२ मा मात्र यस अदालतमा पुनरावेदन

दर्ता गरेको भन्ने यी निवेदक बन्दीको निवेदन बेहोराबाटै खुल्न आउँछ। यसरी विपक्षी उच्च अदालत पाटनको फैसला कार्यान्वयनको क्रममा पक्राउ परेको र पक्राउ परेपश्चात् मात्र विपक्षी उच्च अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन परेको देखिँदा पुनरावेदनसमेत दर्ता भई अदालतको विचाराधीन मुद्दामा यस अदालतको साधारण कार्यविधिलाई समेत असर पार्ने गरी मिति २०७७।५।२४ मा निवेदकले यस अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दायर गरेको देखियो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(४) बमोजिम धरौट वा जमानत दिई पुनरावेदन गर्न सक्ने कानूनी सुविधा प्रयोग नगर्नुको कारण यी निवेदक बन्दीले निवेदनमा खुलाएको देखिँदैन। धरौट वा जमानत दिन नसकेमा पनि दफा १३७(६) बमोजिम पुनरावेदन परेको छ महिना पछि अदालतले छाडी मुद्दाको कारबाहीलाई निरन्तरता दिन सक्ने कानूनी व्यवस्था निवेदकका हकमा हालसम्म पनि विद्यमान रहिरहेको परिप्रेक्ष्यमा बन्दीप्रत्यक्षीकणको रिट जारी गर्न नमिल्ने।

अतः निवेदकको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्दछ भनी निवेदकतर्फबाट प्रस्तुत निवेदन बेहोरा बहसमा उपस्थित विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन सकिएन। बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई गैरकानूनी थुनाबाट मुक्त हुन पाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

इति संवत् २०७७ साल असोज ७ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०७७-WH-००९४, बन्दीप्रत्यक्षीकरण, घनश्याम राजवंशी वि. झापा जिल्ला अदालतसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ८

६७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CI-०२९५, लिखत बदर दर्ता, रमा त्रिपाठी चिमौरियासमेत वि. लक्ष्मीप्रसाद पाध्या चिमौरियासमेत*

विवादित कि.नं.२९९ को क्षेत्रफल ८-२-१-२ जग्गा कित्ताकाट गरी कायम हुन आएको कि.नं. १०१८ र १०१९ मध्येको कि.नं. १०१८ क्षेत्रफल ४-२-१-२ को जग्गासमेत मिति २०७२।५।१३ मा बिक्री गरेको अवस्थामा प्रतिवादी लक्ष्मीप्रसाद चिमौरियाले वादी प्रतिवादीबिच चुलोमानो अलग भएको मिति २०७२।६।२४ गते पूर्व बिक्री गरेको अचल सम्पत्ति आधाभन्दा बढी नभएको तथा सो सम्पत्ति आफूखुस गर्न पाउने, अंशियार वादीहरूको मन्जुरी लिन नपर्ने र अंशबन्डा गर्न नपर्ने सम्पत्ति हो भन्ने कुराको ठोस सबुत प्रमाण पेस दाखेल गर्न सकेको छैन। यस अवस्थामा बिक्री गरेको सम्पत्तिमा आधाभन्दा बढी सम्पत्ति बाँकी नै रहेकोले वादी दाबी पुग्न नसक्ने भनी उच्च अदालत पाटनले मिति २०७४।७।१९ गतेमा गरेको फैसलासँग सहमत हुन सक्ने नदेखिने।

समुच्च सम्पत्तिमा आधाभन्दा बढी बाँकी रहेको भन्ने जिकिर ग्रहण नभएको अवस्थामा विवादित लिखतका सन्दर्भमा मात्र आधा लिखत साबिक मुलुकी ऐन, अंशबन्डाको १९(१) बमोजिम आफूखुस गर्न पाउने भएबाट पुनरावेदक वादीहरूको भाग आधा लिखतबाट मात्र ४ भागको १ भाग निजहरूको मन्जुरी नभएको अवस्थामा कायम रहन सक्ने नदेखिने।

अतः सुरू काठमाडौं जिल्ला अदालतबाट वादी दाबीबमोजिम लिखत बदर हुने ठहर गरी

भएको मिति २०७३।२।०४ को फैसला बदर भई लिखत यथावत सदर कायम हुने ठहऱ्याएको मिति २०७४।७।१९ को उच्च अदालत पाटनको फैसला केही उल्टी भई वादी दाबीमा उल्लिखित कि.नं.२९९ को क्षेत्रफल ८-२-१-२ जग्गा कित्ताकाट गरी कायम हुन आएको कि.नं. १०१८ र १०१९ मध्येको कि.नं. १०१८ क्षेत्रफल ४-२-१-२ को जग्गाको दिने प्रतिवादी लक्ष्मीप्रसाद चिमौरिया र लिने प्रतिवादी गायत्री मैनाली भएको मालपोत कार्यालय, काभ्रेपलाञ्चोकको मिति २०७२।५।१३ को र.नं. ५८५ख को राजीनामा लिखत र सो लिखतको आधारमा भएको दर्तासमेत आधाबाट नरम गरम मिलाई यी वादीहरूको अंशहक लाग्ने ४ भागको १ भाग बदर भई वादीहरूको नाममा दर्तासमेत हुने।

इजलास अधिकृतः ताराप्रसाद जोशी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल असोज१२ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-CI-०२९७, लिखत बदर दर्ता, रमा त्रिपाठी चिमौरियासमेत वि. लक्ष्मीप्रसाद पाध्या चिमौरियासमेत।
- ०७५-CI-०२९६, लिखत बदर दर्ता, रमा त्रिपाठी चिमौरियासमेत वि. लक्ष्मीप्रसाद पाध्या चिमौरियासमेत।

६८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CR-१२५५, लागु औषध (खैरो हेरोइन), सुरेश कार्की वि. नेपाल सरकार*

प्रतिवादी सुरेश कार्की आफू सेवनकर्तासम्म हो, लागु औधष खरिदबिक्री ओसारपसार गर्ने गरेको होइन भन्ने पुनरावेदन दाबी जिकिरको सम्बन्धमा विचार गर्दा अदालतसमक्ष बयान गर्दा मौकाको बयान बेहोरा झुट्टा हो, मलाई नपढी नसुनाई प्रहरीले सहीछाप गर्न लगाएका हुन् । सहीछाप मेरो हो भनी कसुर गरेकोमा इन्कार रहेको र पुनरावेदनमा समेत सोही बेहोराको जिकिर लिएको देखियो। मौकाको बयानको सम्बन्धमा प्रतिवादीले सो जिकिर लिए तापनि निज प्रतिवादीलाई म्याद थपका लागि अदालतसमक्ष उपस्थित गराउँदा म्याद थप गर्ने अधिकारीसमक्ष सो तथ्यको बारेमा स्वतन्त्रतापूर्वक आफ्नो बेहोरा राख्न सक्ने अवस्थामा समेत सो तथ्यलाई अन्यथा मान्नुपर्ने गरी कुनै जानकारी गराएको मिसिलबाट देखिन आउँदैन । प्रतिवादीले मौकामा गरेको बयान प्रमाण ऐन, २०३१ को दफा ९ अनुसार अन्यथा प्रमाणित नभएसम्म प्रमाणमा लिन मिल्ने नै हुन्छ । प्रतिवादी अदालतमा बिक्री गर्नेतर्फको आरोपित कसुरमा इन्कार रहे तापनि निजको सो इन्कारी बयान प्रमाणित गर्ने वस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न सकेको पाइँदैन । बरामद भएको लागु औषधको परिमाणलाई हेर्दा यी प्रतिवादीहरूले सेवन गर्नका लागि मात्र त्यति ठूलो परिमाणमा लागु औषध खरिद गरी ल्याएका हुन् भनी विश्वास गर्न सक्ने तथ्य मिसिल संलग्न प्रमाण कागजहरूबाट नदेखिने।

प्रमाण ऐनमा उल्लेख भएको उपर्युक्त कानूनी प्रावधानको रोहरीतबाट विचार गर्दा प्रतिवादीहरूले गरेको मौकाको बयान माथि उल्लिखित कानूनी प्रावधान प्रतिकूल गराइएको हो भनी प्रतिवादीहरूले पुष्टि गरेको नदेखिँदा सो बयान निजहरूका विरूद्धमा प्रमाणमा लिन मिल्दैन भनी अर्थबोध गर्न मिल्ने देखिँदैन । यसै कसुरमा संलग्न अर्का प्रतिवादी आशिषकुमार अर्याल भन्ने ओमनाथ अर्यालयले उच्च अदालतको फैसला स्वीकार गरी बसेको देखिन्छ साथसाथै विकास श्रेष्ठको अदालतमा भएको बयानमा

समेत यी सहप्रतिवादीहरूसमेतको सल्लाहबमोजिम बरामदी लागु औषध आफू र सह प्रतिवादीहरूसमेतको पैसाले खरिद गरेको कुरा स्पष्टसँग उल्लेख गरको देखिँदा यी पुनरावेदक प्रतिवादीको दाबी जिकिरसँग सहमत हुन सक्ने अवस्था नदेखिने।

यसरी मिसिल संलग्न बरामदी मुचुल्का, प्रतिवेदकको प्रतिवेदन र सोलाई पुष्टि हुने गरी प्रतिवेदकको बकपत्र, सहप्रतिवादीको बयान बरामद लागु औषधको परिमाण प्रतिवादीको मौकाको साबिती बयानसमेतका प्रमाणहरूबाट यी प्रतिवादीउपरको अभियोग दाबी पुष्टि हुन आएकोले लागु औषधको प्रकृति परिमाण र प्रतिवादीहरूको कसुरमा रहेको संलग्नता हेर्दा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम सजाय हुने ठहर गरेको सुरू मकवानपुर जिल्ला अदालतको फैसला सदर हुने गरी उच्च अदालत पाटन हेटौंडाबाट मिति २०७४।०८।१२ बाट भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादी सुरेश कार्कीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृतः सुमनप्रसाद कुशवाहा

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल कार्तिक ७ गते रोज १ शुभम्।

## ६९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७२-WO-११३२, उत्प्रेषणयुक्त परमादेशसमेत, नवराज दाहालसमेत वि. नेपाल आयल निगम लिमिटेडको कार्यालय बबरमहलसमेत*

नेपाल आयल निगममा करारमा कार्यरत निवेदकहरू स्थायी पदपूर्तिका लागि खोलेको विज्ञापनमा उमेर हदका कारण भनी आफूहरूले भरेको योग्यता अनुसारको पदमा परीक्षा फाराम नलिई अन्याय गरेको र नेपाल आयल निगमको विनियमावली अनुसार कार्यरतको हकमा उमेर हद नलाग्नेमा उमेर हदका कारण फाराम भर्न वञ्चित भएकाले निगमको उक्त निर्णय बदर गरिपाउँ भन्ने दाबी रहे पनि निवेदकका कानून व्यवसायीले इजलाससमक्ष जुन सूचनाउपर निवेदन परेको हो सोबमोजिमको परीक्षा सञ्चालन भई नतिजा प्रकाशन एवं सिफारिससमेत भइसकेको हुँदा आफ्नो केही जिकिर नरहेको भनी निवेदन गर्नुभएको र विपक्षीका कानून व्यवसायीले सुनुवाइका क्रममा इजलाससमक्ष पेस गर्नुभएका कागजातहरू हेर्दा, नेपाल आयल निगम लिमिटेडको सञ्चालक समितिको मिति २०७३।०१।१२ मा बसेको २११५ औं बैठकले यथास्थितिमा रहेको पदपूर्ति सम्बन्धमा निगमको कर्मचारी प्रशासन विनियामली, २०६३ को पदपूर्ति, नियुक्ति र बढुवासम्बन्धी व्यवस्थामा संशोधन गर्ने, पदपूर्ति समितिको गठन गर्ने, दरखास्त फाराम छानबिन र स्वीकृति गर्नेलगायतका निर्णय गरेको छ । सो निर्णयको बुँदा नं. ४.८(घ) मा पुरूष उम्मेदवारको हकमा उमेरको हद ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने भन्ने देखियो । यी निवेदकहरूको उमेर ३५ वर्ष नाघेको भन्ने निवेदक स्वयंले स्वीकार गरेको अवस्था रहेको र व्यवस्था नै संशोधन भइसकेको एवं सो विज्ञापनसम्बन्धी काम कारबाही सुचारू भई उम्मेदवारसमेत सिफारिस भएको साथै सोभन्दा पछिल्ला आर्थिक वर्षहरूमा समेत सोही पदमा पटक पटक सूचना प्रकाशन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन तथा उम्मेदवारसमेत सिफारिस भइसकेको भन्ने देखिन आएको रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत निवेदन मागदाबीबमोजिम आदेश जारी गरिरहन नपर्ने।

तसर्थ, निवेदन मागबमोजिम आदेश जारी गर्न

परेन। रिट निवेदकको प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृतः इन्दिरा कार्की गेलाल
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७८ साल असोज १७ गते रोज १ शुभम्।

## इजलास नं. १०

७०

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६७-CR-११७५, ठगी, रामबहादुर कार्की वि. नेपाल सरकार, नेपाल सरकार वि. सरस्वती गौतम*

महेश साहसमेत ७ जनाको किटानी जाहेरी परेकोमा उक्त जाहेरीको परीक्षण एवं मूल्याङ्कनको लागि प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरवाला स्वयं अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई आफूहरूले रकम दाखिला गरेको र भुक्तानी नभएको प्रमाणसहित बकपत्र गरी त्यसको परीक्षण एवं मूल्याङ्कन हुन नसकेको उक्त जाहेरीको बेहोराले कसुर पुष्टि गर्ने प्रामाणिक महत्त्व ग्रहण गर्न नसक्ने हुँदा सुरू सर्लाही जिल्ला अदालतको मिति २०६४।३।१० को फैसलाले अभियोग दाबीबाट सफाइ पाएका प्रतिवादीहरू रिता देवकोटा (राउत) र वद्री विक्रम खड्का तथा कसुर ठहर भएका प्रतिवादीहरू सुरजप्रसाद शर्मा, प्रेमप्रकाश पाठक, केशरीप्रसाद साह, चित्रबहादुर खडका, रविन कुमार बुढाथोकी, संगीता पाठक, भगवानप्रसाद मैनाली, उद्धवराज पाठक, प्रेमहरी अमात्य, सियाराम प्रसाद कुशवाहा, योगनारायण धामी, यामबहादुर सिलवाल र राम बहादुर कार्कीमध्ये प्रतिवादीहरू राम बहादुर कार्की, माधवकुमार सरकार र सरस्वती गौतमको पुनरावेदन परी कसुर ठहर भएका प्रतिवादी राम बहादुर कार्कीको हकमा सुरू अदालतको फैसला सदर ठहर गरेको र प्रतिवादी माधवकुमार सरकार र सरस्वती गौतमको हकमा सुरू फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट मिति २०६७।५।२८ मा भएको फैसला र सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६४।३।१० मा भएको फैसला कानूनबमोजिम मिलेको नदेखिँदा बदर गरिदिएको।

अत: अब मुद्दामा उपस्थित सबै प्रतिवादीहरूलाई तारेखमा राखी अनुपस्थित प्रतिवादीहरूलाई पुन: म्याद जारी गरी झिकाई तारेखमा राखी जाहेवालाहरूलाई म्याद जारी गरी झिकाई, बुझी बकपत्र गराई २०५७ साल देखि २०५९ सालसम्म उक्त सहकारी संस्थामा जम्मा भएको रकम क-कसको कार्यकालमा क-कसले के कति रकम झिकेर हानि नोक्सानी भएको छ ? त्यस सम्बन्धमा एकिन गर्ने माइन्युटलगायतका अन्य जे जो प्रमाणहरू बुझ्नुपर्ने हो ? बुझी ६ महिनाभित्रमा पुन: निर्णय गर्नु भनी प्रस्तुत मुद्दा सुरू सर्लाही जिल्ला अदालतमा पठाइदिने ठहर्ने।
इजलास अधिकृत: माधव भण्डारी र हेमराज तिमिल्सैना
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७८ साल असोज ६ गते रोज ४ शुभम्

**७१**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CR-१५९६, मोटरसाइकल चोरी, नेपाल सरकार वि. नकस पुन*

मिसिल संलग्न जाहेरी दरखास्त, बरामदी मुचुल्का, प्रतिवादीहरूको मौकाको बयान, बुझिएका मानिसहरूले लेखाएको कागज बेहोरासमेतबाट यी प्रतिवादी नकस पुनले मोटरसाइकल चोरी गरेको

होइनन् भन्न सकिने अवस्था मिसिलबाट देखिएन । प्रतिवादी नकस पुनले आफू मोटरसाइकल चोरी गर्न गएको होइन भनी लिएको जिकिर शंकारहित तवरले पुष्टि गर्न सकेको नदेखिँदा निजको अदालतसमक्षको इन्कारी बयानको प्रामाणिक महत्त्व हुने देखिएन । अदालतमा कसुरमा इन्कार रही बयान गर्दैमा मिसिल संलग्न अन्य प्रमाणले सो इन्कारी बयानलाई पुष्टि नगरेसम्म केवल अदालतमा गरेको इन्कारी बयानकै आधारमा कसुरबाट उन्मुक्ति पाउन सक्ने अवस्था रहँदैन । अदालतमा गरेको इन्कारी बयान बेहोरालाई अन्य स्वतन्त्र वस्तुनिष्ठ प्रमाणले पुष्टि गर्नुपर्ने हुन्छ । यी प्रतिवादीहरूले मौकामा बयान गर्दा तीनै जनको सल्लाहमा मोटरसाइकल चोरी गरेका हौं भनी उल्लेख गरेका छन् भने यी प्रतिवादी नकस पुनले उक्त मोटरसाइकल चोरीमा निजको समेत सल्लाह र सहयोग रहेको भनी मौकामा कसुर गरेकोमा साबित रही गरेको बयान बेहोरा अन्यथा हो भनी अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नआएसमेतबाट यी प्रतिवादीको उक्त वारदातको मतियार नभई मूल प्रतिवादी नै भएको देखिएको ।

तसर्थ, यी प्रतिवादी नकस पुनलाई प्रस्तुत मुद्दाको मतियार कायम गरी चोरीको २० नं. बमोजिम १ महिना कैद र रू. ७३,६६६।६६ जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७२।६।१३ को फैसला कानून सम्मत मिलेको नदेखिँदा सो फैसला केही उल्टी भई यी प्रतिवादी नकस पुनलाई मुलुकी ऐन चोरीको महलको १ नं. को कसुरमा सोही महलको १२ नं. बमोजिम १ (एक) महिना कैद हुने । जरिवानाको हकमा सोही नं. अनुसार बिगोबमोजिम रू. २,२१,०००।- जरिवाना हुनेमा केही नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (ख)मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नु पर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भन्ने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । त्यस्तै फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाको बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्दछ" भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा उल्लिखित कानूनी व्यवस्थाका आधारमा कानूनबमोजिम पाउने सुविधा यी प्रतिवादी नकस पुनलेसमेत पाउने नै देखिन्छ । हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४२ (२) मा चोरी गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र रू. ३०,०००।- (तिस हजार) जरिवाना हुने व्यवस्था रहेको पाइन्छ । सो उपदफाअनुसार अधिकत्तम तिस हजार मात्र जरिवान हुन सक्ने देखिँदा यी प्रत्यर्थी प्रतिवादी नकस पुनलाई पनि बिगोबमोजिम नभइ रू. ३०,०००।- (तिस हजार) जरिवाना हुने ।

इजलास अधिकृत (उपसचिव): हेमराज तिमिल्सैना
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७८ साल पौष २० गते रोज ३ शुभम् ।

७२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CR-२०३७, ०७५-CR-११२९, रहजनी चोरी, सिकिन्दर यादव वि. नेपाल सरकार, सुदिलाल यादव वि. नेपाल सरकार*

अनुसन्धानमा गरेको बयान अन्यथा भन्ने पुष्टि हुन नसकेको अवस्थामा केवल अदालतमा अपुष्ट

रूपमा कसुर गरेकोमा इन्कारी बयान गर्नु मात्र कसुरबाट उन्मुक्ति पाउने आधार बन्न सक्दैन। अन्यथा प्रमाणित नभएको अवस्थामा अनुसन्धानको क्रममा भएको बयान र कानूनबमोजिम गरिएको मुचुल्कालाई प्रमाणमा लिन मिल्ने नै हुन्छ । अनुसन्धानको क्रममा भएको बयान निरपेक्ष रूपले जुनसुकै अवस्थामा प्रमाणमा ग्राह्य नहुने भनी अर्थ गर्न मिल्दैन । मिसिल प्रमाणबाट प्रस्ट देखिरहेको अवस्थामा केवल अदालतमा भएको इन्कारी बयानलाई मात्र निर्दोषिता प्रमाणित गर्ने आधार मान्न सकिँदैन । पुनरावेदक प्रतिवादीहरू अदालतमा कसुरमा इन्कार रही बयान गरे तापनि निजहरूको रोहबरमा भएको बरामदी मुचुल्का, अनुसन्धानमा गरेको बयानलाई प्रमाणमा लिनु नपर्ने कुनै आधार र कारण पुष्टि गर्नसकेको अवस्था छैन । प्रतिवादीको अनुसन्धानको क्रममा भएको बयानलाई स्वेच्छा विरूद्धको हो भनेकै आधारमा विना आधार प्रमाण अदालतले त्यस्तो भनाइलाई मात्र आधार मानी अधिकार प्राप्त अधिकारीले गराएको बयानलाई प्रमाणको रूपमा मान्न इन्कार गर्ने हो भने अनुसन्धानको क्रममा प्रतिवादीहरूको बयान गराउने कानूनी व्यस्थाको औचित्य नै नरहने अवस्था आउने ।

तसर्थ, यी प्रतिवादीहरूलाई आरोपित कसुर ठहर गरी मुलुकी ऐन, चोरीको १४(३) नं. बमोजिम २ महिना कैद र रू.२,७४,०००।- जरिवाना हुने र जरिवानाबापत समेत ४ वर्ष कैद हुने ठहऱ्याई सुरू अदालतबाट मिति २०६८।३।५ मा भएको फैसलाको ठहर खण्डमा जनही कैद हुने उल्लेख नभएकोले उक्त फैसला केही उल्टी गरी यी प्रतिवादीहरूलाई जनही कैद र जरिवानासमेत गरी सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।८।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

कैदको हकमा तत्काल कम कैद सजायको व्यवस्था भएबाट साबिक ऐनबमोजिम नै कैद हुने भए तापनि जरिवानाका हकमा हाल अधिकतम एक लाखसम्म मात्र जरिवाना हुने भई हालको जरिवाना रकम कम हुँदा परिवर्तित व्यवस्थाबमोजिम रू.१,००,०००।- मात्र जरिवाना हुने र जनही जरिवाना हुने व्यवस्थासमेत भएको नदेखिँदा यी प्रतिवादीहरूलाई जनही रू.५०,०००।- (पचास हजार) जरिवाना हुने ठहर्छ । साबिक मुलुकी ऐन, चोरीको महलको १४(३) नं. बमोजिम रहजनी चोरी गर्नेलाई जरिवाना बापतसमेत कैद गर्नुपर्ने वाध्यात्मक कानूनी व्यवस्था भएकोमा हालको मुलुकी अपराध संहित,२०७४ को चोरी तथा डाँकासम्बन्धी कसुरअन्तर्गत दफा २४४ ले रहजनी चोरीको कसुरमा जरिवानाबापत कैद गर्नुपर्ने कानूनी व्यवस्था गरेको नदेखिँदा जरिवानाबापत निज प्रतिवादीहरूलाई कैदको सजाय गरिरहनु नपर्ने ।

इजलास अधिकृत (उपसचिव): माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल पौष २१ गते रोज ४ शुभम् ।

७३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-१०८९, ०७५-CR-१४३६, अपहरण तथा शरीर बन्धक, डाँका, राजु थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. राजु थापा*

प्रतिवादी राजु थापाबाट पीडितलाई साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १२ नं. बमोजिम क्षतिपूर्ति भराई फिरौती रकमको बिगोबमोजिम जरिवाना गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको सन्दर्भमा हेर्दा, साबिक मुलुकी ऐनको अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १२ नं. मा भएको पीडितलाई दिनको रू.५००।– का दरले

क्षतिपूर्ति भराइदिने र फिरौती रकमको बिगोबमोजिम जरिवानासमेत गर्नुपर्छ भन्ने कानूनी व्यवस्थालाई हालको मुलुकी अपराध संहिता, २०७४ को दफा २१७ ले परिमार्जन र सङ्कुचन गरेको देखिन्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा २१७ मा यस परिच्छेदअन्तर्गतको कसुर गरे वा गराएको ठहरेमा कसुर गरे वा गराउने व्यक्तिबाट पीडित व्यक्तिलाई मनासिब क्षतिपूर्ति भराइदिनुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रतिवादीको घरबाट फिरौतीबापतको रकमसमेत बरामद भएको नदेखिएको तथा निजको अदालतसमक्ष कसुरमा इन्कार रही गरेको बयान बेहोरा र उल्लिखित मुलुकी अपराध संहिता, २०७४ को दफा २१७ मा भएको कानूनी व्यवस्थासमेतलाई मध्येनजर गर्दा प्रतिवादीबाट पीडितलाई कसुर भएको दिनदेखि दिनको रू.५००।– का दरले क्षतिपूर्ति भराइदिन न्यायोचित देखिएन । क्षतिपूर्ति भराई बिगोबमोजिम प्रतिवादीलाई जरिवाना गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने । प्रतिवादी राजु थापालाई बिगोबमोजिम जरिवाना गरी निजबाट पीडितलाई क्षतिपूर्ति भराइपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादी राजु थापाको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, यी प्रतिवादीसहितका अन्य प्रतिवादीहरूको संलग्नतामा मिति २०६५।४।१९ गते राति अं.३ बजेको समयमा मसमेतलाई पेस्तोल देखाई डर त्रासमा पारी हिरा तथा सुनका गरगहनाहरू र नगद रू.६०,०००।– डाँका गरी मेरो वर्ष १५ की छोरी मेधा देवकोटालाई अपहरण गरी लगी बन्धक बनाई फिरौतीबापत रू. १,३०,००,०००।– लिई मिति २०६५।४।२२ गते राति १२:३० बजे अपहरण मुक्त गरेकाले अपहरणकारीहरूलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरी फिरौतीबापत लिएको रकमसमेत फिर्ता दिलाइपाउँ भन्नेसमेत बेहोराको डा. उपेन्द्रप्रसाद देवकोटाको जाहेरी परी उठान भएको प्रस्तुत मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।०३।३१ फैसला हुँदा प्रतिवादी राजु थापालाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धकको महलको दफा ३ बमोजिम ७ वर्ष कैद ऐ. महलको दफा ७ बमोजिम २ वर्ष थप सजाय र ऐ. महलको ९ नं. बमोजिम २ वर्ष कैद थप सजाय हुने र जरिवाना रू. १,७५,०००।– हुने ठहरी फैसला भएकोमा र डाँकातर्फ दाबी पुग्न नसकेको भनी गरेको फैसलामा डाँकातर्फ समेत सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको उच्च अदालत पाटनमा पुनरावेदन परी, उच्च अदालत पाटनबाट मिति २०७५।०१।१० मा प्रतिवादी राजु थापाउपर डाँकातर्फको कसुर अभियोग दाबी नपुग्ने ठहरी आरोपित कसुरमा सफाइ पाउने ठहर भएको काठमाडौं जिल्ला अदालतको मिति २०७१।३।३१ को फैसला सो हदसम्म मिलेको नदेखिँदा सो फैसला केही उल्टी भई प्रतिवादी राजु थापालाई चोरीको महलको १ र ६ नं. बमोजिम कसुरमा ६ वर्ष कैद, बिगो रू. १६,३२,३६०।– को डेढी जरिवाना हुने ठहऱ्याएको फैसलामा चित्त नबुझाई प्रतिवादी राजु थापाको यस अदालतमा पुनरावेदन परेको प्रस्तुत मुद्दामा प्रतिवादी राजु थापाले अदालतमा बयान गर्दा जाहेरवाला डा. उपेन्द्रप्रसाद देवकोटाको छोरी मेधा देवकोटालाई अपहरण गरी बन्धक बनाई फिरौती रकम लिने र डाँका गर्ने कार्यमा समेत आफू संलग्न नरहेको, वारदात भनिएको दिन काठमाडौंमा नभई चितवन शक्तिखोरस्थित घरमा रहेको भनी आरोपित कसुरमा इन्कार रहेको देखिन्छ । मौकामा पक्राउ परेका सहप्रतिवादी हेमन्त गोरे वैतर्नी भन्ने हेमबहादुर थापा मगर र तिलक दिलकुमार भन्ने सिद्धार्थ लामाले यी

प्रतिवादी राजु थापा वारदातमा संलग्न रहेको र फिरौती रकम लिएको भनी पोल गरी बयान गरेको देखिन्छ । प्रतिवादी राजु थापासमेत भई उपेन्द्र देवकोटाको घरमा गई एक जना अपहरण गर्ने र फिरौती रकम माग्ने योजना बनाई जाहेरवालाको छोरी मेधा देवकोटालाई अपहरण गरी गरगहना डाँका गरेका हौँ राजु थापाले मेधा देवकोटालाई डा. उपेन्द्र देवकोटाको ग्यारेजमा रहेको गाडीमा राखी लगेका हुन । फिरौती रकममध्ये रू. २,००,०००।– निज राजु थापाले समेत लिएका हुन् भनी प्रतिवादी सिद्धार्थ लामाले मौकाको बयानमा पोल गरेको देखिन्छ । मन्डिखाटारबाट चढाई लगेको ७९८८ नं. को सेतो टाटा कोरोला कार र अपहरण गरी राखेको घर कोठा र अपहरण मुक्त गर्दा चढाई लगेको मोटर साइकलसमेत पीडित मेधा देवकोटाले देखी सनाखत गरी दिएको देखिन्छ । यी प्रतिवादीको घर डेराबाट नगद तथा गरगहना बरामद भएको देखिएको र सहप्रतिवादीको पोल बयानबाट यी प्रतिवादीको कसुरमा इन्कारी बयानलाई खण्डित गरेको देखिँदा अपहरण तथा शरीर बन्धक र डाँकातर्फको कसुरमा यी प्रतिवादी राजु थापाको संलग्नता रहेको थिएन भन्न सक्ने अवस्था मिसिलबाट देखिएन । यिनै प्रतिवादीसरहका अन्य प्रतिवादीलाई समेत अभियोग मागदाबीबमोजिम कैद र जरिवाना सजाय भई डाँकासमेतमा कार्यान्वयनमा रहेको अवस्था देखिँदा यी प्रतिवादीलाई समेत सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी भई डाँकातर्फसमेत कैद सजाय हुने र डाँकाको कैद र जरिवाना सुरू लगतमा जोडी कार्यान्वयन गर्ने ठहऱ्याएको हदसम्म उच्च अदालत पाटनको फैसला साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. मुलुकी अपराध संहिता, २०७४ को दफा ७, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५, ११ (३), ३६(३) र केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (ख) र (ग) समेतका कानूनी व्यवस्थाको विपरीत देखिँदा हालको मुलुकी अपराध संहितामा महिला तथा बालबालिका विरूद्ध कसुर भएमा सजाय हुने व्यवस्था नभएकोले सो हदसम्म साबिक मुलुकी ऐनको अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ९ नं. बमोजिम सजाय गर्ने गरेको उच्च अदालत पाटनको मिति २०७५।०१।१० को फैसला केही उल्टी भई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ (३) बमोजिम प्रतिवादी राजु थापालाई साबिक मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ७ वर्ष कैद ऐ. को दफा ७ नं. बमोजिम २ वर्ष थप कैद गरी जम्मा ९ (नौ) वर्ष मात्र हुने ठहर्छ, कानूनमा आएको परिवर्तनले हालको मुलुकी अपराध संहितामा महिला तथा बालबालिका विरूद्ध कसुर भएमा २ वर्ष कैद सजाय थप गर्ने व्यवस्था भएको नदेखिँदा निज प्रतिवादी राजु थापाले केही नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन र खारेज ऐन, २०७४ को दफा ३९ (२) (ख) तथा फौजदारी कसुर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम छुट पाउने देखिँदा जम्मा कैद ९ वर्ष हुने ठहर्छ र मुलुकी अपराध संहिता, २०७४ को दफा २१३ बमोजिम रू. १,००,०००।- जरिवाना हुने ठहर्छ । डाँका चोरीतर्फ विचार गर्दा यिनै प्रतिवादीसरहका अन्य प्रतिवादीहरूलाई समेत मुलुकी ऐन, चोरीको महलको १ र ६ नं. बमोजिम जनही ६ वर्ष कैद सजाय भएको देखिनुका साथै वर्तमान मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ (२) (क) र (ख) बमोजिमको कसुरमा ऐ. दफा २४४ को उपदफा ३(क) बमोजिम सजाय गर्दा कसुर गर्दाको अवस्थामा विद्यमान रहेको सजाय भन्दा सजाय निर्धारण गर्दा

बढी सजाय हुन जाने देखिँदा यी प्रतिवादी राजु थापालाई तत्कालीन चोरीको महलको १ र ६ नं. बमोजिम ६ वर्ष कैद सजाय हुने ठहर्छ । जरिवानातर्फ विचार गर्दा मुलुकी अपराध संहिता, २०७४ को चोरी तथा डाँकासम्बन्धी कसुरअन्तर्गत दफा २४४ को उपदफा ३ (क) बमोजिम कानूनमा आएको परिवर्तनले अधिकतम रू.१,४०,०००।– जरिवाना हुने ठहर्छ । कैद सजायको कार्यान्वयनतर्फ हेर्दा अपहरणतर्फको कैद सजायमा थप गरी डाँकातर्फको सजायसमेत जोडी कार्यान्वयन गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७५।१।१० मा भएको फैसला केही उल्टी भई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ (३) बमोजिम ठूलो सजाय मात्र कार्यान्वयन हुने हुँदा कैद वर्ष ९ कायम गरिदिएको छ । साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं. तथा हाल मौजुदा रहेको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ को उपदफा (३) समेतका कानूनी व्यवस्थाको आधारमा बढी कैदको सजाय कार्यान्वयन हुने हुँदा प्रतिवादी राजु थापालाई भएको उपल्लो हद ९ वर्ष कैद र जरिवाना रकमको कार्यान्वयनतर्फ विचार गर्दा केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज ऐन, २०७४ को दफा ३९ (२) (ग) मा भएको कानूनी व्यवस्थाबमोजिम अपहरण तथा शरीर बन्धकतर्फ र डाँकातर्फको समेत जोडी जरिवाना रू. २,४०,०००।– कार्यान्वयन हुने देखिने ।

तसर्थ, उच्च अदालत पाटनबाट यी प्रतिवादीको हकमा भएको मिति २०७५।१।१० को फैसला केही उल्टी भई यी प्रतिवादी राजु थापालाई अपहरण तथा शरीर बन्धकतर्फ ९ वर्ष कैद र रू. १,००,०००।– जरिवाना तथा डाँका चोरीतर्फ ६ वर्ष कैद र रू. १,४०,०००।– जरिवाना हुने ।

इजलास अधिकृत(उपसचिव): हेमराज तिमिल्सैना
कम्प्युटर : अमिररत्न महर्जन / प्रेमबहादुर थापा
इति संवत् २०७८ साल भाद्र ४ गते रोज ६ शुभम् ।

**७४**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डा. कुमार चुडाल,** *०७८-WH-००६४, बन्दीप्रत्यक्षीकरण, गोपालप्रसाद ढुंगेल वि. उच्च अदालत पाटनसमेत*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ को उपदफा ४ मा "समाहवान बुझाउन जाँदा सम्बन्धित व्यक्ति वा निजका एकाघरका व्यक्ति फेला नपरेमा वा फेला परेमा पनि निजले वा निजका एका घरका व्यक्तिले समेत बुझी नलिएमा स्थानीय तहको सम्बन्धित वडाको सदस्य एक जना र कम्तीमा दुई जना स्थानीय व्यक्तिसमेत राखी आफ्नो तथा निजहरूको समेत सहीछाप गराई एक प्रति निजको घर दैलोमा टाँसी एक प्रति म्याद सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बुझाई एक प्रति तामेली समाहवान अदालतमा दाखेला गर्नुपर्ने छ" भनी स्पष्ट कानूनी प्रावधान रहेको पाइन्छ । माथि उल्लेख भएबमोजिम म्याद तामेल गर्दा सम्बन्धित व्यक्ति (म्यादवाला) वा निजका एकाघरका व्यक्ति फेला नपरेमा वा फेला परेमा पनि निजले वा निजका एकाघरका व्यक्तिले समेत बुझी नलिएमा स्थानीय तहको सम्बन्धित वडाको सदस्यलाई तामेली म्यादको रोहबरमा राख्न अनिवार्य गरेको देखिन्छ । यी निवेदकको नाममा बैंकिङ कसुर मुद्दामा जारी भएको उक्त तामेली म्यादमा रोहबरमा वडा सचिव राखि तामेल भएको देखियो । तसर्थ, कानूनले निर्दिष्ट गरेको अनिवार्य रूपमा पालन गर्नुपर्ने कार्यविधि पालन नगरी वडा सदस्यको ठाउँमा वडा सचिवलाई राखी तामेल भएको मिति २०७७/७/२७

को उक्त तामेली म्याद रीतपूर्वकको देखिन आएन। उक्त बेरितको म्यादको आधारमा यी निवेदकलाई सुनुवाइको मौका प्रदान नगरी सजाय तोक्दा प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल हुने भई निवेदकउपर घोर अन्याय (extreme injustice) पर्न जाने अवस्था हुन्छ । तसर्थ, निवेदकलाई निज प्रतिवादी रहेको उक्त बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनबाट बैंकिङ कसुर तथा सजाय ऐन,२०६४ को दफा ३(ग) को कसुर ठहर गरी सोही ऐनको दफा १५(१) बमोजिम चेकमा उल्लिखित रू.२,५६,००,०००/- (दुई करोड छपन्न लाख) बिगो रकम प्रतिवादीबाट जाहेरवालालाई भराई बिगोबमोजिम जरिवाना र १५ (पन्ध्र) दिन कैद सजाय हुने गरी मिति २०७७/१२/२२ मा भएको फैसला उत्प्रेषणको आदेशले बदर हुने ।

रिट निवेदकले चेकमा उल्लिखित रकम रू.२,५६,००,०००।- किस्ताबन्दीमा भुक्तानी गर्ने क्रममा मिति २०७५।४।२७ मा सम्पूर्ण रकम भुक्तानी गरिसकेको र आफूले रकम प्राप्त गरिसकेको सम्बन्धमा लिखतसमेत गरिदिएको भनी जाहेरवाला जिमी शेर्पाले लिखित जवाफ पेस गरेको भए पनि सो लिखत सनाखत हुनुपर्ने अवस्था बाँकी रहेको देखियो । रिट निवेदक हाल कैदमा रहेकोले निजउपरको उक्त बैंकिङ कसुर मुद्दामा पुनः कारवाही चलाउँदा चेक बाउन्सका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७६/१२/२६ मा जारी निर्देशनसमेतलाई मध्यनजर राख्नुपर्ने अवस्था देखिन्छ। अतः अब निज निवेदक गोपालप्रसाद ढुंगेललाई अदालतमा उपस्थित गराइ अदालतको रोहबरमा म्याद बुझाइ थुनछेकको प्रक्रियादेखि नै निजलाई मुद्दामा संलग्न गराउनु भनी परमादेशको आदेशसमेत जारी हुने।

निवेदकले बन्दीप्रत्यक्षीकरणको आदेशसमेत माग गरेतर्फ हेर्दा, मातहत अदालतले साधारण अधिकार क्षेत्रअन्तर्गत मुद्दाको नियमित प्रक्रियाबाट हेरिने विषयका सन्दर्भमा यस अदालतबाट हस्तक्षेप गर्न नमिल्ने भएको र रिट निवेदक प्रतिवादी रहेको उक्त बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनबाट पुनः कारबाही चलाइ निजको हकमा फैसलाबमोजिम हुने नै हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन नपर्ने।

इजलास अधिकृतः मनोज बराल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७८ साल कार्तिक २९ गते रोज २ शुभम्।

## इजलास नं. ११

७५

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CR-०४३७, ७४-CR-०५८२, मानव बेचबिखन ओसारपसार, दुर्गाबहादुर वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. दुर्गाबहादुर वि.क.*

पीडित परिवर्तित नाम "कुश्मा क" ले दुर्गाबहादुर वि.क.ले आफूलाई भारतको दिल्लीस्थित आफू बस्दै आएको घरबेटी लोकेश गुप्तालाई रूपैयाँ पैसामा बिक्री गरेको भनी दिएको जाहेरी प्रतिवादी दुर्गाबहादुर वि.क.ले अदालतमा गरेको बयान, जाहेरवाला पीडित परिवर्तित नाम "कुश्मा क" ले अदालतमा गरेको बकपत्र, पीडित "कुश्मा क" का पिता "कुश्मा ख"ले गरेको बकपत्रसमेतका प्रमाणहरूबाट खण्डित भई यी पुनरावेदक/प्रतिवादी दुर्गाबहादुर वि.क.ले आफ्नी पत्नी "कुश्मा क" लाई बेच्ने उद्देश्यले भारतमा लग्ने कार्य गरेको हो भन्ने पुष्टि भएको नदेखिने।

तथापि पुनरावेदक/प्रतिवादी दुर्गाबहादुर वि.क. ले पीडित परिवर्तित नाम "कुश्मा क" लाई हिन्दू परम्पराअनुसार विवाह गरी भारत लगी आफ्नो डेरा

कोठामा राखेकोमा अर्का प्रतिवादी लोकेश गुप्ताद्वारा निज "कुश्मा क" को यौन शोषण भएको र सो कुरा प्रतिवादी दुर्गाबहादुरले "कुश्मा क"द्वारा जानकारी पाएर पनि पत्नीको रक्षार्थ कुनै पनि प्रयास नगरेको भन्ने तथ्य पीडित "कुश्मा क", "कुश्मा ख" को बकपत्र र प्रतिवादी दुर्गाबहादुर स्वयंको मौकाको बयानसमेतका वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि भइरहेको हुँदा पुनरावेदक/प्रतिवादी दुर्गाबहादुर वि.क.ले आफ्नी श्रीमती जाहेरवाला पीडित परिवर्तित नाम "कुश्मा क" लाई निजको इच्छा विपरीत परपुरूष लोकेश गुप्ताले यौन शोषण गर्नेगरी वेश्यावृत्तिमा लाग्न बाध्य पारेको देखिन आयो। यस्तो अवस्थामा पुनरावेदक/प्रतिवादी दुर्गाबहादुर वि.क.लाई मानव बेचबिखन तथा ओसापसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को (१) (ख) को कसुरमा ऐ. ऐनको दफा १५ को (१)(ख) बमोजिम दश वर्ष कैद र पचासहजार जरिवाना हुने साथै, प्रतिवादीबाट पीडितले रू. पच्चीस हजार क्षतिपूर्तिसमेत पाउने ठहर गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७४।३।२० मा भएको फैसला अन्यथा नदेखिने । उक्त फैसला बदर गरी यी पुनरावेदक/प्रतिवादीलाई सुरू अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा उक्त फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादी दुर्गाबहादुर वि.क.को पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: सुरू पर्वत जिल्ला अदालतबाट मिति २०७३।१०।०५ मा भएको फैसला केही उल्टी गरी यी पुनरावेदक/प्रतिवादी दुर्गाबहादुर वि.क.लाई मानव बेचबिखन तथा ओसापसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को (१)(ख) को कसुरमा ऐ.ऐनको दफा १५ को (१)(ख) बमोजिम दश वर्ष कैद र पचास हजार जरिवाना हुने साथै, प्रतिवादीबाट पीडितले पच्चीस हजार रूपैयाँ क्षतिपूर्तिसमेत भराइपाउने ठहर गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७४।३।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने। पुनरावेदक/वादी नेपाल सरकार तथा पुनरावेदक/प्रतिवादी दुर्गाबहादुर वि.क.को पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः शिवप्रसाद पराजुली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल असार २४ गते रोज ५ शुभम्।